CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजहाँस

बानेश्वर क्याम्पस

देवकोटा मार्ग, महादेवस्थान

Nepal.Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Industrial Development Corporation

The Only Industrial Development Bank of Nepal

Now

Offers A Full Range Of Banking Services

Including

Working Capital As Well As Long Term Development Financing Participation In Equity Investment, Technical Assistance And Management Consultancy Services

For

Establishment, Expansion, Modernization, Diversification And Improvement In Productivity of Feasible Projects in The Private Sector, So For Further Details

Please Do Not Miss To Contact

Nepal Industrial Development Corporation

Central Office : NIDC Building, Durbar Marga

Post Box No. 10, Kathmadu

Phone No. 2-28322

Regional Office :	Biratnagar :	22304, 20634
	Pokhara :	20083, 20518
	Nepalganj :	20203, 20037
	Dhangadi :	21208, 21608

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संरक्षक

केदार न्यौपाने

(क्याम्पस प्रमुख)

सल्लाहकारहरू	संम्पादकहरू
डा. वासुदेव त्रिपाठी	कुलप्रसाद पराजुली
दैवज्ञराज न्यौपाने	विष्णु सापकोटा
डा. इन्द्रविलास अधिकारी	दीपक पन्त
माधव न्यौपाने	डा. शिवराज लोहनी
डा. परासर कोइराला	हरिबोल आचार्य
गोविन्द आचार्य	

व्यवस्थापक	विद्यार्थी प्रतिनिधि
छायादत्त पाण्डे	गोपी रूपाखेती
रमेश कोइराला	गंगाप्रसाद पाहाडी
भूमिकुमार न्यौपाने	दीर्घराज सापकोटा

आवरण चित्र : उत्तम खरेल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्पादकीय

बानेश्वर क्याम्पसको स्थापना भएको एक वर्ष भयो । वर्षको समयलाई त्यति छोटो समय भन्न मिल्दैन तरपनि कुनै ठोस पुँजी, दान, अनुदान प्राप्त गर्न बाँकी नै रहेको अवस्थामा केवल शिक्षा प्रेमी सचेत नागरिकहरूको शुभेच्छा र सहयोगबाट जति काम भयो त्यो पनि स्तुत्य नै छ । यस प्रसङ्गमा निर्धारित कक्षाहरू सुचारुरूपले चली पाठ्य वस्तुको ज्ञान गराउनुका साथै विद्यार्थी–प्रतिभालाई प्रस्फुटित पार्ने अन्य केही साहित्यिक क्रियाकलापहरू पनि क्याम्पसमा हुँदै आएको कुरा स्मरणीय छ । त्यस्ता मौलिक कुराहरूलाई प्रोत्साहन र प्रेरणा दिने उद्देश्यले क्याम्पसको तर्फबाट यो सानो भावनाको गुच्छा प्रकाशित भएको हो ।

यसमा विद्यार्थीहरूको सृजनात्मक प्रतिभाको मूल भेटिने छ र शिक्षकहरूका केही त्यस्ता लेखा रचनाहरू पाइने छन्, जसमा शिद्यार्थीहरूलाई प्रोत्साहित गर्ने सृजनात्मक प्रतिभाका डोबहरू र सम्बन्धित पाठ्यक्रमसँग तथा यी अन्य समसामजिक विषयसित सम्बन्धित जानकारीका केही संकेतहरू मिल्ने छन् । यो क्याम्पसको मुखपत्र भएको हुनाले यसमा परेका सबै रचनाहरूमा साहित्यिक उच्चता र चिन्तनको स्तरीयताको अपेक्षा गर्न अवश्य सकिदैन । भर्खरै संस्थापित क्याम्पसको कोपिला प्रस्फुटनको रहर लाग्दो दृश्य र नयाँ प्रतिभाहरूको उत्साहजनक भावनाको अभिव्यक्ति भने अवश्य मिल्ने छ । अस्तु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुभ कामना

प्रजातन्त्रको पुनर्स्थापनाको निमित्त नेपाली जनताले गरेको ठूलो संघर्ष र बलिदानले आज हामीलाई यो सुनौलो विहानीमा स्वतन्त्रतापूर्वक हिड्ने अवसर प्राप्त भएको छ ।

प्रजातन्त्रको लक्ष्य देशमा राजनैतिक परिवर्तन ल्याउनु मात्र थिएन । राजनैतिक क्रान्तिको साथ साथै आर्थिक र सामाजिक क्रान्ति पनि आजको आवश्यकता हो ।

शिक्षाको जागरण विना सामाजिक क्रान्तिको लक्ष्य हासिल हुन सक्दैन र यही शैक्षिक जागरण ल्याउनेतर्फ बानेश्वर क्याम्पसको स्थापना पनि एक महत्वपूर्ण कदम हो । आज देशभरि नै यस्ता क्याम्पसहरूको स्थापना भै जागरणको चहल पहल शुरू भैसकेको छ ।

गत वर्ष महाकवि देवकोटा जयन्ती मनाउने क्रममा बडो उल्लासमय वातावरणका बीच बानेश्वरवासी युवाहरूको अथक प्रयासको फल बानेश्वर क्याम्पसको स्थापना भएको घटना हामीलाई अवगतै छ । अहिले यस क्याम्पसले वार्षिकोत्सव कार्यक्रम गर्न लागेको सुन्दा मलाई हर्ष लाग्नु स्वाभाविकै हो ।

गत वर्ष मात्रै स्थापना भएर पनि यस क्याम्पसले यति छोटो अवधिमा शैक्षिक कार्यक्रमहरूलाई सफलतासाथ संचालन गर्नुको अलावा विद्यार्थीहरूलाई बौद्धिक र साहित्यिक क्रियाकलापमा अग्रसर गराउन सक्नु बडो सराहनीय कुरा हो । यसरी विद्यार्थीहरूको समग्र विकासका लागि सत्प्रयत्न गर्ने क्रममा 'रजहाँस' लाई सफलता मिलोस् यही शुभ कामना व्यक्त गर्दछु ।

– कृष्ण प्रसाद भट्टराई
भू. पू. प्रधानमंत्री तथा
कार्यवाहक अध्यक्ष, नेपाली कांग्रेस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुभ कामना

क्याम्पस खुलेको एक वर्ष पुग्ना साथ बानेश्वर क्याम्पसले 'रजहाँस' नामक पत्रिकाको प्रकाशन गरेर विद्यार्थीको हौसला जगाउने र उनीहरूमा प्रेरणा उमार्ने काम गरेको देखता खुसी लाग्नु स्वाभाविक हो। क्याम्पसको नियमित पढाइले पाठयक्रमको उद्देश्य पूरा गर्ने बाटो देखाउँछ भने अरू सृजनात्मक क्रियाकलापले विद्यार्थीको औपचारिक ज्ञानलाई तिखार्न र त्यसलाई प्रायोगिक क्षेत्रमा लैजान तथा नयाँ नयाँ सीप र जाँगरहरू पैदा गर्न सघाउ पुऱ्याउँछ।

नेपालको वर्तमान शिक्षा क्षेत्रमा देखा परेको बढ्दो शैक्षिक भारलाई सहयोग पुऱ्याउन गठन गरिएका प्राइभेट क्याम्पसहरूले यस प्रकारको रचनात्मक कार्य गर्दै आएकोमा क्याम्पसको सर्वतोमुखी विकासका लागि हार्दिक शुभ कामना व्यक्त गर्दछु।

– केदारभक्त माथेमा
उपकुलपति,
त्रिभुवन विश्व विद्यालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुभ कामना सहितको अपील

'रजहांस' बानेश्वर क्याम्पसको मधुर मुस्कान हो । यो क्याम्पसको मुखपत्रको रुपमा प्रकाशित भएको छ । शैक्षिक क्षेत्रमा जागरण ल्याउन र विद्यार्थीको चेतनामा अभिवृद्धि गराउनका लागि किताबी ज्ञान मात्र पूर्ण नहुने हुँदा हरेक वैज्ञानिक समाजले मौलिक सृजनाको लागि पनि प्रोत्साहन दिदै आएको शाश्वत मान्यतालाई अनुसरण गर्नु सह्रानीय कुरा हो । त्यसैले यस पत्रिकाको माध्यमबाट बानेश्वर क्याम्पसको गतिविधि, मौलिकताका साथै विद्यार्थीहरू स्वच्छ साहित्यिक अभिव्यक्तिको विकास यसले सधैं गरिरहोस् । र, यसको प्रकाशनमा नियमितता आओस् भन्ने हार्दिक शुभेच्छा व्यक्त गर्दै यस प्रसंगमा क्याम्पस बारे केही कुरा राख्ने अनुमति चाहन्छु ।

आदरणीय दाजु भाई तथा दिदी बहिनीहरू ! देशमा प्रजातन्त्रको स्थापनापछि अहिले हामी देशको भविष्यको निम्ति चिन्तन मनन गर्न लागिरहेका छौं । पुन: स्थापित प्रजातन्त्रलाई हुर्काउनु बढाउनु र प्रजातान्त्रिक प्रक्रियाबाट देशको सामाजिक, आर्थिक, शैक्षिक विकासतर्फ अग्रसर हुनु सबैको जिम्मेवारी रहेको छ ।

२०२४ साल देखि नै बानेश्वरमा क्याम्पस खोल्ने यस क्षेत्रका बासिन्दाहरूको सपना २०४७ साल कार्तिक १ गते लक्ष्मी जयन्तीको दिन बिउँझियो । यस क्याम्पसको विधिवत उद्घाटन तत्कालीन प्रधानमंत्री श्री कृष्णप्रसाद भट्टराईज्यूबाट भएको कुरा सबैमा अवगत भएकै हो । आज यो क्याम्पस एक वर्ष पूरागरी तोते बोलिमा बोल्ने अवस्थामा पुगेको छ । हाल आएर क्याम्पस दोश्रो समूहका विद्यार्थीलाई लिन समर्थ भएको छ । यस क्याम्पसका सामु धेरै समस्याहरू छन् जस्तै भवनको अभाव स्थायी आर्थिक स्रोतको कमी आदि । यी समस्याहरूको समाधान कसरी गर्ने र यसको सुदृढीकरणमा कसरी लाग्ने भन्ने कुराले हामीसँग उत्तर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मागिरहेछ यस्को जवाफ तपाई हामी सवैं मिलेर दिनु छ । अन्त्यमा क्याम्पसको बार्षिकोत्सव सफल होस् र यसले सवैं शिक्षा प्रेमीहरूमा मन बचन र कर्मले जुटने प्रेरणा दिलाओस् भन्दैं क्याम्पसबाट प्रकाशित मूखपत्रको उद्देश्य साकार बनोस् यही मेरो हार्दिक कामना छ ।

हरिबोल भट्टराई
अध्यक्ष
बानेश्वर क्याम्पस संचालक समिति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बानेश्वर क्याम्पस
संगठनको ढाँचा



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बानेश्वर क्याम्पसको सञ्चालक समिति

१.	श्री हरिबोल भट्टराई	–	अध्यक्ष
२.	डा. सुरेशराज शर्मा	–	उपाध्यक्ष
३	डा. मधुसूदन लोहनी	–	सदस्य
४.	डा. राममान श्रेष्ठ	–	सदस्य
५.	डा. गजेन्द्रमणि प्रधान	–	सदस्य
६.	श्री दिनेशराज भट्टराई	–	सदस्य
७.	श्री दैवज्ञराज न्यौपाने	–	सदस्य
८.	श्री केदार न्यौपाने	–	सदस्य
९.	श्री तीर्थराज उपाध्याय	–	सदस्य
१०.	श्री छायादत्त पाण्डे	–	सदस्य
११.	श्री रमेश कोइराला	–	सदस्य
१२.	श्री श्रीराम थापा	–	सदस्य
१३.	डा सीताराम अधिकारी	–	सदस्य
१४.	त्रि. वि. प्रतिनिधि	–	सदस्य
१५.	श्री गोपाल वाँस्कोटा	–	सदस्य सचिव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्याम्पसको
प्रशासनिक संगठन

१. क्याम्पस प्रमुख	–	श्री केदार न्यौपाने
२ स क्या. प्रमुख	–	श्री छायादत्त पाण्डे
३. प्रशासन सहयोगी (वरिष्ठ सहायक)	–	श्री अशोक भुजेल
४. लेखा सहयोगी (लेखापाल)	–	श्री हरि भण्डारी
५ पियन	–	श्री कृष्ण न्यौपाने
६ पियन	–	श्री मिश्री महर्जन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषयगत प्राध्यापकहरूको नामावली

१. नेपाली : (१) डा. वासुदेव त्रिपाठी, (२) श्री दैवज्ञराज न्यौपाने, (३) श्री टङ्कमणि नेपाल, (४) श्री केदार न्यौपाने (५) श्री गोविन्द नेपाल, (६) श्री कुलप्रसाद पराजुली, ।

२. अंग्रेजी : (१) डा. शिशीर स्थापित (२) श्री इन्द्रविलास अधिकारी, (३) श्री मंगल झा, (४) श्री सीताराम अधिकारी, (५) श्री दीपक पन्त, (६) हरिवोल आचार्य, (७) श्री राम आशीष गिरी ।

३. अर्थशास्त्र : (१) डा. शिव लोहनी, (२) डा. मधुसूदन लोहनी, (३) श्री रमेश कोइराला, (४) श्री श्रीराम थापा, (५) श्रीमेघवहादुर नेपाली, (७) श्री छायादत्त पाण्डे ।

४. लेखा (एकाउण्ट): (१) श्री माधव न्यौपाने, (२) श्री प्रकाश पोखरेल ।

५. व्यवस्थापन : (१) डा. श्रीपराशर कोइराला, (२) श्री गोविन्दप्रसाद आचार्य, (३) श्री देवबहादुर श्रेष्ठ ।

६. इतिहास : (१) श्री पुरुषोत्तम बाँस्कोटा, (२) श्री निरञ्जन शर्मा, (३) श्री विष्णु सापकोटा, (४) श्री भूषण श्रेष्ठ ।

७. राजनीति शास्त्र : श्री रामकुमार दाहाल, (२) श्री केदार काफ्ले, (३) श्री भूमि न्यौपाने ।

८: संस्कृति : (१) श्रीमती संज्ञना खरेल, (२) श्री विष्णु उपाध्याय, (३) श्री कृष्ण आचार्य ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय-सूची

क्रमसंख्या	शीर्षक	नाम	पृष्ठ
१.	वयाम्पस परिचय		१–११
२.	नागर सुन्दरीं सँगको अन्तर्रोदन	वासुदेव त्रिपाठी	१२–१५
३.	"बिद्या" बिषय एक महिमा अनेक	कुलप्रसाद पराजुली	१६–१९
४.	जयघोष	दैवज्ञराज न्यौपाने	२०–२१
५.	नेपालमा संसदीय परम्पराको इतिहास एक संक्षित परिचय	रामकुमार दाहाल	२२–२९
६.	प्रजातन्त्र	गङ्गाप्रसाद पाहाडी	३०–३२
७	प्रतिशोध	भीम गुरूङ	३३–३४
८.	अदृश्य आवाजहरू	राजीव श्रेष्ठ	३५–३७
९.	राजनीति शास्त्रको परिचय	केदारप्रसाद काफ्ले	३८–४२
१०.	भोक	श्रीकृष्ण तण्डुकार	४३
११.	दुई मुक्तक	कृष्णकुमार तण्डुकार	४४
१२.	नेपालको इतिहासका स्रोतहरू	विष्णु सापकोटा	४५ ४९
१३.	माया	विनोद उप्रेती	५०
१४.	गरीबीको रेखा	डा. शिवराज लोहनी	५१–५८
१५.	पोखरा र त्यसका अभिव्यक्तिहरू	संजय घिमिरे	५९-६०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१५. साहित्यमा शब्दशक्तिः छोटो परिचय	टङ्कमणि नेपाल	६१–६३
१७. गजल	कृष्णकुमार तण्डुकार	६४
१८. जीवन	कुन्ती गुरूङ	६५
१९. उज्यालाको यात्रा	गोपीप्रसाद रूपाखेती	६६–६७
२०. दुई मुक्तक	जितेन सुब्बा लिम्बु	६८
२१. बैंक र यसको शुरूआत	छायादत्त पाण्डे	६९–७१
२२. सम्झना	उपेन्द्रप्रसाद पौड्याल	७२
२३. भावनाको कंदी	दीर्घराज सापकोटा	७३–७९
२४. बसाईं उपन्यास : छोटो विश्लेषण	केदार न्यौपाने	८०–८३
२५. मेरी बिधवा बहिनी	अर्जुन घिमिरे	१०७ १०९
२६. शैक्षिक गतिविधि		११०–११५

- Economic Strategy in Nepal, Some thoughts – Dr. Parashar Koirala 84
- Faded Dream – Shree Ram Thapa 91
- Today's Burning Issue, Global warming – Ramesh Koirala 94
- Education And Its Values In Our Society – Haribol Acharya 99
- Facing English Paper – Deepak Pant 101
- Coincidence – Liza Rai 105

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्याम्पस परिचय

पृष्ठभूमि

बानेश्वर क्याम्पसको स्थापना मिति २०४७।५।२२ को त्रि. वि. को स्वीकृति अनुसार २०४७।७।१ महाकवि लक्ष्मीप्रसाद देवकोटाको ८२ औं जन्म जयन्तीको दिन भएको हो। ०४७।८।२ देखि मानविकी र व्यवस्थापन तर्फ प्रमाणपत्र तहको अध्ययन अध्यापन प्रारम्भ भएको यस क्याम्पस स्थापनाको ऐतिहासिक पृष्ठभूमि करीब २½ दशक लामो छ।

प्रथम चरण

श्री ५ रत्नराज्य लक्ष्मी देवी विद्याश्रम सञ्चालक समिति बानेश्वरको आयोजनामा २०२४ भाद्र ३१ गते भू. पू. प्र. म. श्री टङ्कप्रसाद आचार्यको सभापतित्वमा बसेको शैक्षिक सम्मेलनले बानेश्वर तथा बत्तीस पुतली र यसका आसपासका अन्य गाउँहरू समेतका विद्यार्थीहरूलाई पायक पर्ने हुनाले श्री ५ को सरकारले सहयोग र स्वीकृति दिएमा बानेश्वर महादेव स्थानमा एक इण्टर मिडियट कलेज चलन चलाउन सकिने देखिएकोले कलेज स्थापना कार्य र विद्याश्रममा तत्काल चालु शैक्षिक संस्थाहरूको विकास गराउन समेत सञ्चालक समितिलाई आवश्यक सल्लाह र सहयोग दिन भू. पू. प्र. म. श्री टङ्कप्रसाद आचार्यको अध्यक्षतामा एक १७ सदस्यीय सल्लाहकार समिति गठन भएर बानेश्वरमा एउटा क्याम्पस (कलेज) को आवश्यकता तथा अवधारणा प्रकट गरेको पृष्ठभूमि देखापर्छ।

२०२४।६।१४।७ मा बसेको उक्त सल्लाहकार समितिको बैठकले क्याम्पस स्थापना गर्ने तयारीको क्रममा तत्कालीन शिक्षामन्त्री कहाँ एउटा ५ सदस्यीय प्रतिनिधि मण्डल श्री टङ्कप्रसाद आचार्यको अध्यक्षतामा जाने निर्णय गरेको कार्य पनि सो संदर्भसँग गाँसिएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दोस्रो चरण

प्रथम प्रयासको करीब १½ दशकपछि क्याम्पस स्थापनाको दोस्रो जमर्को २०३७।६।१६।५ मा बसेको सञ्चालक समितिको बैठकले गरेको पाइन्छ । श्रीमती विद्या भट्टचनको अध्यक्षतामा बसेको उक्त बैठकले सो क्याम्पस बानेश्वर महादेव स्थानमा खोल्न कारवाई चलाउने उद्देश्यले ७ सदस्यीय आयोजक समिति गठन गरेको र सो समितिका सदस्यमध्येबाट २०३७।६।१८।७ को बैठकले श्री नारायण विक्रम शाहलाई अध्यक्ष मनोनित गर्नुका साथै क्याम्पसको आवश्यकता महसूस गरी क्याम्पसको विषय चुन्न स्थानीय विद्वान्हरूको बैठक २०३७।६।२५।७ का दिन दिउँसो ३ बजे आमन्त्रण गर्न सहमत भएको, क्याम्पस सञ्चालन गर्न स्वीकृतिको लागि अनुरोध गर्ने सहमतिमा पुगेको तत्कालको लागि सो क्याम्पस रत्न राज्य लक्ष्मी मा. वि. को भवनमा सञ्चालन गर्ने र फर्निचर आदिको सहयोग गर्न विद्यालयलाई लिखित स्वीकृति दिन अनुरोध गर्ने कुरामा पनि निर्णय भएको पाइन्छ ।

तेस्रो चरण

२०३७।६ २५।७ गते दिउँसो ३ बजे उक्त आयोजक समिति र स्थानीय वासिन्दाको सभा श्री टङ्कप्रसाद आचार्यको सभापतित्वमा बसी क्याम्पस अति आवश्यक भएकोले तत्काल मानविकी तथा सामाजिक शास्त्रको क्याम्पस स्थापना गर्ने र आवश्यक परे विज्ञानतर्फको कार्यक्रम समावेश गर्न प्रयास गर्ने, पहिलेको आयोजक समितिको कामप्रति धन्यवाद ज्ञापन गरी सो समितिलाई विघटन गरेर श्री टङ्कप्रसाद आचार्यको अध्यक्षतामा २३ सदस्यीय नयाँ आयोजक समिति गठन गरी क्याम्पस स्थापना गर्ने कार्यको जिम्मेवारी सोही समितिलाई दिइएका निर्णयहरू भएको देखिन्छ ।

२०३७।७।३०।७ का दिन आयोजक समितिको प्रथम बैठक बसेको र सो समितिको बैठकले श्री यज्ञविक्रम राणाको अध्यक्षतामा ११ सदस्यीय शैक्षिक व्यवस्थापन उपसमिति र मूल समितिकै अध्यक्ष श्री टङ्क-प्रसाद आचार्यको अध्यक्षतामा ९ सदस्य भएको चन्दा सङ्कलन उपसमिति गठन गरी क्याम्पस स्थापनाको प्रारम्भिक कार्य तुरुन्त शुरु गर्ने, विद्यालयसँग क्याम्पस सञ्चालन गर्ने कार्यमा सहयोग गन विद्यालय भवन श्री फर्निचर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आदिको सहयोग र अर्को व्यवस्था नभएसम्म लिखित स्वीकृतिको माग गर्ने, तत्काल स्थानीय मा. वि. सँग संलग्न गरी क्याम्पस सञ्चालन गर्ने गरी मा. वि. सहयोग समितिलाई अनुरोध गर्ने जस्ता निर्णयहरू भएका पाइन्छन् ।

यसपछि २०३७ मार्ग १४ गते उक्त समितिको दोस्रो बैठक बसेको र सो बैठकमा शैक्षिक व्यवस्थापन उपसमितिबाट शिक्षकहरूको प्रतिज्ञापत्र सङ्कलन भई प्रस्तुत हुन आएको र विद्यालय तर्फबाट पनि क्याम्पस भवन र फर्निचरको व्यवस्था नभएसम्म विहानी समूहमा क्याम्पस सञ्चालन गर्न लिखित स्वीकृति प्राप्त भएकोले क्याम्पस सञ्चालन गर्न स्वीकृतिको लागि बागमती अञ्चलाधीश समक्ष जाने निर्णय भएको देखिन्छ ।

२०३७ मार्ग २१।७ मा सो समितिको तेस्रो बैठक बसेकोमा २०३७।८।१५ गते बागमती अञ्चलाधीश समक्ष एक प्रतिनिधि मण्डल गई लिखित अनुरोध गरेको, अञ्चलाधीशबाट गृह मन्त्रालयलाई चन्दा उठाउने सिफारिस भएको र अञ्चलाधीशबाट सो क्याम्पसको सञ्चालक समितिको अध्यक्षता ग्रहण गर्ने मौखिक आश्वासन प्राप्त भएको जानकारी सभालाई प्रतिनिधि मण्डलले गराएकोले स्वयंसेवक शिक्षक ३ जनाको नाम समेत प्राप्त हुन आएको हुँदा अर्थ सङ्कलन समितिले तदारुकताका साथ काम गर्नुपर्ने कुरामा वचनवद्ध भएको देखिन्छ ।

२०३८।५।६।७ का दिन अपराह्न ४ बजे बसेको उक्त समितिको चौथो बैठकको निर्णय पुस्तिका अनुसार २०३७।६।२५ को बैठकले क्याम्पस सञ्चालन गर्न विद्यालयलाई अनुरोध गरेकोमा २०३७।८।९ को पत्रबाट विद्यालयले भवन र फर्निचर दिने लिखित स्वीकृति दिएको र ४२ जना प्राध्यपक तथा विद्वान्हरूबाट नि:शुल्क प्राध्यापन गर्ने लिखित स्वीकृति पनि प्राप्त भएकोले स्थानीय मा. वि. मा क्याम्पस खोल्न सकिने सम्भावना बारे पुनर्विचार गर्ने कुरा उल्लेख गरिएको र सोही २०३८ भाद्र ६ को बैठकले निजी क्षेत्रमा बानेश्वर क्याम्पस सञ्चालन गर्न श्री सुन्दरप्रसाद शाह (बागमती अञ्चलाधीश) को अध्यक्षतामा ११ सदस्यीय क्याम्पस सञ्चालक समितिको गठन गरी त्रि. वि.सँग स्वीकृति लिने लगायत सबै काम गर्न अधिकार दिएको, क्याम्पसको स्वीकृति नआउन्जेल वर्तमान आयोजक समितिले नै काम गर्दै गर्नुपर्ने व्यवस्था गरिएको, प्रस्तावित क्याम्पसमा मानविकी र सामाजिक शास्त्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्र सं. तर्फको प्रमाण-पत्र तहका नेपाली, अर्थशास्त्र, राजनीति शास्त्र र इतिहास जस्ता प्रमुख विषयहरू पठन-पाठन गराउने गरी पठन-पाठन र आन्तरिक व्यवस्था मिलाउन श्री कृष्णकान्त अधिकारी, श्री लोकेन्द्रबहादुर रायमाझी र श्री दैवज्ञराज न्यौपाने समेतको त्रिसदस्यीय समितिको गठन एवं क्याम्पस प्रमुख, स. क्या. प्र. र शिक्षक आदिको व्यवस्था स्वीकृत सञ्चालक समितिले गर्ने निर्णय समेत गरेको अभिलेख छ।

चौथो चरण

क्याम्पस खोल्ने सिलसिलामा २०४२।६।२६।३ का दिन राजसभाका तत्कालीन सदस्य सम्माननीय श्री दिलकुमारी श्रेष्ठको सभापतित्वमा एक बैठक बसी पुनः प्रयासको चाँजोपाँजो मिलाउने क्रममा भू. पू. प्र. मं. श्री टङ्क-प्रसाद आचार्यलाई अनुरोध गर्दा यो कार्य स्थगित भएकोले मेरो यस सम्बन्धमा कुनै सम्पर्क छैन। तपाईं श्री रमेश कोइरालाले क्याम्पस स्थापनाको कार्य चलाएमा कुनै आपत्ती छैन भनी २०४२।६।२८ का दिन श्री आचार्यले लिखित जवाफ पठाउनु भएकोले पुरानो कार्य समिति स्थगित गरी ०४२।६।२६ गते डा. सुरेशराज शर्माको अध्यक्षतामा १० सदस्यीय निर्देशक समिति र श्री देवीप्रसाद चापागाईंको अध्यक्षतामा ११ सदस्यीय कार्य समिति गठन गरी क्याम्पसको नाम वानेश्वर क्याम्पस राखी २०४३ देखि कक्षा सञ्चालन गर्ने निर्णय भएको पाइन्छ।

यसपछि २०४२।७।१७ गते उक्त निर्देशक र कार्यसमितिको बैठक बसी स्तरीय शिक्षा प्रदान गर्ने, नि.शुल्क पठाउने विद्वान् खोज्ने, प्राथमिक कार्यको लागि निर्देशक समिति र कार्य समितिका व्यक्तिहरूले रु. ५०१।- सहयोग दिने र सो रकमको खाता बैंकमा खोल्ने, ५०/६० जना युवकको स्वयं सेवक समूह गठन गरी जनसहभागिता जुटाउने र ११ जनाको आर्थिक सहयोग समूह गठन गर्ने आदि कुराको निर्णय गरी क्याम्पस सञ्चालन गरी अर्को थप कदम चालेको देखिन्छ तापनि यी सबै परिश्रमहरूले कार्यरूप लिन भने सकेको देखिन्न।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाचौं चरण

समय बडो बलवान् छ। प्रत्येक कुरा समय नआई परिपाक हुँदैन पनि। बानेश्वरवासी शिक्षाप्रेमी जनताहरूले क्याम्पसको चाहना गरेका धेरै दिन विते पछि २०४७।४।२३ गते मङ्गलवार बिहानीको समय आउँछ। फेरि पनि बानेश्वरवासीहरू रत्न राज्यलक्ष्मी मा. वि. कै भवनमा श्री हरिबोल भट्टराईको अध्यक्षतामा शैक्षिक चर्चा-परिचर्चाका लागि ठूलो जमघट हुन्छ। छलफल र विचार विनिमय पश्चात् क्याम्पस खोल्ने, फर्म तुरुन्त दर्ता गर्ने, क्याम्पसको प्रारुपको अध्ययन गरी अर्को बैठकमा पेश गर्ने, प्रमाणपत्र तहको मानविकी र व्यवस्थापन कक्षा चलाउने, सबै काममा स्कूलले सहयोग गर्ने जस्ता निर्णयका साथै २०४७।४।२७ गते शनिवारका दिन सोही उद्देश्यले वृहद्भेला बोलाउने निर्णय हुन्छ। यो भेला बोलाउने जिम्मा विद्यालयका अध्यक्ष एवं प्रधानाध्यापकज्यूहरू र श्री छायादत्त पाण्डे, श्री रमेश कोइराला, श्री सुरेन्द्र ढकाल तथा श्री राम थापा समेतलाई बैठकले दिएको हुँदा २०४७।४।२७ गते शनिवार विहान ८ बजे सोही विद्यालयमा वुद्धिजीवी तथा लब्ध प्रतिष्ठित शिक्षाप्रेमीहरूको वृहद्भेला पुन: बस्छ। यस बैठकको प्राप्त निर्णय अनुसार सर्वश्री हरिवोल भट्टराई, डा. राममान श्रेष्ठ, डा. सुरेशराज शर्मा, डा. पुरुषोत्तम सुवेदी, मनमोहन भट्टराई, दैवज्ञराज न्यौपाने, कृष्णप्रसाद उपाध्याय पराजुली, मधुसूदन लोहनी, केदार न्यौपाने, श्रीहरि अर्याल, श्रीराम थापा, गोपाल बाँस्कोटा र छायादत्त पाण्डे आदि ५३ जना व्यक्तिहरूको उपस्थितिमा निम्नअनुसारको एक टेक्निकल कमिटी समेत गठन गरी भेला समाप्त भएको पाइन्छ। समितिको गठन अनुसार–

डा. श्री सुरेशराज शर्मा	– मुख्य संयोजक
श्री गोपाल बाँस्कोटा	– सदस्य सचिव
डा. श्री मधुसूदन लोहनी	– सदस्य
श्री टीकाराम शर्मा	– सदस्य
श्री छायादत्त पाण्डे	– सहयोगी
श्री रमेश कोइराला	– सहयोगी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समय बित्तै जान्छ, मौका पनि आउँदै गर्छ। बानेश्वरवासीको क्रियाशीलता झन जुर्मुराउँछ। उक्त टेक्निकल समितिको सक्रियतामा २०४७।५।२३ मा अर्को जमघट हुन्छ र हरिबोल भट्टराईको अध्यक्षतामा निम्न व्यक्तिहरू भएको ११ सदस्यीय अस्थायी सञ्चालक समितिको गठन र तपसिल बमोजिमका प्रमुख निर्णयहरू भएको पाइन्छ :

१. अध्यक्ष– श्री हरिबोल भट्टराई
२. सदस्यसचिव– श्री गोपाल बाँस्कोटा
३. सहसचिव– श्री छायादत्त पाण्डे
४. सदस्य– श्री दिनेशराज भट्टराई
५. सदस्य– श्री राममान श्रेष्ठ
६. सदस्य– डा. श्री मधुसूदन लोहनी
७. सदस्य– श्री रमेश कोइराला
८. सदस्य– श्री तीर्थराज उपाध्याय
९. सदस्य– डा. श्री सीताराम अधिकारी
१०. सदस्य– श्री श्रीराम थापा
११. सदस्य– डा. श्री सुरेशराज शर्मा

यस बैठकले गरेका प्रमुख निर्णयहरूमा– स्कूलमा क्याम्पस सञ्चालन सम्बन्धी सम्पूर्ण प्रशासनिक काम गर्ने, क्याम्पसको छाप र लेटरप्याड तुरुन्त बनाउने शिक्षकहरूलाई डाकेर **Voluntering Commitment** गराउने, प्राविधिक समितिको प्रतिवेदन स्वीकृत गरी कार्यान्वयन गर्ने आदि पर्दछन्।

अबको सम्पूर्ण काम उक्त अस्थायी सञ्चालक समितिको सक्रिय सहभागितामा निरन्तर चल्दै जान्छ। फलस्वरूप २०४७।५।२२ गतेको त्रि. वि. को पत्रबाट क्याम्पस सञ्चालन गर्न स्वीकृति प्राप्त भएकोले २०४७।५।२८ को अस्थायी सञ्चालक समितिको बैठकले यो सञ्चालक समितिलाई आगामी भेलाबाट अनुमोदन गराउने, क्याम्पस सञ्चालन गराउन विज्ञापन निकाल्ने र ०४७।५।३० गते क्याम्पस सञ्चालन सम्बन्धमा भेला

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बोलाउने निर्णय लिएकोले २०४७।५।३० गते भएको भेलाले उक्त अस्थायी सञ्चालक समितिलाई अनुमोदन गरेर सम्पूर्ण काम सोही समितिलाई सुम्पिएको देखिन्छ।

यसरी भेलाबाट पनि आत्मबल र अधिकार प्राप्त गरेको सो सञ्चालक समिति अदम्य साहस र उत्साह वर्द्धक ढङ्गले शैक्षिक गतिविधिमा निरन्तर संलग्न रही अथक परिश्रम साथ शिक्षाप्रेमी जन समुदायमा घुलमिल गर्दै काम गर्न थाल्छ। शिक्षाप्रेमी जनसमुदायलाई बढीभन्दा बढी समेट्ने अभिप्रायले २०४७।६।२० को सञ्चालकहरूको भेलाले डा. श्री गजेन्द्रमणि प्रधान श्री दैवज्ञराज न्यौपाने र श्री केदार न्यौपानेलाई थप सञ्चालकहरूको सूचीमा समावेश गरी डा. श्री सुरेशराज शर्माको अध्यक्षतामा श्री हरिबोल भट्टराई, डा. श्री राममान श्रेष्ठ र डा. श्री मधुसूदन लोहनी समेतको ४ सदस्यीय आर्थिक स्रोत समिति र डा. श्री सुरेशराज शर्माकै अध्यक्षतामा डा. श्री मधुसूदन लोहनी, डा. श्री पुरुषोत्तम बाँस्कोटा, श्री केशवानन्द गिरी, श्री केदार न्यौपाने, श्री रमेश कोइराला, श्री छायादत्त पाण्डे, श्री श्रीराम थापा र श्री गोपाल बाँस्कोटा समेतको ९ सदस्यीय शैक्षिक समिति गठन गरी क्याम्पसको प्रारम्भिक कार्यका लागि सञ्चालक समितिका प्रत्येक सदस्यबाट जनही रु. ५०००।– सहयोग जुटाउने निर्णय भएको देखिन्छ।

२०४७।६।२१ गते डा. श्री सुरेशराज शर्माको अध्यक्षतामा बसेको बैठकले सिफारिस गरे अनुरूप २०४७।६।२७ गते अध्यक्ष श्री हरिबोल भट्टराईको अध्यक्षतामा बसेको सञ्चालक समितिको बैठकले वर्तमान क्याम्पस प्रमुख श्री केदार न्यौपानेलाई पहिलो क्याम्पस प्रमुख पदमा नियुक्ति गरेको, क्याम्पसको विधान बनाउने, क्याम्पसको नाममा बैंकमा खाता खोल्ने र २०४७ कार्तिकको पहिलो हप्ताभित्र क्याम्पस सञ्चालन आदि निर्णय समेत गरी क्याम्पसलाई स्थायित्व प्रदान गर्ने गतिविधिहरूलाई अगाडि बढाएको कुरा अझ बढी उत्साहप्रद देखिन्छ।

यस्तै-यस्तै उत्साहवर्द्धक शैक्षिक गतिविधिका बीच २०२४ साल देखि बानेश्वरवासीहरूले अनेक परिस्थिति र समयको गतिका साथ गरेका थोर-थोर योगदान र परिश्रम सफल हुने समय झन नजिक हुँदै २०४७ कार्तिक १ गते महाकवि लक्ष्मीप्रसाद देवकोटाको ८२ औं जन्म जयन्तीको पावन पर्वको दिन एकाएक आइपुग्छ। नेपाली मात्रको राष्ट्रिय महान चाड तिहारको पर्व

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लक्ष्मीपूजाको यसै दिनमा तमाम शिक्षाप्रेमी, समाजसेवी विशाल जनसमुदायको वृहद्‌भेला भएको सुखद तथा खुशीयालीका बीच नेपालमा प्रजातन्त्र प्राप्तिको पुनर्स्थापनाकालका तत्कालीन अन्तरिम सरकारका सम्माननीय प्रधानमन्त्री तथा नेपाली कांग्रेसका कार्यवाहक अध्यक्ष श्री कृष्णप्रसाद भट्टराईज्यू, ने. कां. का सर्वमान्य नेता श्री गणेशमान सिंह लगायत समाजसेवी, राजनीतिक कार्यकर्ता, प्राध्यापक, पत्रकार, वकील, डाक्टर आदि तमाम बुद्धिजीवीका बीच श्री ५ रत्न राज्यलक्ष्मी मा. वि. को प्राङ्गणमा यस बानेश्वर क्याम्पसको उद्‌घाटन समारोह सुसम्पन्न भई बानेश्वर नगरमा मानविकी र व्यवस्थापनतर्फ उच्च शिक्षाको एउटा उज्यालो राँको सल्कन्छ ।

यसरी लामो समयको प्रतिफल बानेश्वर क्याम्पसको संस्थापना पश्चातका दिनहरूमा अनेक शैक्षिक तथा प्रशासनिक गतिविधिहरू हुनु स्वाभाविक भएकोले अबका दिनहरूमा क्याम्पस आफू दिगो र पाको हुन निम्न गतिविधिहरूका माध्यमबाट सुनौला भविष्य निर्माणमा लम्केको पाइन्छ ।

क्याम्पसको उद्देश्य

यस बानेश्वर क्याम्पसले त्रिभुवन विश्वविद्यालयले राखेका शैक्षिक उद्देश्यहरू परिपूर्ति गर्ने लक्ष्य राखेको छ । उच्च शिक्षाको क्षेत्रमा स्तरीय तथा गुणात्मक शिक्षा दिई योग्य, परिश्रमशील तथा दक्ष जनशक्ति उत्पादन गरी राष्ट्र विकासका विभिन्न क्षेत्रमा नपठाएसम्म राष्ट्रिय विकास केवल कोरा कल्पना मात्र हुने भएकोले त्रि. वि. सँग सम्बद्ध प्राइवेट क्याम्पसको रूपमा मानविकी र व्यवस्थापन पक्षको भरपर्दो गुणात्मक शिक्षा दिई वर्तमान युवापीढीलाई राष्ट्र निर्माणमा जुटाउनु यस क्याम्पसको शुरुदेखिको लक्ष्य छ । तिनै उद्देश्य परिपूर्तिको लागि क्याम्पस सचेत र सजग भएकोले आफ्नो प्रारम्भिककालदेखि नै विद्यार्थीहरूलाई विविध प्राज्ञिक ज्ञान दिन व्यावहारिक तथा देशको वस्तुस्थितिसँग मेल खाने क्रियाकलपहरू सञ्चालन गरेर अगाडि बढ्ने हाम्रा हरेक कदम हुनेछन् ।

क्याम्पसका कार्यक्रमहरू

क्याम्पसले अपेक्षा गरेको उद्देश्य पूर्ति गर्न सर्वप्रथम पूर्वाधारहरू खडा गर्न जरुरी भएकोले स्थापनाकालको पूर्वार्धमा थोरै मात्र भए पनि यसले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

केही प्रारम्भिक कार्यहरू गरिसकेको छ। जसको क्रमिक तर संक्षिप्त विवरण यस प्रकार छ :–

१. क्याम्पसले पूरा गरेका गतिविधिहरू :–

उपाध्यक्ष तथा शिक्षक-कर्मचारीको नियुक्ति, सम्झौता र व्यवस्थापन कक्षाको स्वीकृति

क्याम्पस स्थापनापछिका कामहरूमध्ये २०४७।७।१० को क्याम्पस सञ्चालक समितिको बैठकले सञ्चालक समितिका सदस्य डा. श्री सुरेशराज शर्मालाई सञ्चालक समितिकै उपाध्यक्ष पदमा मनोनित गरी क्याम्पस सञ्चालन गर्न गराउन कार्यको लागि भवन र फर्निचर आदि उपलब्ध गराई सहयोग गर्ने सम्बन्धमा क्याम्पस र विद्यालय बीच एक लिखित सम्झौता गरी आगामी सभामा पेश गर्ने निर्णय लिएकोले ०४७ मार्ग ५ गतेको सञ्चालक समितिको बैठकले सो सम्झौतालाई अनुमोदन गर्नुका साथै आवश्यक शिक्षक/कर्मचारी नियुक्ति गर्न शैक्षिक समितिको प्रतिवेदन अनुसार गर्ने र व्यवस्थापन कक्षा खोल्न सम्भाव्यता अध्ययन गरी त्रि. वि. सँग अनुरोध गर्ने निर्णय गर्‍यो।

विधान मस्यौदा समिति

क्याम्पसलाई आवश्यक पर्ने कार्यहरूलाई नियम सम्बद्ध गर्न, शिक्षक/कर्मचारीको नियुक्ति, सेवा, सर्त आदि व्यवस्थित गर्न क्याम्पस विधान आवश्यक पर्ने भएकोले ०४७।९।१७।३ मा बसेको सञ्चालक समितिको बैठक-बाट डा. गजेन्द्रमणि प्रधानको अध्यक्षतामा क्या. प्र. श्री केदार न्यौपाने र श्री छायादत्त पाण्डे समेतको विधान मस्यौदा समितिको गठन गरी विधान तयार गरिसकिएको छ।

अर्थ सङ्कलन सम्बन्धी विविध कार्य

क्याम्पसलाई आत्मनिर्भर तुल्याउन आर्थिक पक्ष दरिलो हुनु आवश्यक भएकोले सञ्चालक समितिको २०४७।६।२० को निर्णय अनुसार समितिका प्रत्येक सदस्यहरूबाट क्याम्पसको प्रारम्भिक खर्च जुटाउन रु. ५००।– का दरले क्याम्पसले लिने गरी अर्थ जुटाउनुका साथै क्याम्पसको स्थायी पूँजी स्वरूप स्थानीय इञ्जिनियर श्री विष्णुप्रसाद श्रेष्ठद्वारा रु. ५०००।– प्राप्त गरेको र श्री प्रकाश थापाद्वारा निर्देशित नेपाली चलचित्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'कन्यादान' को प्रदर्शन तथा व्यवस्थापनको प्रबन्ध क्याम्पस परिवारद्वारा गरी ०४७।१२।२२ का दिन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानमा प्रदर्शन गरेर प्राप्त आम्दानी रु. १०५६००।– रकम मध्ये ४०% चलचित्र निर्मातालाई दिई सो समेत रु. ५५७४५।४० (रु. २२३०६।– विविध खर्च र रु. ३३,४३६।४० चलचित्र निर्मातालाई) खर्च कटाई रु. ५०,२५४।६० क्याम्पसको नाममा आम्दानी बाँधिएको र विभिन्न महानुभावहरूको संयोजकत्वमा बेला-बेलामा आर्थिक स्रोत समिति गठन गरीं अर्थ सङ्कलन गर्ने प्रयासहरू गर्दै गरिएका छन् । यस क्रममा क्याम्पसलाई आर्थिक आत्म निर्भरता दिन काठमाडौं नगर पालिकाबाट रु. ७५,०००।– को नगद तथा जिन्सी सहयोग प्रदान गर्ने वचनबद्धता जाहेर गरेर क्याम्पसलाई थप योगदान पुऱ्याको छ भने 'कन्यादान' चलचित्र प्रदर्शन गर्दा टिकट खरीद गरिदिने र प्रस्तुत क्याम्पस मुखपत्र निकाल्ने जस्ता कार्यक्रममा आफना विज्ञापनहरू दिएर समाजका विभिन्न संस्था तथा व्यक्तिहरूले सहयोग गर्ने जमर्को गर्नु भएको कुरा सुखप्रद छ ।

३. क्याम्पसका आगामी कार्यहरू

हाल सञ्चालित व्यवस्थापन र मानविकीतर्फका कक्षाहरू क्रमशः स्नातक तहसम्म सञ्चालन गर्दै लग्ने र अन्य विषय तथा फ्याकल्टीको माग भएमा त्यसतर्फ पनि थप कक्षाहरू सञ्चालन गर्ने कार्यक्रम राखिएको छ ।

कक्षामा दिइएको किताबी ज्ञान मात्र पर्याप्त नहुने र क्याम्पसले राखेको उद्देश्य पूर्ति गर्न, विद्यार्थीहरूमा व्यावहारिक ज्ञान तथा सीप अभिवृद्धि गर्न क्याम्पस पुस्तकालयको स्थापना, खेलकूद तथा अतिरिक्त क्रियाकलापका लागि उपयुक्त ठाउँ र मिल्दो वातावरण आदि आवश्यक हुन्छन् । यी सबै कार्यहरू क्याम्पसको आफ्नै जग्गा, भवन, फर्निचर आदि भौतिक सम्पत्ति नभै भनेजस्तो काम गर्न सम्भव नहुने देखिन्छ । अतः अबको हाम्रो प्रयास क्याम्पस-लाई ती भौतिक पूर्वाधारहरू तयार गर्ने हुनेछ । यस क्रममा क्याम्पसलाई भौतिक सामाग्रीहरू, जग्गा तथा चन्दा स्वरूप नगद समेत प्रदान गर्ने उदारमना सामाजिक तथा शिक्षाप्रेमी सहयोगी भावना भएका व्यक्तिहरूको खाँचो पर्छ भने त्यसलाई जुटाउने परिश्रमी तथा जागरुक व्यक्तिहरूको परिश्रम तथा लगनशीलता पनि त्यत्तिकै आवश्यक हुन्छ । त्यसको खोजी गर्नु हाम्रो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सामूहिक चासोको विषय छ । यस्ता महानुभावहरूलाई क्याम्पसले सदा स्वागत गर्ने अठोट लिएको छ । यसै सिलसिलामा क्याम्पस सञ्चालक समितिका सदस्य र क्याम्पसलाई योगदान दिन इच्छुक समाजसेवी व्यक्तिहरू भएको अर्थ सङ्कलन समिति र जग्गा खोजतलास गर्ने समिति गठन गरिएका छन् । यी समितिमा समाजसेवी श्री कृष्णप्रसाद उपाध्याय पराजुली, श्री श्यामप्रसाद अर्याल, श्री श्रीराम थापा लगायतका व्यक्तिहरू र स्वयं सञ्चालक समितिका सदस्यहरू, राजनीतिक कार्यकर्ताहरू र प्राध्यापक वर्ग समेत संलग्न रही ती कार्यहरू पूरा गर्ने काम भइरहेका छन् ।

भौतिक पूर्वाधार सहयोगी मात्र हुन्छ । त्यसले मात्र उद्देश्य पूर्ति हुँदैन । लक्षित उद्देश्य पूर्तिका निम्ति प्राज्ञिक क्रियाकलापहरूको सञ्चालन र त्यसका लागि स्वच्छ वातावरण तयार गर्नुपर्ने हुन्छ । जसका लागि तमाम समाजसेवी, बुद्धिजीवी, राजनीतिक कार्यकर्ता समेतलाई व्यापक रूपमा सहभागी बनाएर खुला ठाउँको खोजतलास गरी क्याम्पसका भौतिक पूर्वाधार तयार गरेर एक पुस्तकालय र देवकोटा अनुसन्धान केन्द्रको स्थापना समेत गरेर अनुसन्धानमुली विद्यार्थीहरूको उत्पादन गर्ने लक्ष्य क्याम्पसले लिएको छ । चाहना पहिलो कुरा हो त्यसलाई पूरा गर्न जागरुक कार्यकर्ता तथा व्यक्तित्व चाहिन्छन् र त्यसको लागि अर्थको पनि उत्तिकै भूमिका हुन्छ । हामी आशान्वित र विश्वस्त छौं भविष्यको गर्भबाट हामीले त्यस्ता व्यक्तित्वहरू अवश्य पाउने छौं । हाललाई क्याम्पस सञ्चालनार्थ विद्यालयले प्रदान गरेको भौतिक पूर्वाधारको लागि विद्यालय परिवार धन्यवादको पात्र छ ।

हामी हाम्रो वासस्थान वनाउँछौं कि केही पाउनाले तर
हामी हाम्रो जीवन वनाउँछौं कि केही दिनाले

— ज्याक हरबर्ट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नागर सुन्दरीसँगको अन्तर्रोदन

- वासुदेव त्रिपाठी

१. त्यान्द्रो जागिरको; त्यसैसँग सर्यौं आशामुखी सग्वगी
खाई पाँच मुठी बसी सहरमा थुप्रै बित्यो जिन्दगी
नाघ्नै पर्छ अभैं तहै-तहहरू उत्थानका खातिर
बोकी बोझ गृहस्थको झुकिझुकी झन् होचियो यो शिर

२. डेराको घरको हतार, पथको चर्को हतारो सधैं
दौडादौड गरेर पुग्नु छ कहीं; उस्तै चटारो सधैं
वर्षौं वर्ष छ जानु-आउनु उही; यात्रा छ अड्डा घर
एकैनास छ जिन्दगी मिसिनका चक्का घुमेको स्वर

३. के हो मौलिक जिन्दगी अब रह्यो यौटा कथा शेष झैं
बाँचेको अनुवाद जागिर जिई; छन् स्वप्न निश्शेष झैं
मेरी नागर सुन्दरी ! भन तिमी – छन् के ममा घुक्घुकी
आफैं साध्य बन्यो कि साधन बन्यो यो जागिरे जिन्दगी

४. होलान् नागर सुन्दरी ! अझ ममा पाखेपनाका कणा
मेरो ग्राम्य मिजासमा अझ हुनन् खस्रो-खरोका कणा
मैभित्रै तर ती बनी किचिमिची हुन्छन् स्वयं विक्षत
झुक्नैमा सब शान छन् झुकिझुकी हिंड्ने बस्यो आदत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५. हिँड्ने होड छ हिँड्नुका कति कला सिक्नै छ मैले अझ
शैली बस्नु र उठ्नुका सिकिसिकी बाँच्नै छ मैले अझ
छन् सय्यौं परिधानका कुशलता; पोसाक हो सभ्यता
चढ्नै पर्छ सिँढीहरू सिकिसिकी यो नागरी शिष्टता

६. भाषा पालिसदार रम्य रसिलो टिप्नै छ बाँकी अझ
बोली कोमल बोल्न ज्यू-हजुरको थेगो छ सिक्नै अझ
पाखे बन्न हुँदैन; सभ्य हुनुका छन् काइदै-काइदा
राम्रो नागर रीति; रम्य हुनुमा छन् फाइदै फाइदा

७. को बेहोर्छ हुरी अनागत कुनै सङ्गीतका खातिर
आँधी पोख्दछ को व्यतीत पलका सम्झेर अश्रुस्वर
यौटै सत्य छ मौसमी घुमिफिरी त्यै सत्यमा टेक्नुछ
छेपारोसरि रङ्गढङ्ग बदली सम्पूर्णता ज्यूनु छ

८. कोही अड्किन खोज्छ अड्किनसकी आफै खिया बन्छ त्यो
कोही पड्किन खोज्छ पड्किनसकी आफै धुवाँ छुन्छ त्यो
कोही छड्किन खोज्छ छड्किनसकी आफै बन्यो बाफ त्यो
पानीको कुन रङ्ग रङ्गिनसकी रङ्गीन देखिन्छ त्यो

९. ठाडो सत्य भिरेर हुन्न पटुता चाहिन्छ मान्छे हुन
हिँड्नै पर्छ घुमाउरा पथहरू उत्कर्षलाई छुन
टाठो नागर चेतमै झिलिमिली सौभाग्यका शृङ्खला
सिक्नै बाँकी रहे अझै शहरिया सम्पन्नताका कला

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१०. त्यो डाँडा-पहरा/तराइ-तलको खस्रो दुखी जिन्दगी
विर्सी संस्कृति गाउँको/शहरको संस्कारको थालनी
आधा मानिसतुल्य बाँच्छु म यहाँ हे नागरी सुन्दरी
मेरै कोमल सत्यका स्वर कतै छन् क्यार छातीभरी

११. गल्ली छन् कति साँगुरा/सडकका पेटी सबै साँगुरा
भीडैभीड छ; भीडभित्र पदका सङ्गीत छन् बेसुरा
यो लीलानगरी; यहाँ हृदयको घुम्टो उघारुँ कहाँ
भाषा भाँचिन जान्छ भाव नखुली; भाका सुसेलूँ कहाँ

१२. वेगैंवेग छ बीचको सडकको सम्पूर्ण विस्तारमा
वेगारुढ छ आज मानिस यहाँ यी यन्त्रका दौडमा
केही दुर्घटना हुने पलपलै संभावना छन् जहाँ
बाँचू खलबल मृत्युगन्ध बटुली सिङ्गै घरामा कहाँ

१३. नापै-नाप हिसाब होड-हठका छन् एकनासे ध्वनि
एक्लो मानिस एक्लिँदो छ अरु यी नाफा र घाटामनि
मौनै-मौन छ झैं महानगरका चीत्कारका पीँधमा
शून्यैशून्य छ झैं महानगरका उल्लासका माझमा

१४. माया-प्रीति दया र भोख करुणा छन् अढ्कलेका जहाँ
जोखेका सब जीच छन् । थपिथपी उन्मुक्त हाँसो कहाँ
छन् सम्मान-कृतज्ञता पनि जहाँ सम्पूर्ण आयोजित
अन्तर्रोदनका पला पनि त्यहाँ हुन्छन्- त्यसै खण्डित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१५. बाँचूँ नागर सुन्दरी ! म कसरी यो यातनामाभमा
नाचूँ; धड्कन नै सुनिन्न शहरी यी साज-आवाजमा
के उत्थान भयो भनूँ डरभरी छन् वेदनाका दह
पोखूँ कोसँग वक्षका सब व्यथा; एकान्तका यो वह

१६. बोलूँ फुर्सत छैन; व्यस्त पल छन्; निःशब्द भैँ धुक्धुकी
चर्चा-चाख समाप्त छन् जिइजिई बासी छ भैँ जिन्दगी
फर्कूँ फर्कन छैनभैँ पथ कुनै एकान्त वस्तीतिर
बाचूँ नाटकका महानगरमा छेकिन्छ आफ्नै स्वर

१७. छातीमै मन-कामना थुनिथुनी बाँच्ने प्रथा नागरी
यो कस्तो बहिरङ्ग जीवन-कला बाँच्छचौ तिमी सुन्दरी
शैली यो महगो सिकिसिकी त्यसै आधी बित्यो जिन्दगी
आफैंभित्र छ युद्ध; थिच्नु कसरी विद्रोहका धुक्धुकी !

विजया दशमी २०४८ को

शुभ उपलक्ष्यमा सम्पूर्ण नेपालीहरूमा सुख समृद्धि तथा
दीर्घायुको हार्दिक शुभ-कामना व्यक्त गर्दै
पारखीहरू समक्ष प्रस्तुत गर्दछौं

सन्तुष्टिको अर्को नाम
'सगुन' फिल्टर चुरोट

— जनकपुर चुरोट कारखाना लिमिटेड

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"विद्या" विषय एक, महिमा अनेक

– कुलप्रसाद पराजुली

अंग्रेजीको नामबोधक शब्द स्टडी (Study) जसको अर्थ विचार, अध्ययन, विद्या, लेख, ध्यान, पढ्ने लेख्ने कोठा आदि र प्रसङ्गवस यदाकदा नलेज (Knowledge) पनि हुन्छ। नेपाली र सस्कृत भाषामा पनि त्यो शब्द "विद्या" नामवाचक भएर प्रयोग भएको पाइन्छ। नेपाली भाषाको जननी मानिने संस्कृत भाषाको व्युत्पत्ति अनुसार 'विद्या' शब्दको निष्पत्ति 'विदं=ज्ञाने' अर्थात् ज्ञान वाचक 'विद्' धातुबाट भएको छ। त्यसैले विद्या भनेको– 'ज्ञान' पनि हो भनी हामी वुझ्दछौं। ज्ञान शब्द जानकारी तथा बुद्धि विशेष अर्थमा पनि प्रयोग हुन्छ। समष्टिरूपमा 'विद्या' यो शब्द अंग्रेजीको जस्तो केही अर्थमा मात्र परिसीमित नभएर नेपाली र संस्कृतमा व्यापक अर्थमा प्रयोग भएको देखिन्छ।

उक्त मर्मअनुसार सस्कृत र नेपाली भाषाका विद्वान्हरूले लेखेका विभिन्न ग्रन्थहरूमा 'विद्या' लाई विविध गुण सम्पन्न अर्थमा त्यसको महिमा वर्णन गरिएको छ। विद्वान् तथा विद्यार्थीहरूका विचार विनिमय भएको यस 'रजहांस' मुखपत्रका प्रस्तुत लेखमा विद्या सम्बन्धी तिनै मर्महरूलाई 'छोटो टिप्पणी सहित प्रस्तुत गरिएको छ।

'हितोपदेश' जस्ता नीतिशास्त्रको वचन अनुसार

१. विद्या शस्त्रश्च शास्त्रश्च हे विद्ये प्रतिपत्तये।
आद्ये हास्याय वृद्धत्वे द्वितीयाऽद्रियते सदा॥

(शस्त्र र शास्त्र दुईवटा विद्या हुन्छन्। शस्त्र विद्या उमेरमा मात्र काम लाग्छ, वृद्धावस्थामा हास्यप्रद हुन्छ। शास्त्र विद्याले सदासर्वदा सम्मान दिन्छ)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२. मातेव रक्षति पितेव हिते नियुङ्क्ते कान्तेव चाऽभिरमयत्यपनीय खेदम् ।
कीर्ति च दिक्षुविमतां वितनोति लक्ष्मी, किंकि न साधयति
कल्पलतेव विद्या ।।

(आमाले गरे सरहको रक्षा, बाबुले चिताए जस्तो हित, पत्नीले गरे जस्तो प्रेम गरेर विद्याले चारैतर्फ कीर्ति फैलाई धन तथा रूप सम्पन्न बनाउँछ । विद्या कल्पवृक्ष समान भएकोले यसले पूरा नगर्ने कुरा केही छैन)

३. विद्वत्वं च नृपत्वं च नैवतुल्यं कदाचन ।
स्वदेशे पूज्यते राजा विद्वान् सर्वत्र पूज्यते ।।

(विद्वान् र राजाको तुलना हुन सक्तैन । राजा आफ्ना ठाउँमा मात्र सम्मान पाउँछ– विद्वान्को सम्मान सबै ठाउँमा हुन्छ)

४. न चौर हार्यं न च राज हार्यं, न भातृ भाज्यं न च भारकारी ।
व्यये कृते बर्द्धति एव नित्यं, विद्या धनं सर्व धन प्रधानम् ।।

(चोरेर लान नसकिने, राजाले हरेर लान नसक्ने, दाजु-भाइको अंश नलाग्ने र बोझिलो पनि नहुने, जति खर्च गर्‍यो उति नित्य बढ्ने विद्या सर्वोत्तम धन हो)

५. "सर्वस्य लोचनं शास्त्रं यस्यां नास्ति स अन्ध हि"

(शास्त्र विद्या प्राणी मात्रको मार्ग प्रदर्शक आँखा हो, जसमा त्यो हुँदैन त्यो व्यक्ति अन्धो हुन्छ)

६. विद्या नाम नरस्य रुपमधिकं प्रच्छन्न गुप्त धनं, विद्या भोगकरी यश सुखकरी विद्या गुरुणां गुरुः ।
विद्या बन्धु जनो विदेश गमने विद्या परादैवता, विधा राजसु पूज्नते न हि धनं विद्या विहिनः पशुः ।

(विद्या मानिसको ठूलो रूप र गुप्त धन पनि हो । भोग र सुख दिने हुनाले विद्या गुरुको पनि गुरु हो : विदेशमा बन्धु समान र परं देवता हो । राजसम्मान समेत दिने हुँदा धनभन्दा विद्या नै ठूलो मानिन्छ । जसमा विद्या हुँदैन त्यो पशुतुल्य हुन्छ)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७. "विद्या परा अपरा च..."

(विद्या इहलौकिक (साधारण) र पारलौकिक (अध्यात्म विद्या) हुन्छ ।

८. "विद्ययाऽमृतमश्नुते"

(विद्याद्वारा अमरत्व प्राप्त हुन्छ...)

९. "सा विद्या या विमुक्तये"

(विद्या त्यो तत्त्व हो- जसले सांसारिक विषय-वासनाबाट प्राणी मात्रलाई छुटाएर परमोत्कर्षतिर लान्छ)

१०. "अध्यात्म विद्या विद्यानाम्" – "गीता"

(विभिन्न विद्या मध्ये (म भगवान् श्रीकृष्ण) अध्यात्म विद्याका नामले चिनिन्छु)

केही कवि तथा चिन्तकहरू

११. "विद्या विना मनुज जन्म ठहर्छ थारो" ..

'आदर्श राघव' काव्यमा पण्डितराज सोमनाथ सिग्देल

१२. "वाहिरी आँखाको ज्योति झ्याप्पै भए पनि उनको भित्री ज्ञानको ज्योति भने कहिल्यै निभेन" – इतिहास शिरोमणि वावुराम आचार्यको सम्बन्धमा डा. तारा शर्मा, कक्षा ९ को 'महेन्द्रमाला' ।

१३. "विद्या सुन्न भनेर कान बनिए के गर्नु ती कुण्डल !
जिभ्रो पढ्न र मन्त्र जप्न बनियो न स्वादका खातिर ।।
– "गुणरत्न माला" मा वेदान्ती पं. जगन्नाथ उपाध्याय गुरागाई

१४. "विद्याले बढि जान्छ रुप सजिलै मिल्ला वडो इज्जत"
– "पं गुरागाईं"

१५. विद्या यै नरको छ रुप भरिलो यै सम्झ गुप्ती धन,
विद्याले सुखभोग मिल्छ सहजै सुध्रिन्छ भित्र मन ।
विद्या हो परदेशमा हित सखा दरवारमा पूजिने,
यस्तो उत्तम रत्न ली वटुल है ! पैसै विना पाइने ।।
– 'पं. गुरागाईं" ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१६. अनौठो यो विद्या धन छ जगतमा नमिल्ने,
दिदा बढ्दै जाने कहिं पनि न बाँटे घटि हुने ।
गछी नाना जन्मान्तर तक पनी साथ रहने,
अझै यस्तो दीघो धन किन छिटै हात नलिने ? – "पं. गुरागाई"

यसरी नीति शास्त्र दर्शनशास्त्र कवि तथा चिन्तकहरूले विद्याका सम्बन्धमा आ-आफ्ना दृष्टिकोण प्रस्तुत गरेर विद्या महिमा समेत वर्णन गरेका छन् । कसैले विद्या भौतिक सुख दिन सक्षम छ भनेका छन् भने अर्कांथरि विद्वान्हरू विद्याले आध्यात्मिक सुख तथा आनन्द प्रदान गरेर मुक्ति दिई अमरत्व प्राप्त गराउँछ भन्दछन् । पूर्वीय शास्त्रका चिन्तकहरू त "या वाणी सा विद्या" अर्थात् विद्या वाणिको रूप हो भन्दै सरस्वतीलाई विद्याकी अधिष्ठात्री समेत ठान्दछन् । ज्ञान, चक्षु, तथा नेत्र वा नयन शब्दको पर्यायवाची शब्दको रूपमा पनि 'विद्या' शब्द व्यवहार गरिएको भेटिन्छ । विद्यार्थी जीवन विद्या आर्जनको समय भएकोले उपर्युक्त सबै गुण सम्पन्न 'विद्या' को अध्ययन अनुसन्धानमा व्यस्त रहनु सार्थक हुन्छ । सच्चा विद्यार्थी त्यो कहिन्छ जो आफ्नो सारा समय विद्या बटुलनमा खर्च गर्दछ । विद्या बटुल्ने तथा आर्जन गर्ने विषयमा विद्वान्हरूको निम्न लिखित दृष्टिकोण यहाँ सान्दर्भिक हुन आउँछ ।

गुरु शुश्रुषया विद्या पुष्कलेन धनेन वा
अथवा विद्यया विद्या चतुर्थं नैव कारणम् ।।

(विद्याको प्राप्ति गुरुसेवा धन खर्च र विद्याले विद्या साटेर यी तीन माध्यमबाट मात्र हुन सक्छ ।- चौथो छैन)

त्यसैले देश तथा समाजको विकास गर्ने गहन जिम्मेवारी बोकेका आजको विश्वका प्रत्येक विद्यार्थीले 'विद्या' को महत्त्व बुझेर आफूले सक्तो उपायद्वारा विद्या जस्तो सर्वोत्तम धन बटुल्न अल्छी गर्नु हुँदैन । यसैमा जीवन सार्थक बन्छ । अस्तु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जय घोष

– दैवज्ञराज न्यौपाने

अब रात गयो सुप्रभात भयो
उठ निन्द्रित स्वप्न – विलाश चरी
नव जागृति-गीत सुनाउँनमा
सब साथ उठौं जय गान गरी ।

अब मिर्मिर रश्मि अनेक छरी
तल झर्दछ हेर्न हिमाल चरी
अझ श्यामल कुञ्जलतातिरका
मनमोहक कौतुक छन् कतिका ।

मृदु मिर्मरका नवगीत भरी
नव स्वप्न थपेर अनेक थरी
झलमल्ल उदाउँछ घाम यहाँ
अब रात चिहाउँन सक्छ कहाँ ?

उठ वीर ! अझं पनि छन् कतिका
छल-छाम र दुर्गतिका लतिका
तिनले अझ पार्न सके छलमा
बल मिल्छ कहाँ, जय हुन्छ कहाँ !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुभ स्वप्न छरेर समाज भरी
नव जागृतिका नव गीत छरी
अभ्र संयमसाथ अगाडि बढौं
नित उन्नतिका नव पाठ पढौं ।

अब स्याल कुनै पनि सिंह नहून्
अब कुक्कुरका प्रतिकार नहून्
बढ मानवका नव-देशतिर
जय घोष गरौं, जय गान गर ।

कलाको काम हो मनको उच्चतम तथा श्रेष्ठतम् मायालाई अरूसम्म पुऱ्याउनु ।

– लियो टालसटाय

चरित्रको शुद्धि नै ज्ञानको उद्देश्य हो ।

– महात्मा गान्धी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाली राजनीतिको पानाबाट :

नेपालमा संसदीय परम्पराको इतिहास : एक संक्षिप्त परिचय

— रामकुमार दाहाल

भौगोलिक दृष्टिकोणले भारत र चीनको बीचमा च्यापिएको विश्वका ३१ भूपरिवेष्ठित राष्ट्र (Landlocked Country) मध्येको एक, आर्थिक दृष्टिकोणले विश्वका अतिकम विकसित राष्ट्र (Least Developed Countries (LDC'S) को पनि पछिल्लो लहरमा उभिएको सामाजिक दृष्टिकोणले परम्परागत अवस्थाबाट संक्रमणकालीन अवस्था हुँदै आधुनिकतातर्फ उन्मुख एवं राजनीतिक दृष्टिकोणले कम प्रजातान्त्रिक अभ्यास एवं अनुभव भै पिछडिएको तेस्रो विश्वका विकासशील राष्ट्रमध्येको एक भएको नेपाल २००७ सालभन्दा पहिले विश्व राजनीतिक गतिविधिबाट एकदमै टाढा रहेको थियो। २००७ सालको राजनीतिक परिवर्तनपछि राणा शासनको अन्त्य र प्रजातान्त्रिक शासनपद्धतिको सूत्रपात भएपछि युगौंदेखि विश्व राजनीतिक गतिविधिबाट अलग्गिएको नेपालले पनि अन्तर्राष्ट्रिय गतिविधिसँग परिचित हुने मौका पायो।

१. त्रिभुवनको युग र संसदीय परम्परा

नेपालमा निर्वाचित संसदको लामो इतिहास रहेको छैन। २००७ सालको राजनीतिक परिवर्तनले देशमा पूर्णत बहुदलीय व्यवस्थामा आधारित संसदीय व्यवस्थाको स्थापना गर्ने लक्ष्य राखे तापनि नेपालमा निर्वाचित संसदको गठन फेब्रुअरी १८, १९५९ (फाल्गुण ७, २०१५) मा भएको प्रथम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आम चुनावपछि मात्र हुन सक्यो।[१] १९५१ मा भएको दिल्ली सम्झौता अनुरूप श्री ५ त्रिभुवनको शासन अन्तर्गत मोहन शमशेरको प्रधानमन्त्रीत्वमा गठित राणा कांग्रेस संयुक्त मन्त्रिमण्डल १८ फेब्रुअरी १९५१ देखि कार्य गरे तापनि यो मन्त्रिमण्डल लामो समयसम्म सत्तामा रहन सकेन।[२] यस अवधिमा जन निर्वाचित संसदको गठन नभएसम्मका लागि कार्य गर्नका लागि ३५ सदस्यीय सल्लाहकार सभा (मनोनित संसद) को गठन अक्टुवर २, १९५१ मा गरियो। राणा-कांग्रेस संयुक्त सरकारको विघटनपछि मार्ग १, २००८ (१६ नोभेम्वर, १९५१) मा नेपाली कांग्रेसका अति नै लोकप्रिय नेता स्व. वि. पि. कोइरालाका सट्टा पार्टीका कमजोर व्यक्तित्व भएका मातृका प्र. कोइरालाको नेतृत्वमा १४ सदस्यीय नेपाली कांग्रेसको सरकार बन्यो। २००९ सालभित्र वैधानिक सभा (Constituent Assembly) बनाई देशमा आम निर्वाचिन सम्पन्न गराउने ऐतिहासिक कार्य यस मन्त्रीमण्डललाई सुम्पिएकोमा[३] स्व. जननायक वि. पि. कोइरालालाई यस मन्त्रीमण्डलमा समावेश नगरिएको कारण उक्त मन्त्रीमण्डल प्रारम्भदेखि नै कमजोर रूपमा रह्यो र अन्त्यमा यही कारणले पार्टीभित्र फुट आई प्रधानमन्त्री कोइरालाले २००९ साल राजिनामा दिनु भयो र दरवारले प्रमुख शाही परामर्शदाता जनरल केशरशमशेर ज. ब. रा. को नेतृत्वमा ५ सदस्यीय शाही परामर्शदात्री सरकारको गठन साउन ३०, २००९ मा गर्‍यो।[४] नेपाली कांग्रेसका अति

---

१. यसै लेखकद्वारा लिखित यसै प्रकृतिको लेख "२००७–४७ को राजनीतिक इतिहास : एक मूल्याङ्कन", परिशिलन– वर्ष १, अङ्क १ (पृष्ट १९–२३), अङ्क २ (पृष्ट ५३–५६) मा यस लेख आधारित हुन पुगेको छ।

२. Aniruddha Gupta, **Polities in Nepal. A Study of Post- Rana Political Developments and Party Politics** (Combay : Allied Publishers, 1965).

३. ग्रिष्मवहादुर देवकोटा, **नेपालको राजनीतिक दर्पण** (पहिलो भाग), (काठमाडौं : केशवचन्द्र गौतम, १९६०)।

४. Leo E. Rose & Bhuwan Lal Joshi, **Democratic Innovation in Nepal A Case Study of Political Aculturation**, Berkeley, 1966.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लोकप्रिय नेता जननायक स्व. वि. पि. कोइरालालाई प्रधानमन्त्री नवनाई पार्टी (नेपाली कांग्रेस) भित्रका कमजोर व्यक्तित्व भएका मातृकाप्रसाद कोइरालालाई छानेर दरवारले अति नै गम्भीर भूल गरी देशमा राजनीतिक अस्थिरताको बादल फैलाई आम निर्वाचनलाई लम्ब्याउने कार्य गऱ्यो। शाही परामर्शदात्री सरकार विघटन गरेर पुनः दरवारले नेपाली कांग्रेसबाट छुट्टिएर अलग्गै राष्ट्रिय प्रजा पार्टी खोल्न पुगेका मातृकाप्रसाद कोइरालाको नेतृत्वमा जून १५, १९५३ (आषाढ २, २०१०) मा ५ सदस्यीय (पछि ७ सदस्यीय राष्ट्रिय मन्त्रीमण्डल वनेको) एकदलीय मन्त्रीमण्डल गठन गरी[५] (श्री वि. पि. कोइरालाको नेपाली कांग्रेस पार्टीको सरकार गठन नगरेर) दरवारले अर्को ऐतिहासिक एवं राजनीतिक भूल गर्न पुग्यो।

यसरी आमनिर्वाचन गराउने कार्य नेपालको इतिहासमा छेपाराको कथा झैं रह्यो र दरवार विभिन्न थरीका मन्त्रीमण्डल (सरकार) बनाउँदै राजनीतिक परीक्षण र प्रयोग (Political Experiment) गर्ने कार्यमा व्यस्त रह्यो। तथापि निर्वाचित संसदको गठन र आम चुनावको आस भने नेपाली मस्तिष्कबाट कदापि समाप्त भएन। निर्वाचित संसदको गठन नहोउन्जेल व्यवस्थापिकासम्मको कार्य गर्नका लागि दरवारले वैशाख १, २०११ मा विभिन्न जिल्लाको प्रतिनिधित्व हुने गरी १०६ सदस्यीय सल्लाहकार सभाको (मनोनित संसद) गठन गऱ्यो।

२. श्री ५ महेन्द्र र संसदीय परम्परा

श्री ५ त्रिभुवनको २०११ फागुन ३० मा स्वीट्जरल्याण्डको ज्यूरिचमा स्वर्गारोहण भएपछि स्व. श्री ५ महेन्द्रबाट राज्यारोहण गरेपछि पनि तत्काल संसदको निर्वाचन गराउने कार्य सम्पन्न हुन सकेन। दरबारलाई शक्तिशाली बनाई आफू एक अति शक्तिशाली शासक वन्ने महत्त्वाकांक्षा राख्ने स्व. श्री ५ महेन्द्रबाट दलीय व्यवस्थाको तिरस्कार गरेर सर्वोच्च शक्ति आफूमै राखिवक्सी २०१२ साल वैशाख १ गते सरदार गुन्जमानसिंहको अध्यक्षतामा ५ सदस्यीय राजकीय सल्लाहकार सभा (Royal Advisory) गठन गरिवक्स्यो र प्रत्यक्ष शासन कायम गरिवक्स्यो।[६] स्व. श्री ५ महेन्द्रबाट गठन

५. Gupta, op. cit.
६. Rose and Joshi, op. cit.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरिएको प्रत्यक्ष शासन र राजकीय सल्लाहकार सभाको नियुक्तिमा तत्कालीन राजनीतिक पार्टीहरू– नेपाली कांग्रेस, प्रजा परिषद् र अन्य पार्टीहरू– ले गम्भीर आपत्ती गरेपछि दरवारले राजनेताहरूको समर्थन प्राप्त गर्ने एक नयाँ कूटनीतिक चाल अपनायो जसअन्तर्गत दरवारले १९५५ को मई ८ मा विभिन्न राजनैतिक दल एवं सामाजिक सङ्घ-सङ्गठनहरू गरी करीब १२९ समूहका राजनेताहरूको भेला आयोजना दरवारमा गऱ्यो ।[७] ४ दिवसीय उक्त भेलामा राजनेताहरू देशमा सल्लाहकार सभा (मनोनित संसद) को भङ्ग गर्ने, निर्वाचित संसदको गठन हुनुपर्ने, देशमा छिट्टै आम निर्वाचन सम्पन्न गरिनुपर्ने, प्रत्यक्ष शासनको अन्त्य गरी देशमा प्रजातान्त्रीकरणको प्रक्रियालाई अगाडि बढाउनुपर्ने जस्ता कुराहरूमा सहमत हुन पुगे ।[८]

यस भेलापछि दरवारले जनवरी २७, १९५६ (२०१२ माघ १४) मा नेपाल प्रजा परिषदको टंक प्र. आचार्यको प्रधानमन्त्रित्वमा ७ सदस्यीय मन्त्रीमण्डल गठन गऱ्यो । २०१४ आषाढ ३१ (जुलाई १४, १९५७) मा डा. के. आइ. सिंहलाई मन्त्रीमण्डल गठन गर्ने अविभारा सुम्पिए बमोजिम जुलाई २६, १९५७ (२०१४ श्रावण ११) मा १० (दस) सदस्यीय मन्त्रीमण्डल गठन गरियो। डिसेम्वर १४, १९५७ मा भंग गरियो। यसरी दरवार मन्त्रीमण्डल गठन गर्ने र विघटन गर्ने कार्यमा मात्र व्यस्त रह्यो तर आम निर्वाचन भने रद्दीको टोकरीमा फयाकिन पुग्यो। अकटुवर ६,१९५७ मा दरवारले विभिन्न कारणले देशमा आम निर्वाचन हुन नसक्ने घोषणा गरेर एकचोटि फेरि आमनिर्वाचनलाई टाल्ने या परतिरसारी दरवारलाई नै शक्तिको केन्द्र वनाइ राख्ने जाल प्रपञ्च रच्यो। डा. के. आइ. सिंहको प्रधानमन्त्रित्व-कालमा डा. के. आइ. सिंहको विरोधमा गठित प्रजातान्त्रिक मोर्चा (श्री वि. पि. कोइरालाको नेपाली कांग्रेस, डा. डि. आर. रेग्मीको नेपाल राष्ट्रिय कांग्रेस र टंक प्र. आचार्यको नेपाल प्रजापरिषद गरी ३ दल मिलेर वनेको मोर्चा) पुनः सक्रिय हुन गयो र डिसेम्वर ७, १९५७ (मार्ग २२, २०१४) मा आमनिर्वाचन टाल्ने गरिएको घोषणाको विरोधमा देशभरिमा नै सत्याग्रह अभियान सुरू गरियो। राष्ट्रव्यापी विरोध कार्यक्रमको परिणाम स्वरूप दरवारले डिसेम्वर १५, १९५७ का दिन आमनिर्वाचन फरवरी १८, १९५९ मा

७. देवकोटा, पूर्ववत् ।

८. Rose and Joshi, op. cit., Gupta, op. cit.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरिने घोषणा गर्‍यो । तर यहाँ स्मरणीय कुरा के छ भने २००७ सालको राजनीतिक परिवर्तन पछि भनिएजस्तै त्यस्तो निर्वाचन संविधान सभाको लागि नभई संसदको लागि हुने भयो । जेठ २, २०१५ (मई १५, १९५८) मा नेपाली कांग्रेसका शुवर्ण शमशेरको अध्यक्षतामा ६ सदस्यीय सर्वदलीय मन्त्रिमण्डल गठन गरियो । देशको भावी संविधान निर्माण गर्न मार्च १६, १९५८ (चैत्र ३, २०१४) कारिन भगवती प्रसाद सिंहको अध्यक्षतामा गठित ५ सदस्यीय "संविधान मस्यौदा कमिसन" गठन गरियो भने फरवरी १२, १९५९ (फागुन १, २०१५) मा "नेपालमा अधिराज्यको संविधान" (Gifted constiution) घोषणा गरियो ।[९] यसभन्दा पूर्व २६ नोभेम्बर १९५८ मा दरबारले ६१ सदस्यीय सल्लाहकार सभाको गठन गर्‍यो ।

२०१५ जेठ २० गते जनप्रतिनिधित्व ऐन जारी गरियो, जस अनुरूप २१ वर्ष उमेर पुगेका प्रत्येक नेपाली नागरिकले मतदान गर्न सक्ने २५ वर्ष उमेर पुगेकाले निर्वाचनमा उम्मेदवार हुनसक्ने जस्ता विभिन्न कुरा उल्लेख थिए । त्यस्तो आम निर्वाचनमा सीमा निर्धारण गर्ने उद्देश्यले तत्कालीन प्रधान न्यायधीश र अन्य २ सदस्यीय सीमा निर्धारण समितिले नेपाल अधिराज्यलाई १०९ निर्वाचन क्षेत्र कायम गरी सीमा छुट्याइयो ।

नेपालको प्रथम आमचुनाव

फाल्गुण ७,२०१५ (फरवरी १८,१९५९) मा सम्पन्न भएको नेपालको प्रथम आम चुनावमा नेपाली कांग्रेसले ७४, गोर्खा परिषदले १९, नेपाल कम्युनिस्ट पार्टीले ४, संयुक्त प्रजातन्त्र पार्टीले ५, प्रजा परिषदको आचार्य समूहले २ र मिश्र समूहले १ सिट जितेका थिए ।[१०]

नेपाली कांग्रेसको एक दलीय सरकारको गठन (नेपालमा संसदीय व्यवस्थाको शुभारम्भ मई २७, १९५९ – डिसेम्बर १५, १९६०)[११]

आम चुनावमा ७४ सिट जिती अत्यधिक बहुमत प्राप्त गर्ने नेपाली कांग्रेसले पार्टीका अति नै लोकप्रिय एवं जननायक र २००७ सालदेखि नै

---

९. नेपाल अधिराज्यको संविधान, २०१५ ।
१०. देवकोटा, पूर्ववत् ।
११. यस शीर्षकमा उल्लेख गरिएका कुराहरू यसै लेखकको पि. एच्. डि. को

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सत्तामा नल्याइएका स्व. वि. पि. कोइरालाको नेतृत्वमा एकमना मन्त्री-मण्डलको गठन गऱ्यो । जेठ १३, २०१६ (मई २७,१९५९) मा स्व. श्री कोइरालाको नेतृत्वमा गठित प्रथम निर्वाचित सरकारको मन्त्री मण्डलमा १९ सदस्य सम्मिलित थिए । श्री ५ बाट संसदका दुवै सदन प्रतिनिधि सभा र महासभाको संयुक्त बैठकलाई प्रथम पटक जुलाई २४,१९५९ (साउन ९, २०१५) मा संवोधन वक्स भएपछि नेपालले संसदीय अभ्यासको औपचारिक रूपमा शुभारम्भ गऱ्यो । श्री कोइरालाको कुशल नेतृत्वमा नेपाली कांग्रेस सरकारले देशमा अनेक सुधारवादी कार्यक्रमहरू सञ्चालन गऱ्यो । यस्ता सुधारवादी कदमहरूमा विर्ता उन्मूलन, राज्य रजौटा उन्मूलन, जमिन्दारी प्रथाको उन्मूलन, जंगलको राष्ट्रियकरण, भूमिसम्बन्धी सुधारहरू, औद्योगीकरण जस्ता कुराहरू (अन्य कुराका अतिरिक्त) प्रमुख रूपले रहेको थिए ।

तर दुर्भाग्यवस प्रजातन्त्रको मूल्य र मान्यतासँग पूर्णपरिचित नभएका अधिकांस रुपमा निरक्षर रहेका नेपाली जनताले संसदीय मूल्य र मान्यता र नेपाली कांग्रेसका सुधारवादी, कदमहरूको महत्व बुझ्न सकेनन् । नेपाली कांग्रेसको नेतृत्वसँग ईर्ष्या गर्ने, नेपाली कांग्रेसका सुधारवादी एवं प्रगतिशील कार्यक्रमद्वारा असर पर्न गएका प्रभावित व्यक्तिगत तत्वहरू सत्ताहातमा लिएर एकलौटी शासन गर्न खोज्न दरवारसँग नजिकिन पुगे र अन्त्यमा डिसेम्वर १५,१९६० मा १८ महिने चिचिलो बालकको भ्रुणहत्या भयो र सन् १९९० नआहुन्जेल उक्त मृतक बालकले संजीवनी बुटी प्राप्त गर्न सकेन ।

डिसेम्वर १५, १९६० मा श्री कोइरालाको सरकार मात्र विघटन हुन पुगेनकि देशमा संसदीय परम्पराको नै अन्त्य भयो राजनीतिक दलमाथि प्रतिवन्ध लाग्यो, संविधान खारेज गरियो, जनताका नागरिक अधिकार स्थाकित हुन पुगे, राजनेताहरूलाई जेलनेलको यातना दिइयो । राजनीतिक कार्यकर्ताहरूले या त निर्दलियता र दरवारको सर्वोच्चतालाई स्वीकार्नु पऱ्यो या त भारतीय भूमिमा बसी राजनीतिक गतिविधि संचालन गर्नु पऱ्यो ।

शोध विषय 'Parliamentary Operation in Nepal (May 27, 1957 – Dec. 15, 1950) को शोध ड्राफ्टमा आधारित छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संसदीय परम्पराको निर्मम हत्यापछि दरबारले पुनः प्रत्यक्ष शासन गऱ्यो। डिसेम्बर २७, १९६० (पौष १२, २०१७) मा नौ सदस्यीय मन्त्री-मण्डलको गठन गरियो। पौष २२, २०१७ मा मुलुकमा निर्दलीय पंचायती व्यवस्था लागेको घोषणा गरियो। २०१९ सालमा सोही अनुरूपको निर्दलीय पंचायती संविधान आयो। जसले दरबारको शक्तिलाई आकाशमा पुऱ्याइदियो।

देशभित्र र बाहिर २०१७ सालदेखि नै राजनीति व्यस्था विरोधी गतिविधि बढ्दै गयो। नेपाली कांग्रेस र नेपाल कम्युनिस्ट पार्टी यस कार्यमा विशेष सक्रिय रहे। पंचायती सरकारले भावी व्यवस्थाको छनौट गर्ने नाममा २०३६ सालमा राष्ट्रिय जनमत संग्रह गरायो र पंचातयले जितेको घोषणा गऱ्यो। पंचायतकालमा २०३८ र २०४३, मा आम निर्वाचन सम्पन्न गरिए। निर्दलीय पंचायती व्यवस्था विरोधी कार्यक्रम देशभित्र र बाहिर संगठितरूपमा संचालित हुनथाले। नेपाली कांग्रेस र नेपाल कम्युनिस्ट पार्टी यस दिसामा विशेष सक्रिय रहे।[१२]

नेपालको राष्ट्रिय जनआन्दोलन, २०४६ (१९९०)

१९९० को वर्ष नेपालको राजनीतिक ईतिहासमा सुनौला अक्षरले लेखिएको छ, जुन वर्षमा नेपाली कांग्रेस र वाम पार्टीहरूको संयुक्त प्रयासबाट देशमा निरंकुश पंचायती व्यवस्था विरोधी हिंसात्मक क्रान्ति भएको थियो। माघ ५–७, ०४६ मा काठण्डौंमा सम्पन्न भएको ३ दिने ऐतिहासिक राष्ट्रिय सम्मेलन र चन्द्र शेखरको क्रान्तिका लागि प्रेरणा, माघ २, ०४६ मा श्रीमती साहना प्रधानको नेतृत्तमा ७ वामपन्थी समुहहरूको संयुक्त वाममोर्चा गठन र फाल्गुण ७, ०४६ देखि नेपाली कांग्रेससँग मिली क्रान्ति गर्ने घोषणा जस्ता कुरा यस दिसामा महत्वपूर्ण रहे।[१३]

क्रान्ति पछि देशमा पंचायती व्यवस्थाको अन्त्य र बहुदलीय व्यस्थाको स्थापना हुन पुग्यो। जेठ १६,०४७ मा गठन गरिएको नौ सदस्यीय संविधान सुझाव आयोगले मस्यौदा पेश गरे अनुरूप बहुदलीय व्यवस्थामा

---

१२. यसका लागि विभिन्न पत्रपत्रिकाहरू स्रोतका रूपमा रहेका छन्। जसको नाम उल्लेख गर्न यहाँ सम्भव देखिदैन।

१३. अन्तर्राष्ट्रिय मञ्च, नेपाल सम्बन्धी वार्षिक अङ्क २०४७ र २०४८।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आधारित नेपाल अधिराज्यको संविधान कार्तिक २३,१०४७ मा जारी गरियो। क्रान्ति पछि लगत्तै श्री कृष्ण प्र. भट्टराईको नेतृत्वमा गठन गरिएको अन्तरिम सरकारले देशमा आमनिर्वाचन जस्तो जटिल कार्य र अन्य महत्वपूर्ण कार्यका अतिरिक्त, सम्पन्न गऱ्यो।

दोस्रो संसदीय आमनिर्वाचन, वैशाख २९, ०४८

वहुदलीय राजनीतिमा आधारित यस निर्वाचनमा नेपाली कांग्रेसले ११०, नेपाल कम्युनिस्ट पार्टी (ए. मा. ले.) ले ६९, संयुक्त जन मोर्चा नेपालले ९, नेपाल सदभावना पार्टीले ६, राष्ट्रीय प्रजातन्त्र पार्टीका २ समूह चन्द र थापाले क्रमशः ३ र १, नेपालमजदु र किसान पार्टी र ने. क. पा. (प्रजातन्त्रवादी) ले क्रमशः २/२ र स्वतन्त्रले ३ स्थान प्राप्त गरेका थिए।

नेपाली कांग्रेसको एकमना सरकारको गठन

आम निर्वाचनमा अत्यधिक मत प्राप्त गरेको नेपाली कांग्रेसले पार्टीका महामन्त्री र प्रथम निर्वाचित प्रधानमन्त्रीका भाइ श्री गिरिजाप्रसाद कोइरालाको प्रधानमन्त्रित्वमा १५ सदस्यीय मन्त्रीमण्डलको गठन जेठ १२, २०४८ मा गऱ्यो र औपचारिक रूपमा मुलुकले पुन संसदीय परम्पराको अभ्यास गर्ने मौका पायो।

आज देशका हरेक सचेत नागरिक, राजनीतिक दलहरू दवाव एवं हित समूह एवं विभिन्न प्रकृतिका संघ संगठनहरूले देशमा लामो संघर्षपछि स्थापना हुन पुगेको संसदीय परम्परालाई जर्गेर्ना गर्न आफ्नो-आफ्नो स्थानबाट सक्रिय भूमिका निर्वाह गर्नु पर्ने ऐतिहासिक आवश्यक्ता देखापर्न गएको छ। आफू आफू विच विद्यमान आपसी फुट, मतभेद एवं भिन्नतालाई हटाएर हरेकले मुलुकको प्रजातान्त्रीकरणको प्रक्रियालाई सफल पार्न अवश्य सक्तो प्रयास गर्नु परेको छ। नत्र पुन: प्रजातन्त्रको हत्या हुन सक्ने खतरा उत्पन्न हुन सक्ने छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रजातन्त्र

– गङ्गाप्रसाद पाहाडी
बानेश्वर क्याम्पस

यो देशमा प्रजातन्त्र आएको छ,
सबैले समान अधिकार पाएको छ
शहीदको रगत बगेको छ
मनमाथि घन वर्षिएको छ, वनमाथि डडेलो सल्किएको छ,
भदौरेलुंडीसितै अस्मिता जोतिएको छ
भनिन्छ, यो देशमा प्रजातन्त्र आएको छ ।

टिष्टामा रगत बगेको छ
कांगडामा आंसु बगेको छ
देशको डरलाग्दो स्थितिमा |दक्षिणको समतल भाग
डराएको छ, हिन्दुस्तानभित्र सिक्किम हराएको छ
र भन्छन्, संसारमा प्रजातन्त्र आएको छ ।

भरखरै रजस्वलावाट चोखिएकी सुकुमारी धर्ती
आफन्तबाटै बलात्कृत भएकीछ
उसका स्तनबाट रगतका फाल्सा बगेका छन्
दाँतबाट खल्खल्ति पसीना चुहेकाछन्
जाँघ तोडेर कुनै कृष्णले कौमारित्व लुटेकाछन्
रिनकाढ्न गएको बाबुलाई सामन्तीले थिचेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

घरजिम्मा लिएका छन्;
हलीगोठाला बसेका कुमार दाजुभाइले
फक्ल्याण्डमा पुग्दा जीवनको महत्त्व बुझेका छन्
रगतको इतिहास देखेका छन्
प्रजातन्त्रको फल चाखेका छन् ।

घाँसकाट्न गएकी वहिनी वम्बईको कोठीमा पुग्दा
झस्किन्छे, प्रेमको साइनोमा विश्वासघातको सिनो
वनाउने अधमराको जीवनलाई सम्झेर धिक्कार्छे
धन कमाउन लाहुर जानेहरू तोप पड्काउँदा
नालापानीको कथा सम्झन्छन्,
राइफल उचाल्दा-उचाल्दै ढल्छन्
उनीहरूको नाममा व्याज आउँछ
उजाड सिउँदो भएकी १६ वर्षकी सुन्तली रातीको
यौवनको मुस्कान हराउँछ ।
यस्तै चहराइँदो विभत्स व्यथा वोकेर
यो देशमा प्रजातन्त्र आएको छ ।

बेली चमेली मखमली फुलेर घामको स्पर्शसित मुस्काउने
देशका वारीका कान्लाहरूमा रगत गह्राउँछ,
शहीद हुन वा कुनै अपरिचित मान्छे हुन उनीहरूको लासलाई
स्यालले घिस्याउँछ ।
पोखरामा फेवा बग्छ
फेवाभित्र युवतीका लास वग्छन् ।
पण्डित वन्न काशी गएको मूलछोरो
आन्दोलनमा पर्छ,
पढ्न पठाएको अर्को छोरो लाठीको सूग्लो लिएर घर आउँछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छोरी साडीभरी रगतको टाटो लिएर
लाजले निली भएर सुक्क सुक्क गर्दै, मसिनो स्वरमा रुन्छे
कसैको पनि जीवनको सुरक्षा छैन,
ठूलाले सानालाई जे गरे पनि हुन्छ,
जसो गरे पनि हुन्छ,
न्याय, अन्याय छुट्याउने अड्डाले घूसको पोकोमाथि
वोको पनि कमाउँछ,
धन नहुनेहरूको निम्ति खै
प्रजातन्त्र काहाँ आएको छ ?

"ईन्दु कार्पेट उद्योग" द्वारा संचालित "ईन्दु शुभ उपहार कार्यक्रम" मा सहभागी भई–

१४' श्यामश्वेत टि. भी, ६६'×३६'×२१' को ४'×१२' ऐना जडान भएको स्टील दराज, सोफासेट र ७'×४' को आकर्षक कार्पेट प्राप्त गर्नुहोस् । साथमा लाखौंको उपहार–

(१) टाटा डिजेल वस वा रु. १०,००,००१।–

(२) मिनी वस वा रु. ४,५०,००१।–

(३) टोयाटा कार, टेम्पु, मोटर साइकल, रङ्गीन टि. भी. इत्यादि समावेश गरिएको छ ।

मासिक किस्ता– रु. २७५।–   कार्यक्रम अवधि २० महिना

सिमित सिटका लागि विशेष छुट सहित धमाधम सदस्य वनाइँदैछ। विस्तृत जानकारीका लागि सम्पर्क राख्नुहोस् ।

– ईन्दु कार्पेट उद्योग
पूल्चोक बस स्टप
फोन नं. ५-२१४४४, ५,२६५१३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रतिशोध

– भीम गुरुङ्ग
प्रवीणता प्रमाणपत्र तह,
वातेश्वर क्याम्पस

कुनै एउटा ठूलो शहरमा एउटा धनी व्यापारी थियो उसको धन माथिको रातो गेडी भनेझैं एक मात्र छोरा थियो। त्यस ठूलो शहरमा उसको धेरै नजिक एउटा ठूलो खोला थियो। यदि त्यस व्यापारीलाई मनमा वैरागको भावना हुन थाल्यो भने त्यो व्यापारी त्यस खोलाको किनारमा गएर बस्दथ्यो। परिवर्तित समयको साथ साथ उसको छोरा पनि जवान अवस्थामा पुग्यो। एक दिन उसको छोरा विहानै घरवाट हिड्यो तर रातीसम्म पनि नआउदा उसको बुवा उसलाई कुरेर बसिरहेको थियो। त्यसै बेला त्यस व्यापारीको छोरा लागु पदार्थ सेवन गरिआयो र यस व्यापारीले भन्यो– छोरा आज तिमी कहाँ गएका थियौ? त्यस व्यापारीले त्यो छोरालाई सानैदेखि औधी स्नेह गर्दथ्यो। तर त्यस दिन त्यस व्यापारीले राती आएको र लागु पदार्थ सेवन गरेको सहन नसकी एक दुई थप्पड हिर्कायो। हिर्काएको मात्र के थियो, त्यो व्यापारीको छोरो रिसको आवेगमा आएर बुवासंग झगडा गरेर त्यसले बुवालाई कुट्यो र भन्यो तँ जा! घरवाट निस्की, गइहाल भन्यो र बुवाले उत्तर दिए, ठीक छ छोरा मैले तिमीलाई सानैदेखि हुर्काएर आज यत्रो परिपक्वताको अवस्थामा ल्याएँ तर तिमीले आज मलाई यस्तो वाण-रूपी वचनले हान्यौ। ठीक छ म जान्छु तर मलाई एउटा ओडने र एउटा कैंची देऊ भनेर त्यस व्यापारीले भन्यो र त्यस छोराले कोठा भीत्रवाट एउटा ओड्ने र कैंची फाली दियो र आफू ढोका थुनी सुत्यो। तत् पश्चात त्यो व्यापारी त्यो ओड्ने र कैंची लिएर त्यो खोलाको किनारमा गयो र त्यो ओड्नेलाई कैंचीले दुई टुक्रा पारी काटयो अनि एउटा टुक्रा ओडेर बस्यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उसले बल्ल तल्ल रात काट्यो तर धेरै चिसो, तुसाराको कारण त्यो व्यापारी अन्तिम अवस्थामा पुगी सकेको थियो। जब विहान भयो त्यस व्यापारीको छोरा उठेर आफ्नो बुबालाई आफ्नो घरको सबैं तिर खोज्यो कहीं भेटेन, शहर भरी खोज्यो कही पत्ता लगाउन सकेन। आखिरमा गएर उसले त्यस खोलाको किनारमा जांदा उसले बुवालाई ऊ अन्तिम अवस्थामा पुगेको भेट्यो र उसले बुवालाई हात जोड्दै जे हुनु भइहाल्यो मलाई माफ गर्नुस, जाउं घर जाउँ भन्यो। तर त्यस व्यापारीले भन्यो, छोरा म अन्तिम अवस्थामा पुगी सकेको छु, घर गएर के गर्ने, आखिर त्यहाँ पनि म बाँच्दिन भनेर त्यस व्यापारीले भन्यो। बुवाबाट त्यस्तो उत्तर आएकोले उ छक्क पऱ्यो तर त्यसै वखत उसको आंखा त्यो एक टुक्रा ओडनेमा पऱ्यो र भन्यो बुबा यस्तो जाडो छ त्यो ओड्ने किन नओडेको ? अनि त्यो व्यापारीले 'छोरा तिमीलाई मैले सानैदेखि हुर्काएर आज यत्रो बनाउँदा पनि केही चिज छुट्याएको छैन त्यसैले तिमीलाई यो एक टुक्रा ओड्ने एक दिन अवश्य काम लाग्छ भनेर भन्यो। त्यति भन्नासाथ त्यस व्यापारीको त्यहीं देहावसान भयो।

बानेश्वर क्याम्पसको वार्षिकोत्सवमा

क्याम्पसको उत्तरोत्तर प्रगतिका लागि

शुभ-कामना व्यक्त गर्दछौं ।

कृषि उत्पादन, व्यवसाय, कृषि उद्योग तथा प्रौढ शिक्षा, वातावरण संरक्षण, शिशु स्याहार एवं महिला विकास आदि कार्यक्रमहरूका लागि हामी ऋण सहयोग प्रदान गर्दछौं ।

– कृषि विकास बैंक
परिवार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अदृश्य आवाजहरू

– राजीव श्रेष्ठ, बानेश्वर

दीपावलीको शुभ-समय छ !
मान्छे !
कोही कतै खुशियालीमा
भाइटीका लगाउँदै होला
तर मान्छे भएर
त्यति साह्रो खुशी हुनु त सुहाउँदैन
किनभने,
मान्छे !
कहीं/कोही/कतै
टीका लगाउन/थाप्न नपाएर
आँशु वहाउँदै पनि होला !
के सबै मान्छे
मानिसकै दिदी-वहिनी / दाजु-भाइ
होइनन् त ?

मान्छे !
विचित्र विडम्बना हो
मान्छे !
आफूमा हिंड्नु पर्छ
आफूमा बाँच्नु पर्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पर्याय कसैको मान्छे
मान्छे होइन
किनकि आवश्यकतामा मान्छे
कोही कसैको नहुन पनि सक्छ !
त्यसैले मान्छे !
तिमी आफूमा आफ्नै सहारा हो !

मान्छे !
मान्छे थकित छन्
मान्छे व्यथित छन्
मान्छे चिन्तित छन्
मान्छे पीडित छन् पनि
तर मान्छे कसैको
'नक्कल' मा अनुवादित हुनु हुँदैन
किनकि मान्छे यथार्थमा
कुनै कविको साहित्यमा 'वर्णित'
'मान्छे' त्यो होइन
अर्थात् मान्छे स्वयंमा
मान्छेकै प्रतिविम्व हो !

त्यसैले मान्छे
तिमी किन दुःखित हुन्छौ ?
तिमीले त 'दियो' जस्तै विस्तारै
विस्तारै यात्रारम्भ गर्नुपर्छ
किनकि 'तिमी' चुरोटको त्यो
ठूटो होइन
जो चाँडे-चाँडै सल्कन्छ
के मान्छे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तिमी भन
आरामदायी कौचमा बसेर
तिमीलाई कत्तिको सुख अनुभव हुन्छ ?
के तिमी कहीं/कतै असन्तुष्ट छैनौ ?

समय-मान्छे !
समय हो त्यो
जो तिमीलाई निर्देशित
दिशामा सञ्चालित गर्छ
त्यसैले समय त्यो तिम्रो
कल्पना-सीमाभित्र छैन !
त्यसैले मान्छे !
समय त्यो तिम्रो शायद
'पर्यायवाची शब्द' हुनसक्छ !

विजया दशमी २०४८ को

शुभ उपलक्ष्यमा सम्पूर्ण नेपालीहरूमा सुख समृद्धि तथा

दीर्घायुको हार्दिक शुभ-कामना व्यक्त गर्दछौं ।

– नेपाल खाद्य संस्थान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजनीति शास्त्रको परिचय

(Introduction to the Study of Political Science)

– केदारप्रसाद काफ्ले

राजनीति शास्त्रको परिचय दिने क्रममा हामी पासविक युग देखि नै हेर्न सक्छौं। मानिसलाई सभ्य युगमा प्रवेश गर्नको लागि विभिन्न सङ्घर्ष पश्चात् हजारौं वर्षपछि सामाजिकताको विकास सुरु भयो। मानिस चेतनशील प्राणी भएकोले समाजमा बस्न रुचायो। समाजमा अराजकता नहोस भनेर विभिन्न सामाजिक सङ्घ, राष्ट्र र राज्यको कल्पना गर्न लाग्यो र समाजमा सभ्यता, सहयोग, शान्ति साथै पारस्परिक सद्भावना तथा सेवा गर्न लाग्यो। इतिहासलाई हेर्दा मानवहरू बीच सङ्घर्ष र झगडा पनि नभएका होइनन्। जब मानिसहरू बीचमा सामाजिकताका भावनाको विकास भयो, त्यसलाई मानिसले सुखमय जीवनको चाहना गर्न लाग्यो। सङ्घर्ष र झगडाले समाजलाई नै तहस-नहस पारिदिने कारणले गर्दा मानिसले सङ्घर्ष तथा झगडा गर्न नचाहनु स्वभाविकै हो। राजनीति शास्त्रको उद्देश्य पनि मानवको लागि सुखमय जीवन बिताउनु रहेकोले मानवहरूको यसप्रति ध्यान आकर्षित हुनु स्वाभाविकै हो। जब मानिस समाजमा बस्न थाल्यो त्यसपछि नै उसका राजनैतिक क्रियाकलापहरू सुरु हुन थाले। राजनीति र समाज एक आपसमा अलग भएर कहिले पनि बस्न सक्दैनन्।

मानिसको समाजमा राजनैतिक क्रियाकलाप शुरू भएपछि, कसरी सङ्गठित समूहको विकास गर्ने, सङ्गठित समूह माथि आफ्नो प्रभाव जमाउने, त्यसमाथि निर्णय लागू गर्ने, सङ्गठित सङ्घ संस्थालाई कसरी नियन्त्रण र सन्तुलन गर्ने भन्ने जस्ता चिन्तन र मनन हुन थाले। त्यसैले व्यक्ति एकबाट अनेक भई बस्न थाल्यो र यिनै समूह बीच क्रिया र अन्तंक्रिया (Action

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

and Interaction) शुरु भए। यही क्रिया र अन्तंक्रिया नै राजनीति हो र यसको चिन्तन, मनन र अध्ययन प्रक्रियालाई राजनीति शास्त्र भनिन्छ। यसरी हेर्दा यहाँ आएर राजनीतिलाई २ भागबाट अध्ययन गर्न सकिन्छ।

(१) शक्ति प्राप्त गर्ने तत्व (शासक)

(२) शक्तिद्वारा नियन्त्रित तत्व (शासित)

यस अर्थमा राजनीति शास्त्रलाई शक्ति (Power) प्राप्त गर्ने, त्यसलाई प्रयोग गर्ने शक्तिको दाउपेच र शक्तिको खेलको रूपमा समेत लिन सकिन्छ। उपरोक्त दुईको सङ्घर्षबाट नै राजनीतिको सन्तुलन र विकास हुन्छ।

राजनीति शास्त्रको उत्पत्ति

राजनीति शास्त्र Political Science हो। नेपाली रूपान्तर यसलाई Politics भनिन्छ। Political & Politics दुवै यूनानी भाषाको Polis बाट आएका हुन्। Polis को अर्थ नगर राज्य (City State) भन्ने बुझिन्छ। नगर राज्यसँग सम्बन्धित विषयलाई Politics भनिन्थ्यो। प्राचीन समयमा स-साना नगर राज्यहरू हुन्थे। ती राज्यहरू पूर्णतया स्वतन्त्र थिए। आधुनिक युगका जस्ता ठूला-ठूला राज्य थिएनन्। आजको राष्ट्रिय राज्य (National State) को सुरुवात नगर राज्यबाट भएको हो। राज्यसँग सम्बन्धित सम्पूर्ण विषयको अध्ययन गर्ने शास्त्रलाई नै राजनीति शास्त्र भनिन्छ। Aristotal ले Politics भन्ने पुस्तक लेखी राज्य सञ्चालनको लागि आवश्यक नीति उल्लेख गरेका थिए।

राजनीति शास्त्रको परिभाषा

राज्यको अध्ययन गर्ने शास्त्र नै राजनीति शास्त्र हो। यसले राज्य र शासन दुवैको अध्ययन गर्दछ।

प्रसिद्ध फ्रान्सिसी विद्वान् Paul Janet का अनुसार "राजनीति शास्त्र समाजशास्त्रको त्यो भाग हो, जसमा राज्यको आधार र शासन सम्बन्धी सिद्धान्त उपर विचार गरिन्छ।"

Political science is that kind of social science which treats the foundations of state and the Principles of Government - paul Janet.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Prof Gather का अनुसार "राजनीति शास्त्रको प्रारम्भ र अन्त्य राज्यको साथै हुन्छ"।

"Political science begins & ends with state" prof Gather.

Prof Gettell का अनुसार "राजनीति शास्त्रले राज्यको विगत, वर्तमान तथा भविष्यको राजनैतिक संगठन एवं राजनैतिक कार्यहरू, राजनैतिक स्थान र राजनैतिक सिध्दान्तको अध्ययन गर्छ"

"It is thus a study of the state in the past present and future of political organization and political theories" prof Gettell.

Prof Laski का अनुसार– "राजनीति शास्त्रको अध्ययनको सम्बन्ध संगठित राज्यका सम्बन्धित मानव जीवनसंग छ।"

(The study of political science concerns itself with the life of man in relation to organised state.'– Prof Laski)

Leocack का अनुसार– "राजनीति शास्त्रको सम्बन्ध शासनसँग छ" ("Political Science deals with Government." – Leocack)

राज्य वा सरकारको विकास, स्वरूप, प्रकृति, सिद्धान्त आदिको वर्णन गर्ने शास्त्रलाई राजनीति शास्त्र भन्दछन्।

नागरिकलाई आफ्नो अधिकार र कर्तव्यको बोध गराउने शास्त्रलाई राजनीति शास्त्र भन्दछन्।

उपरोक्त राजनीति शास्त्रका परिभाषा अनुसार राजनीति शास्त्र राज्यको उत्पति, सङ्गठन कार्य र उद्देश्यको शास्त्र भन्ने थाहा हुन्छ। राज्यमा राजनीति शास्त्र चारैतिर घुम्दछ। संक्षेपमा उपरोक्त परिभाषाले राजनीति शास्त्रको प्रमुख तत्वलाई निम्न लिखित रूपमा राख्न सकिन्छ।

(१) राजनीति शास्त्र राज्यको उत्पति र विकासको शास्त्र हो।

(२) राजनीति शास्त्र राज्यका तत्वहरूको शास्त्र हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३) राजनीति शास्त्र राज्यको भूत, भविष्य र वर्तमान शास्त्र हो।

(४) राजनीति शास्त्र राज्यको विभिन्न संस्थाहरूको राज्य कार्यको शास्त्र हो।

(५) राजनीति शास्त्र राज्यको काम र उद्देश्यको शास्त्र हो।

(६) राजनीति शास्त्रले राज्यको शासन तत्वहरूको अध्यापन गर्दछ ।

(७) राजनीति शास्त्रले सरकार र शासनको अध्ययन गर्दछ।

राजनीति शास्त्रका अध्ययनको महत्व

असङ्गठित समाजले अराजकताको वातावरण सृजना गर्ने र मानिसको जीवन तथा व्यक्तित्वको विकास गर्न बाधा उत्पन्न गराउने कारणले गर्दा मानिस सङ्गठित भएर बस्न चाहन्छ। मानिसलाई सुख र सवृद्धिको लागि राजनीति शास्त्रको अध्ययन आवश्यक भयो। तत्पश्चात् राजनैतिक इतिहासको शुरूवात भयो। यसको अध्ययन समाज र व्यक्ति दुबैको लागि अति आवश्यक छ। यसले, नागरिकलाई राज्यको मूल तत्व के हो? आवश्यक स्वरूप के हो ? राज्यको आवश्यकता र महत्वको बारेमा प्रकास पार्दछ र राज्यको उद्देश्यको काम कर्तब्यको बारेमा सिकाउदछ। अरस्तुका अनुसार राज्य उत्पति मानवको लागि सुखमय जीवन विताउनको लागि भएको हो। राज्यको वर्तमान अवस्था कस्तो छ, पहिले कस्तो थियो र पछि कस्तो हुनुपर्दछ भन्ने कुरा यसले नागरिकलाई बताउदछ । मानिसको राजनैतिक चेतना विकासको लागि राजनैतिक संस्थाको चेतना विकास क्रियात्मक एवं व्यावहारिक स्वरूप, उद्देश्य र कार्यक्षेत्र आदि कुराको ज्ञान यसले नागरिकहरूलाई दिलाउँदछ।

राज्य संचालन गर्न सरकार गठन गरेको हुनुपर्दछ कस्तो शासन कस्तो अवस्थामा उपयुक्त हुन्छ साथै सरकारको अंग, गुण, र संविधानको बारेमा समेत अध्ययन गर्नु आवश्यक छ अन्यथा कुशल नागरिक भएर राज्यको काममा सक्रिय हुन सकिदैन। कानून भन्नाले सरकारको इच्छा भन्ने बुझिन्छ। राज्यमा कानूनले बिभिन्न संघ संस्थालाई नियन्त्रण गर्छ । नागरिकलाई आफ्नो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अधिकार र कर्तव्यबोध यसको अध्ययनबाट मात्र संभव छ। देश काल परिस्थिति अनुसार नागरिकलाई आफ्नो अधिकार तथा कर्तव्य दिएको हुन्छ। मानिसको व्यक्तित्व विकासको लागि विभिन्न समुदाय, आर्थिक, सामाजिक, धार्मिक राजनैतिक संस्कृतिको आवश्यक पर्छ।

राष्ट्रिय र अन्तर्राष्ट्रिय घटना, संघ, संस्था र समस्याहरू र समाधानका उपाय समेतको अभावमा मानिसले आफ्नो व्यक्तित्व विकास गर्न सक्दैन। यसको अध्ययनबाट विभिन्न राजनैतिक दार्शनिक Plato, Aristoltale, Hegel, Marx का चिन्तन साथै स्वतन्त्रता, समानता, राष्ट्रियता, नागरिकता, संविधानको बारेमा थाहा पाइन्छ।

राज्यमा कुशल नागरिकको लागि उपरोक्त कुराको अध्ययन गर्नु अति आवश्यक छ?

काम गर्नमा तिमी महान बन, जस्तो तिमी विचारमा महान छौ। कुरा जस्तो काम गर, काम जस्तो कुरा।

– शेक्सपियर

जसरी फूलको सुवासलाई हावाले चारैतिर फैलाउँछ त्यसरी नै सज्जन पनि अरूका असल गुणहरूलाई जतासुकै प्रचार गर्दछन्।

– कुसुमदेव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भोक

– श्रीकृष्ण तण्डुकार
बानेश्वर क्याम्पस

गुजेश्वरीको
पशुपतिको
स्वयंभूको
या,–

कुनै पनि हिन्दु मन्दिरमा
हो त्यो "भोक"
गहना जस्तै सजिएको छ।
एक टुक्रा रूमाल
एउटा कचौरा तेर्स्याएर
केही पाउँनें आशामा
दर्द मोहनी भरी
लय चुम्बक जस्तो घोली
एक पेट भर्ने
एक शुरमा भजन गाउँदै छन्।
प्रचण्ड गर्मी, प्रचण्ड जाडो खपेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एक सरो लताले आङ छोपी
धर्मवीरहरूको कृपामा
बाँच्ने कोशिश गरिरहेका
ती सडक किनाराका पाहुँना

भोकैको स्वर्गीय आसनमा
अक्षता, भेटी देलान् कि भनी
भोक-भोकै रूमलिइरहेका छन् ।
भोकैको दुनियाँमा
ती कुनै पनि मन्दिरहरूमा

गुह्येश्वरीमा–
पशुपतिमा,–
स्वयंभूमा

दुई मुक्तक

– कृष्णकुमार तण्डुकार

आँशु

"आत्मा त सबैको हुन्छ
दुःख पर्दा जो पनि रुन्छ
बुझ्नेले मात्र बुझेको हुन्छ
आँशुको मूल्य कति रहेछ"

धोका

"फूल भनेर टिप्न नखोज
काँडा पनि हुन सक्छ
जसलाई पायो त्यसलाई प्रेम नगर
त्यसले धोका पनि दिन सक्छ"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालको इतिहासका स्रोतहरू

– विष्णु सापकोटा

नेपालको इतिहासको शुरूवात प्राचीन कालदेखि नै भएको हो। त्यसैले प्राचीनकालदेखि नै इतिहास भावना, कल्पना, प्रमाणहिन विवरणभन्दा माथि उठी वैज्ञानिक धरातलमा आधारित भएको तथ्यपूर्ण खोज हो । इतिहासले देशको राजनैतिक, सामाजिक, धार्मिक, आर्थिक तथा सांस्कृतिक पक्षको वर्णन गरेको हुन्छ । इतिहासकारहरूले यो कुरा स्वीकार गरिसकेका छन् कि ऐतिहासिक सामाग्रीको अभावमा तयार पारिएको इतिहास प्रमाणहिन र अधूरो हुन जान्छ । इतिहासकारले इतिहास लेख्दा ऐतिहासिक सामाग्रीको प्रयोग गरी बुट्टा नभरी कसैको अनुवाद नगरी सत्य तथ्य प्रमाणहरू समेटेर तयार पार्नु पर्दछ । यस बाहेक इतिहासकार एक न्यायाधीश हो जसरी न्यायाधीशले मुद्दाको फैसला गर्दा निष्पक्ष रूपमा गर्दछ त्यसरीनै इतिहासकारले पनि इतिहास निर्माण गर्दा सूक्ष्मदर्शक यन्त्रले अध्ययन गरी वैज्ञानिक खोजको आधारमा र ऐतिहासिक सामाग्रीको प्रयोग गरी इतिहास निर्माण गर्नु पर्दछ। भनिन्छ, इतिहास राष्ट्रको गहना हो इतिहासको अभावमा राष्ट्रको परिचय हराउन सक्छ अतः नेपालको इतिहासमा पनि इतिहास तयार पार्ने विभिन्न सामग्रीहरूको प्रयोग गरी इतिहास तयार पारिन्छ । आधुनिक नेपालको इतिहासमा इतिहासका स्रोतहरूलाई निम्न आधारमा वर्णन गर्न सकिन्छ :–

१. वंशावली

वंशावली भन्नाले घटनाक्रमलाई समय मिलाई सिलसिलाबद्ध तरिकाले वर्णन गरिएकोलाई नेपालको इतिहासमा वंशावली भनिन्छ । यस्ता वंशावलीहरूमा राजाहरूको वंशानुक्रम उनीहरूको शासनकाल, त्यस समयमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निर्माण गरिएका पाटीपौवा, मूर्ति, आदि स्थापना गरेको समय आदिको बारेमा थाहा पाउन सकिन्छ। यिनीहरूलाई पनि तर्कपूर्ण वैज्ञानिक आधारमा खोज गरिन्छ यस्ता वंशावलीहरू भावनामा आधारित हुँदैनन्। नेपालमा विभिन्न समयका विदेशी विद्वानहरूले विभिन्न वंशावलीहरू पत्ता लगाएका छन। ती विद्वान्हरू हुन– शिशिल वेण्डाल, भगवानलाल इन्द्रजी, डेनुयल राइट, सिल्मेन लेभि, आदि। त्यसैले इतिहास पत्ता लगाउने एक महत्वपूर्ण सामाग्री वंशावली नै हो।

२. अभिलेख

ऐतिहासिक सामाग्रीको अर्को महत्वपूर्ण सामाग्रीमा अभिलेखलाई लिइन्छ। यस्ता अभिलेखहरू ढुङ्गामा लेखिएका हुन्छन् जसलाई शिलालेख भनिन्छ भने धातुमा लेखिएकोलाई धातुलेख भन्न सकिन्छ। यस्ता अभिलेखहरू लिच्छवीकाल देखि नै प्राप्त भैसकेका छन। अभिलेखहरू पत्ता लगाउने कार्य नेपाल भित्र र नेपाल वाहिरका इतिहासकारले गरिरहेका छन। विदेशी विद्वानहरूमा भगवानलाल इन्द्रजी, शिलि वेण्डाल, शिल्मेन लोभि आदि। नेपाली इतिहासकारहरूमध्ये धनबज्र वज्राचार्य, योगि नरहरिनाथले पनि पत्ता लगाइसकेका छन भने राष्ट्रिय अभिलेखालयले पनि प्रशस्त मात्रामा अभिलेख-हरू पत्ता लगाउने कार्य गरिरहेको छ। अभिलेखबाट कुनै पनि शासकको बारेमा जानकारी हासिल गर्न सकिन्छ उसको राज्य विस्तारवारे थाहा हुन्छ। त्यस वेलाको समाज अर्थतन्त्र आदि पत्ता लगाउन सकिन्छ। तसर्थ नेपालको इतिहासको नव निर्माणमा अभिलेखले महत्वपूर्ण भूमिका खेलेको हुन्छ।

३. हस्तलिखित ग्रन्थ

नेपालको इतिहासको महत्वपूर्ण र भरपर्दो स्रोतका रूपमा स्वलिखित ग्रन्थलाई लिन सकिन्छ। हस्तलिखित ग्रन्थ भन्नाले हातबाट लेखिएको कागजपत्रलाई भनिन्छ। यस्ता ग्रन्थहरू नेपाल भित्र र नेपाल वाहिर प्रशस्त मात्रामा पाइएका छन। नेपालभित्र नेपालको राष्ट्रिय अभिलेखालयमा, राष्ट्रिय पुस्तकालयमा, केशर पुस्तकालयमा पाइन्छ। नेपाल बाहिर विदेशमा इन्डियन नेशनल आर्काइभस, व्रिटीस अजायवघर, लण्डन पेरिस विश्व विद्यालय आदिमा नेपाल बारे लेखिएका पत्रहरू सुरक्षित छन्। यस्ता कागज

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पत्रहरूबाट पनि राजाको शासनकाल, त्यस समयमा घटेका महत्वपूर्ण घटनाहरूको बारेमा जानकारी प्राप्त गर्न सकिन्छ ।

४. मुद्रा

मुद्रालाई पनि ऐतिहासिक सामग्रीको एक महत्वपूर्ण र भरपर्दो स्रोतको रूपमा लिन सकिन्छ। मुद्राहरू समय समयमा फरक फरक पाइन्छन । नेपालमा विभिन्न प्रकारका मुद्राहरूको प्रचलन थियो जस्तै तामा, चाँदी, माटो र छालाका डवल र सुकी मोहरहरू प्राप्त भएका छन् । यस्ता मुद्राहरूले आर्थिक अवस्था बारे जानकारी प्राप्त गर्न ठूलो सहयोग पुऱ्याउँदछ । यस बाहेक त्यस वेलाको कलाकौशल र सीपको विकास बारे जानकारी दिन्छ यतिमात्र नभइ मानदेवको पालामा चलेको मानाङ्क नामक मुद्राले उनको शासनकाल उनको राज्य विस्तार र त्यस वेलाको धार्मिक विश्वास र परम्परा बारे जानकारी दिलाउन यस्ले ठूलो मद्दत गर्दछ । यसैले मुद्रालाई पनि इतिहासको एक महत्वपूर्ण स्रोतको रूपमा लिन सकिन्छ ।

५. कलाकौशल

कलाकौशलले इतिहास निर्माणमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ। कलाकौशल भन्नाले पुराना मन्दिर र भवनहरूमा कोरिएका कुँदिएका चित्रहरू राजदरवार, मूर्तिकला, काष्ठकला, पोशाक, गरगहना, माटाका भाडाहरू आदिलाई लिन सकिन्छ। यस्ता कला कौशलहरूले त्यसवेलाको सामाजिक, आर्थिक, धार्मिक जीवनको सच्चा तस्वीरहरू प्रस्तुत गर्दछ । विगतका केही वर्षहरूमा नेपालको पुरातत्व विभागले विभिन्न स्थानहरूमा उत्खननको कार्य गर्दै आइरहेको छ, जस्तै डोल्पा, दार्चुला, मकवानपुर हाँडीगाँउ, तिलौराकोट इत्यादि ठाउँमा उत्खननका कार्यहरू गरी इतिहासका कैयौ सामाग्रीहरू प्रकाशमा ल्याउनमा सफलता हासिल गरेको छ । यस किसिमका कलाकौशलले इतिहासको सच्चा स्वरूप प्रस्तुत गर्न सक्छ त्यसैले यसलाई पनि इतिहासको महत्वपूर्ण सामग्रीको रूपमा लिन सकिन्छ ।

६. विदेशीहरूको वर्णन

ऐतिहासिक सामग्रीहरूमध्ये इतिहासबारे पूर्ण जानकारी प्राप्त गर्न विदेशीहरूको वर्णनले पनि महत्वपूर्ण भूमिका खेलेको हुन्छ। किनकि नेपालमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बेला बेलामा घुम्न आउने र नेपालमा आई बसोवास गरी बसेका विदेशीहरूले नेपालबारे सुनेका देखेका र आफूले भोगेका कुरा र निस्पक्ष रूपमा वर्णन गर्दछन् । यिनीहरूको यस्तो लेखाइमा निरपक्ष, सत्य र तथ्य कुराहरू पाइन्छ साथै यस्ता विदेशी लेखकहरूले विभिन्न ऐतिहासिक स्रोतहरूको खोजि गरी वर्णन गरेका हुन्छन् यस्ता विदेशी लेखकहरूमा विलियम कर्कप्याट्रिक (William Karkpatrick) ले "An Account of the Kingdom of Nepal" नामक पुस्तक प्रकाशित गरेका थिए । त्यस्तै गरी डेनियल राइट (Daniel Wright) ले "History of Nepal" भन्ने पुस्तक प्रकाशित गरेका थिए । यस्तै सिल्मेन लेभिले "La Nepal" नामक पुस्तक लेखेका थिए । यसरी यस्ता विदेशी लेखकहरूले लेखेका पुस्तकहरूमा इतिहासका प्रशस्त सामाग्रीहरू पाउन सकिन्छ । यस बाहेक नेपालको इतिहासमा स्वदेशी लेखकहरूले पनि नेपाल बारे निकै अध्ययन र अनुसन्धान गरी प्रशस्त भागमा इतिहासका कृतिहरू प्रकाशित गरेका छन् ।

७. **अन्तरवार्ता स्थानीय जनश्रुति लोककथा भाषण र सरकारी प्रकाशनः-** आदिले पनि इतिहास निर्माणमा महत्वपूर्ण भूमिका निभाएको हुन्छ । अन्तवार्तावाट त्यस वेला तत्कालै घटेका घटना व्यक्तिलाई सोधेर जानकारी हासिल गर्न सकिन्छ । स्थानीय जनश्रुति र लोककथाले त्यस समयको रितिरिवाज संस्कार चालचलन आदि जान्नमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । किनकि कहिले काहीं त्यस वेलाको जनश्रुतिमा पृथ्वीनारायण शाहलाई गोरखनाथले दही खान दिएका घटनाहरू पृथ्वीनारायण शाहले कीर्तिपुरेहरूको नाककान काट्न लगाएका कुराहरू केही इतिहासकारले वर्णन गरेका छन । यस्ता घटना घटेका थिए भन्ने केही जानकारी वा यस्ले अवश्य नै दिन सकेको हुन्छ । त्यस्तै सरकारी प्रकाशन र भाषणहरूले पनि इतिहास निर्माणमा महत्वपूर्ण भूमिका खेल्दछ । सती प्रथा, दास प्रथा उन्मूलन गर्न चन्द्र शमशेरले गरेका भाषणहरूले पनि महत्वपूर्ण योगदान दिन सक्छ । त्यस्तै विभिन्न समयमा राजाहरूले गरेका भाषणमा र सरकार बाट प्रकाशित बुलेटिनमा पनि इतिहासका भौतिक सामाग्रीहरू प्राप्त गर्न सकिन्छ ।

यसरी सरसर्ती हेर्दा इतिहास निर्माणका प्रशस्त मात्रामा ऐतिहासिक सामाग्रीहरू पत्ता लागिसकेका छन् । ती सामाग्रीहरूलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इतिहासकारले सही ठाउमा सही रूपले प्रयोग गर्नु पर्दछ। इतिहास विदहरूले विना पूर्वाग्रही वनी इतिहास तयार पार्नु पर्दछ किनकि इतिहास मानिसको जीवनसँग सम्वन्धित रहेको हुन्छ।

अतः देशको भविष्य निर्माण गर्ने कार्यमा यी माथि उल्लेख गरिएका ऐतिहासिक सामाग्रीको प्रयोगको आधारमा सत्य र तथ्य इतिहास निर्माण गरेमा त्यो इतिहास, समाजको दर्पण वन्न सक्छ। यस्ता कार्यहरू गरेमा वास्तविकता र सही इतिहास बन्न सक्नेछ। यसैले भनिन्छ कि हरेक देशको इतिहासमा त्यस देशको समाज र राष्ट्रको जिम्मा लिएको हुन्छ। इतिहासकारले यो राष्ट्रको सांस्कृतिक पक्ष तथा आर्थिक सामाजिक धार्मिक पक्षहरू मात्र नभई यो सम्पूर्ण जानकारीलाई यथार्थ चित्रण गरी जस्ताको तस्तै रूपमा उतार्नु पर्ने हुन्छ। यसैले प्रत्येक विचारहरूलाई सुक्ष्म दृष्टि एवं निस्पक्ष तरिकाले केलाएर वास्तविकता पत्ता लगाउनु नै इतिहासकारको कर्तव्य हो। अतः आधुनिक नेपालको इतिहास निर्माण गर्नमा यी माथिका ऐतिहासिक सामाग्रीहरूले निकै महत्वपूर्ण भूमिका खेल्दछन्।

ईश्वर पूजाको होइन प्रेमका भोका छन्।

– स्वामी दयानन्द

साहित्य, संगित र कला विहिन मानिस सिंग, पुच्छर नभएको पशु समान हो।

– नीति शास्त्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मायाँ

- विनोद उप्रेती (ज्याक्सन)

यो मन मेरो उदास पारी
तिमी किन पर भइछ्यौ
तिम्रो सम्झनामा म सधैं तड्पिन्छु
तिमी अर्कै पो भइछ्यौ ।

तिम्रा ती हरेक भावनालाई
म सधैं सुन्दर वनाइदिन्छु
तिम्रा ती आँशुका थोपालाई
मुटुमा जमाई दिन्छु ।

तिमी यदि सत्यता र साँचोमा बाँच्न चाहन्छ्यौ भने
म तिमीलाई साथ दिउँला
तिम्रा ती आँशुका थोपालाई
अमृत झैं पिइदिउँला ।

'विचारहरूका परमाणु विजुलीभन्दा पनि अति सूक्ष्म र बलवान हुन्छन् ।'

- खप्तड स्वामी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरीवीको रेखा
(The Poverty Line)

– डा. शिवराज लोहनी

२. परिचय

नेपाल एक अति कम विकसित देश हो। वोर्ल्ड डेभलपमेन्ट रिपोर्ट १९९१ अनुसार नेपालको प्रतिव्यक्ति आय सन् १९८९ मा एक सय असी अमेरिकी डलर मात्र पुग्न गई आठौं अति कम विकसित राष्ट्रको रूपमा चिनिन पुगेको छ। विगत दुई वर्षको उत्पादन वृद्धि दर, जनसंख्या वृद्धि दर, र हालै मात्र भएको अवमूल्यनवाट कायम रहन गएको अमेरिकी डलरसँगको विनिमय दर समेत विचार गर्दा हालको नेपालको प्रतिव्यक्ति आय एक सय असी अमेरिकी डलरभन्दा निकै कम रहन जाने अनुमान गर्न सकिन्छ।

आर्थिक वृद्धि दरलाई तीव्र पार्दै गरीवीको निराकरण गर्नु नेपाल जस्ता अति कम विकसित देशहरूको मुख्य चुनौती हो। गाउँ नै गाउँले भरिएको देश नेपालमा ९० प्रतिशतभन्दा बढी जनता गाउँमा बस्दछन् र गरीवीको असर (Incidence) पनि गाउँहरूमा नै अधिक रहेको पाइन्छ। त्यसैले नेपालको सन्दर्भमा गाउँको विकासबाट मात्र गरीबीको निराकरण गर्न सम्भव छ। आ. व. २०४८।४९ को वार्षिक बजेटमा सरकारलाई उपलब्ध साधनको ७० प्रतिशत ग्रामीण विकासका कार्यक्रमहरूमा लगानी गर्ने अठोट गरिएको छ। यसवाट श्री ५ को सरकारको गरीवी निराकरण गर्ने प्रतिवद्धता प्रतिविम्वित हुन्छ।

---

*डा. लोहनी हाल पाटन संयुक्त क्याम्पस, अर्थशास्त्र शिक्षण समिति एम. ए. कार्यक्रमसँग सम्बन्धित हुनुहुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरीबी निराकरण सम्बन्धी कार्यक्रमहरू प्रभावकारी बनाउनको निम्ति निम्न आधारभूत प्रश्नहरूबारे यथेष्ट जानकारी हुनु नितान्त आवश्यक छ :

- कसलाई गरीब भन्ने र कसलाई नभन्ने ?
- लक्षित समुदायमा कति जना गरीब छन् ?
- ती गरीबहरू कहाँ बस्दछन् ?
- किन ती व्यक्तिहरू गरीब भए ?

नेपालको सन्दर्भमा विभिन्न सरकारी एवं गैर सरकारी संस्थाहरूबाट गरीबलाई लक्षित गरी कार्यक्रमहरू सञ्चालन भएका कुरा सञ्चारका माध्यमबाट जनसमक्ष आउने गरेको पाइन्छ । यस्ता कार्यक्रमहरू माथि उल्लेखित आधारभूत प्रश्नहरू बारे यथेष्ट ध्यान पुऱ्याउन नसकिएबाट वास्तविक गरीबसम्म पुग्न नसकेका उदाहरणहरू पनि प्रशस्त भेटिएका छन् ।

"गरीबीको रेखा" को अवधारणा माथिका आधारभूत प्रश्नहरूको प्रत्यक्षरूपमा सम्बन्धित रहेकोले यही अवधारणालाई प्रस्तुत लेखको विषयवस्तु बनाइएको छ ।

२. गरीबी र आम्दानीको वितरणमा असमानता

साधारणतया गरीबीको कारण आय वितरणमा हुने असमानता (Inequality) हो भन्ने ठानिन्छ । उदाहरणको निम्ति यदि कुनै एक व्यक्तिले सबै आम्दानी लिन्छ भने आय वितरण पूर्णतया असमान हुन्छ र समाजका बाँकी सबै व्यक्तिहरूसँग कुनै आम्दानी नहुने हुँदा गरीब हुन पुग्दछन् । आय वितरण पूर्ण तथा असमान हुन नसक्ने हुँदा समृद्धशाली औषत आय भन्दा कम आम्दानी हुने व्यक्तिहरूसँग पनि उच्च जीवन स्तर निर्वाहि गर्न सक्ने क्षमता हुन सक्दछ र आम्दानीको वितरणमा असमानता भए पनि गरीबको संख्या कम रहन संभव हुन्छ । त्यस्तै आम्दानीको विवरणमा पूर्णतया समानता छ भन्दैमा त्यहाँ गरीबी छैन भन्न सकिन्न । यदि सबै व्यक्तिहरूको समान आय छ भने त्यहाँ कोही पनि गरीब रहदैनन् कित त्यहाँ सबै गरीब हुन्छन् । गरीब वा धनी के हुन्छन् भन्नेकुरा देशको आर्थिक विकासको स्तरमा भर पर्दछ । उदाहरणको निम्ति एउटा 'केक' को वितरण.लाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लिउँ । यदि 'केक' ठूलो छ भने एक जना व्यक्तिले आधा भन्दा बढी लिदाँ पनि बाँकी व्यक्तिहरूलाई भाग पुग्दछ भने 'केक' सानो भएमा सबै व्यक्तिहरूले बराबर बाँडेर लिए पनि प्रयाप्त हुन सक्दैन । त्यसैले गरीबी र आम्दानीको असमानतालाई एउटै अवधारणाको रूपमा हेर्नु भूल हुन्छ ।

आय वितरणको असमानता नाप्नको निम्ति साधारणतया गिनी कोइफिसियन्ट (Gini co-efficient) को मापदण्ड प्रयोग गरिन्छ । उक्त कोइफिसियन्ट मान पूर्ण असमान आय वितरण भएमा एक हुन्छ भने पूर्ण समान आय वितरण हुँदा शून्य हुन्छ यसको मान जति ठूलो हुँदै जान्छ त्यति नै आय वितरणको असमानतामा वृद्धि हुँदै जान्छ ।

नेपालको सन्दर्भमा नेपाल राष्ट्र बैङ्कबाट गरिएको एक सर्भेक्षण (सन् १९८५) बाट प्राप्त तथ्याङ्कको आधारमा हिसाव गर्दा गिनी कोइफिसियन्ट प्रति व्यक्ति आय वितरणको सम्वन्धमा ०.२५ र पारिवारिक आय वितरणको संवन्धमा ०.५१ रहेको पाइएको छ । धेरै आय हुने परिवारमा धेरै व्यक्ति रहने गरेको सन्दर्भमा पारिवारिक आय वितरणमा बढी असमानता पाइए तापनि प्रतिव्यक्ति आय वितरणमा कम असमानता रहन गएको देखिन्छ । एकातर्फ प्रति व्यक्ति आय वितरणमा कम असमानता हुन जानुले नेपालमा धेरै व्यक्तिहरू गरीव रहन गएको ईङ्गित गर्दछ । साथै आय वितरणका नीतिहरूबाट मात्र गरीबी हटाउन नसकिने र 'केक' को आकारमा नै वृद्धि गर्नु पर्ने तथ्य समेत स्पष्ट हुन आउँछ ।

३. गरीबीको परिभाषा

गरीबी शब्द राजनीतिज्ञ, अर्थशास्त्री, समाजसेवी र बिकास कार्यमा संलग्न व्यक्तिहरूबाट अत्यधिक प्रयोग हुने गर्दछ । गरीबीको अवधारणामा पनि विविधता रहेको पाईन्छ। गरीबी भन्ने कुरा जति अवलोकन र अनुभवबाट अनुभूत (Feel) गर्न सजिलो हुन्छ त्यति नै परिभाषित गर्न कठीन हुन्छ तापनि अनुभूति व्यक्ति व्यक्तिमा र समय समयमा फरक पर्ने हुँदा निश्चित कुराहरूमा आधार गरी परिभाषित गर्नु उपयोगी हुन्छ ।

गरीबीको आर्थिक परिभाषा सरल रूपमा पैसाको अभावको स्थितिलाई मान्न सकिन्छ । यो परिभाषा बुझ्न सरल भए तापनि पैसा नहुनु भनेको आम्दानी नहुनु, सम्पति नहुनु, वा नगद नहुनु के कुरा मानिने हो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अस्पष्ट छ। त्यस्तै कति पैसा वा आम्दानी नहुनुलाई पैसा नभएको मान्ने निर्धारण गर्नु पनि कठीन भएकोले यो परिभाषालाई उपयोगी मान्न सकिन्न।

गरीवीको परिभाषा दिने क्रममा गरीवीको अवधारणालाई निम्न दुई प्रकारले प्रस्तुत गरिएको पाइन्छ ;

- निरपेक्ष गरीवीको अवधारणा : कुनै परिवार र व्यक्तिलाई न्यूनतम जीवन स्तर निर्वाह गर्न निश्चित वस्तु र सेवाहरू आवश्यक पर्ने र सो हासिल गर्न असमर्थ व्यक्ति वा परिवारलाई गरीव भनिन्छ। समाजका अन्य व्यक्तिहरूको जीवन स्तरसँग कुनै तुलना नै नगरीकन 'गरीवी' को परिभाषा गरिएको हुँदा यस्तो गरीवीलाई निरपेक्ष गरीवी पनि भन्ने गरिन्छ।

- सापेक्ष गरीवीको अवधारणा : औषत आय भन्दा निकै कम आय हुने परिवार वा व्यक्तिलाई यो अवधारणा अन्तर्गत गरीव मानिन्छ। यस अवधारणा अनुसार धनीको तुलनामा 'गरीव' को परिभाषा गरिएकोले आय वितरणमा पूर्ण समानता नभएसम्म गरीवी रही नै रहन्छ र न्यूनतम जीवन स्तर निर्वाह गर्न नसक्ने रहन्छ र परिवार वा व्यक्ति पनि आय समान भएको अवस्थामा 'गरीव' मानिदैन।

गरीव देशहरूको मुख्य चासो आयको वितरणको समानतामा भन्दा पनि कम आय भएको कारण जीवन निर्वाह गर्न असमर्थ व्यक्ति एवं परिवारको हितसंग गाँसिएकोले निरपेक्ष गरीवीको अवधारणा बढी उपयोगी रहेको पाइन्छ। यस अवधारणा अर्न्तागत न्यूनतम जीवन स्तर हासिल गर्न नसक्नुलाई गरीवी भनिन्छ। तर 'जीवन स्तर' कसरी नाप्ने र कस्तो जीवन स्तरलाई न्यूनतम मान्ने प्रश्नहरू उठ्दछन्।

जीवन स्तर नाप्नको निम्ति पारिवारिक आम्दानी, पारिवारिक उपभोग शिक्षा एवं स्वास्थ्यको स्थिति, सरकारी सेवाहरूको सुविधा आदि आधारहरू प्रयोग गरिएको पाईन्छ। आम्दानीमा बर्ष बर्षमा घटी बढी आए तापनि आफ्नो उत्पादन, बचत र सापटी समेतबाट उपभोगको स्तर निर्धारण हुने हुँदा आम्दानीभन्दा उपभोग जीवनस्तर नाप्नको निम्ति बढी उपयोगी हुने ठानिन्छ। त्यस्तै प्रतिव्यक्ति आम्दानी वा उपभोग कम रहे तापनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सरकारी सेवाहरू; जस्तै: शिक्षा, स्वास्थ्य खानेपानी यातायात आदि निशुल्क रूपमा प्राप्त गर्ने परिवारको जीवनस्तर यस्तो सुविधा प्राप्त नगर्ने परिवारका भन्दा माथि हुँन सक्ने हुनाले आम्दानी उपभोगमा आधारित मापदण्डहरूका साथै सामाजिक सूचकहरू (Social Indicators) हरूको प्रयोग गर्ने गरिन्छ। जीवनस्तर नाप्ने यी मापदण्डहरूलाई निश्चित नर्म (Norm) सँग तुलना गरी निरपेक्ष गरीवीको रेखा (Absolute Poresty Line) को पहिचान गरिन्छ जुन रेखामुनि न्यूनतम जीवनस्तर हासिल गर्न आवश्यक पर्ने वस्तु तथा सेवाहरू उपभोग गर्न असमर्थ गरीब समूह पर्दछ।

४. गरीबीको रेखाको परिभाषा

उपभोगमा आधारित गरीवीको रेखा पहिचान गर्नको निम्ति न्यूनतम पौष्टिक स्तर र शिक्षा स्वास्थ्य जस्ता आधारभूत आवश्यकताका सेवाहरू उपलब्ध गर्नको निम्ति आवश्यक पर्ने खर्च पत्ता लगाइन्छ। गरीबले प्रयोग गर्ने खाद्यान्न र सेवाहरूको मूल्य र न्यूनतम क्यालोरी र सेवाको स्तरलाई दृष्टिगत गरी न्यूनतम आधारभूत खर्चको हिसाब गरिन्छ। यस्तै खर्च गर्ने आम्दानी नभएका परिवारका व्यक्तिहरूलाई गरीव मानिने हुँदा यसले गरीवको रेखाको निर्धारण गर्दछ। जीवन यापन गर्न नभई नहुने आम्दानी / खर्चलाई आधार मानिएकोले यस्तो गरीवीको रेखालाई निरपेक्ष गरीवीको रेखा भनिन्छ।

नेपालको सन्दर्भमा सन् १९७६/७७ मा रा. यो. आ. ले गरेको एक सर्भेक्षण अनुसार ४० प्रतिशत जनताहरू निरपेक्ष गरीवीको रेखामुनि रहेको र न्यूनतम जीवनस्तर हासिल गर्न सक्षम नभएको अनुमान गरिएको थियो। सन् १९८५ मा रा. यो आ. ले गरेको अर्को अनुमान अनुसार उक्त प्रतिशतमा केही वृद्धि भई ४२.५ प्रतिशत पुगेको छ। १९८५ को अनुमान गर्दा निम्न आधारहरू अपनाइएको देखिन्छ :

- प्रतिव्यक्ति प्रतिदिन आवश्यक क्यालोरी : २२५०
- उक्त क्यालोरी उपलब्ध गर्न लाग्ने खर्च : रु. २.५१
  (अन्न, दलहन र आलुबाट उपलब्ध गरिने)
- पारिवारिक बजेटमा खाद्यान्नको अंश : ६५%

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

– न्यूनतम प्रतिव्यक्ति प्रतिदिन आवश्यक खर्च : २.५१/०.०६५ = रु. ५.४०

– न्यूनतम प्रतिव्यक्ति प्रतिवर्ष आवश्यक खर्च : रु. १९७१

– न्यूनतम प्रति परिवार वार्षिक आवश्यक खर्च रु. : रु. १०,३६७ (एक परिवारमा ५.२६ सदस्य हुने अनुमान)

यस प्रकार न्यूनतम आवश्यक खर्चको अनुमान मुख्यतया खाद्यान्नको निम्ति चाहिने खर्च र कुल पारिवारिक बजेटमा खाद्यान्नको अंशको अनुमानमा आधारित रहेको देखिन्छ। सन् १९८५ को मूल्यमा रु. ५.४० ले खाद्यान्न लगायत अन्य निर्धारित वस्तु र सेवा के कति मूल्यमा उपलब्ध हुने हो सोको विस्तृत विश्लेषण नभएबाट उक्त रकम न्यूनतम जीवनस्तर निर्वाह गर्नु प्रयाप्त नहुने कुराको शङ्का गर्न सकिन्छ। यसरी न्यूनतम जीवनस्तर हासिल गर्न आवश्यक पर्ने खर्चको अनुमान कम हुन गएबाट निरपेक्ष गरीबी रेखा तल रहन गएको र गरीबी रेखा मुनिको जनसंख्याको अनुपात ४२.५% मात्र कायम भएको छ। उपलब्ध सामाजिक एवं आर्थिक सूचकहरूले करीब ७०–८०% जनता निरपेक्ष गरीबी रेखामुनि रहेको तथ्य इङ्गित गर्दछन् तापनि वास्तविक गरीबीको रेखा पहिचान नभएसम्म कति प्रतिशत जनसंख्या गरीबीको रेखामुनि छन् एकिन गरेर भन्न कठीन छ।

५. गरीबीको रेखाको महत्त्व

– नेपालको समष्टिगत आर्थिक योजना (Macro-economic Planning) को उद्देश्य आर्थिक वृद्धिदरमा तीव्रता ल्याउने र गरीबीको रेखा मुनिका जनताको अनुपात घटाउने दिशातर्फ निर्देशित हुनुपर्ने महसुस गरिएको छ। यी दुइटा लक्ष्यहरूको बीच सामन्जस्यता कायम गर्नु एक चुनौतीपूर्ण कार्य हो। त्यसैले आर्थिक विकास दर तीव्र पार्ने क्रममा गरीबी निराकरणको लक्ष्यमा प्रतिकूल असर नपरोस् र गरीबी हटाउने नीतिहरूले आर्थिक वृद्धिदरमा नकारात्मक प्रभाव पर्न नपाओस् भन्नाका निम्ति विभिन्न वैकल्पिक उपायहरू अवलम्बन गर्दा 'गरीबीको रेखा' मुनिका जनताको अंशमा पर्न सक्ने असरहरूको विश्लेषण गर्नु वेश हुन्छ। योजनाको कार्यान्वयन मूल्याङ्कन गर्दा पनि गरीबीका रेखाको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेसलाइन प्रयोग गरी वस्तुगत तवरवाट गरीवी घटे नघटेको हेर्नु उपयुक्त हुन्छ । यस प्रकार योजना तर्जुमा, कार्यान्वयन तथा मूल्याङ्कन प्रक्रियामा गरीवीको रेखाको अवधारणाले महत्त्वपूर्ण भूमिका खेल्न सक्दछ ।

- गरीवीको रेखा विभिन्न भौगोलिक क्षेत्रहरूको निम्ति छुट्टा-छुट्टै पहिचान गरीं कुन क्षेत्रको विकासलाई प्राथमिकता दिने भन्ने कुरा एकिन गर्न सकेमा गरीवी हटाउने कार्य प्रभावकारी हुन सक्दछ । गैर सरकारी क्षेत्रमा संलग्न संस्थाहरूलाई कुन क्षेत्रमा निर्देशित गर्ने हो भन्ने कुरा प्राथमिकताका ठाउँहरू पहिचान गरेर मात्र गर्न सकिने हुन्छ । नेपालमा कार्यरत अन्तर्राष्ट्रिय एवं राष्ट्रिय गैर सरकारी संस्थाहरू हाल शहरी र सुविधाजनक क्षेत्रमा वढी केन्द्रित हुन पुग्नुको मुख्य कारण सरकारको प्राथमिकताका क्षेत्रहरू पहिचान गर्न नसक्नुलाई नै लिन सकिन्छ ।
- सरकारी एवं गैर सरकारी क्षेत्रवाट सञ्चालित विभिन्न गरीवी हटाउने कार्यक्रमहरू तथा आयोजनाहरू प्रभावकारी वनाउन सम्वन्धित क्षेत्रमा कुन-कुन परिवार गरीव छन् भन्ने कुरा आवश्यक पर्दछ र सो पत्ता लगाउन गरीवीको रेखाको अवधारणा उपयोगी हुन्छ । सर्भेक्षणको आधारमा प्रत्येक घर परिवारको आम्दानी र खर्चको विवरण सङ्कलन गरी कुन-कुन परिवारलाई कार्यक्रमले प्रत्यक्ष फाइदा पुऱ्याउनु पर्ने हो एकिन गर्नु आवश्यक हुन्छ । आम्दानीको सही विवरण प्राप्त हुन नसक्ने स्थितिमा अन्य वस्तुगत सूचकहरू; जस्तै: आवास, घरको स्थिति, घरमूली, लिङ्ग, आम्दानीको मुख्य स्रोत आदिको प्रयोग गर्न सकिन्छ । यी जानकारीवाट कार्यक्रमको मूल्याङ्कन गर्ने आधार (Baseline) समेत उपलब्ध हुने छ । यस्तो विधिवाट कार्यक्रम सञ्चालन नभएमा कार्यक्रमको प्रत्यक्ष फाइदा गरीव कहाँ नपुगी सम्पन्न वर्गले उपभोग गर्ने छ र गरीव र धनीको फाटो अझ वढ्ने छ ।

६. उपसंहार

गरीवीको रेखाको अवधारणाले लगानीको प्राथमिकताको निर्धारण, आयोजनाको छनौट, गैर सरकारी क्षेत्रको सहभागिता, योजनाको तर्जुमा एवं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मूल्याङ्कन, वार्षिक बजेटिङ आदि विभिन्न महत्त्वपूर्ण पक्षहरूमा गहन भूमिका खेल्न सक्ने देखिन्छ । यो अवधारणाका कमजोरीहरूमा (Limitation) न्यूनतम आवश्यकताका वस्तु र सेवाको निर्धारण विषयगत (Subjective) हुनु तथा पारिवारिक आम्दानी र खर्चले जीवनस्तरका सबै कुरा भन्न नसक्नुलाई मुख्य रूपमा लिन सकिन्छ । यी कमजोरीहरूबाट उक्त अवधारणाको महत्त्व घट्न जाने नभै यसको प्रयोग गर्दा यथेष्ट ज्ञान र सीपको आवश्यकता हुने कुरा इङ्गित हुन्छ । न्यूनतम आवश्यकताका वस्तुहरूको मूल्यमा परिवर्तन भए अनुसार न्यूनतम आवश्यक खर्चको निर्धारण नियमित रूपमा गर्दै गरीबीको रेखा मुनिको जनसंख्याको अंश कम गर्ने क्रममा भएका उपलब्धिहरूको मनिटरिङ गर्ने प्रणालीलाई विकसित गर्नुपर्ने देखिन्छ । यस्ता व्यवस्था अपनाएर श्री ५ को सरकारले गरीबी हटाउने प्रतिबद्धता ओठे भक्ति (L.P. Service) मात्र होइन भन्ने कुरा प्रदर्शन गर्नु पर्दछ । विश्वको आजको सन्दर्भमा नीजीकरणको नीतिलाई सरकारले पुनरावलोकन गर्दा गरीबीको रेखामा पर्न सक्ने असरहरूतर्फ पनि यथेष्ट ध्यान दिनु पर्ने देखिन्छ ।

सन्दर्भ ग्रन्थ

१. वर्ल्ड डेभलपमेन्ट रिपोर्ट, १९९१ ।

२. लोहनी, शिवराज (२०४५), नेपालको आधारभूत आवश्यकता सम्बन्धी कार्यक्रम, साउथ एसिया फोरम, काठमाडौं ।

३. Schiller, B (1980), **The Economics of Provety & Discrimination,** Prentice Hall.

विद्या समान वन्धु अर्को कोही हुँदैन र रोग समान शत्रु पनि अरू कोही हुँदैन ।

— नीति शास्त्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पोखरा र त्यसका अभिव्यक्तिहरू

– सन्जय
वानेश्वर क्याम्पस

आँखा भरी टम्म आँसु भरिएको छ
एउटा नवयुवक सडकमा त्यतै कतै
भौंतारिएको छ
अनुहार भरि मलिनताले छाएको छ,
एउटी नवयुवती सडकमा त्यतै कतै
भौंतारिएको छ,
शायद मान्छेको हृदय – हृदयमा बाटोको पनि
अंशवण्डा भइसकेको छ,
सडक छेउछाउका डेराका झ्यालवाट
चाँलीस वाटको बत्ती रगत विनाको पहेंलो
अनुहार झैं कतै कतै पोखिएको छ,
माछापुच्छ्रे आफ्नो नाङ्गो अनुहारमा
लाज लुकाउन घुम्टो ओडेर दुई चुल्ठा
फिजाउदै यतै कतै चियाइरहेको छ
शहरभरी अस्तित्व विहिन माग्नेहरूको
हातहरू लतपतिएको छ,
सेती रिसाएको आफ्नै भावनामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गहिरिएको छ;
एउटा अमेरिकन स्म्याक्सको मिठो
चुश्कसँगै त्यतै कतै लडिरहेको छ,
एउटा नेपाली फेवातालको डुङ्गामा आफ्नै
भावनामा बगिरहेको छ,
कतै कतै रेडियोमा मानवताको
गीत आइरहेको छ,
त्यसैले नै कति व्यक्तिहरूमा
निस्तब्धता छाइरहेको छ,
पोखरा यस्तै यस्तै शब्दहरू गाइरको छ.

जो स्वयं आफ्नो मालिक छ त्यही वास्तवमा महान हो।

– जोसेफ हाल

संसार रूपी भण्डारमा पुरूषार्थद्वारा प्राप्त हुन नसक्ने कुनै रत्न हुदैन।

– वाशिष्ठ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साहित्यमा शब्दशक्ति : छोटो परिचय

– टङ्कमणि नेपाल

उच्चारण भएको शब्दको कुनै न कुनै अर्थ हुन्छ । निरर्थक उच्चारणलाई शब्द मानिदैन । व्याकरणमा पनि पदार्थबोध गराउने वर्णरूप ध्वनिलाई शब्द भनिएको छ । कुनै पनि शब्दको अर्थबोधमा समन्वयको काम गर्ने शक्तिलाई शब्दशक्ति वा वृत्ति भन्दछन् । मुख्यतया साहित्यमा शब्दशक्ति तीन प्रकारका मानिन्छन्– अभिधा, लक्षणा र व्यञ्जना । अभिधाशक्तिले वाच्यार्थ वा मुख्यार्थ, लक्षणाशक्तिले लक्ष्यार्थ र व्यञ्जनाशक्तिले व्यङ्ग्यार्थको बोध गराउँदछन् । यस्तो अर्थ जाहेर गर्ने शब्द क्रमश: वाचक वा अभिधेय, लक्षक वा लाक्षणिक र व्यञ्जक वा व्यङ्ग्यात्मक शब्द कहलाउँछन् ।

१. अभिधाशक्ति :-

अभिधा शक्तिको बारेमा आचार्य मम्मट, विश्वनाथ आदिले विशद चर्चा गरेका छन् । वाक्यमा प्रयोग भएको कुनै पनि शब्दले चलन चल्तीको सामान्य अर्थ मुख्यरूपमा बुझाउँछ भने त्यस्तो अर्थ बुझाउने शक्तिलाई अभिधा भनिन्छ । जस्तै – 'वासुदेव' भन्दा वसुदेवका छोरा कृष्ण र 'कौन्तेय' भन्दा कुन्तीका छोरा युधिष्ठिर आदि सामान्य अर्थबोध हुन्छ । 'गाई' भन्दा सिङ पुछर भएको चारखुट्टे पशु, 'घर' भन्दा मानिसहरू बस्ने आवास भन्ने सामान्य अर्थ निस्कन्छ । 'भैंसी बाँध' भन्दा गाई जस्तै पशुलाई "कीलामा दाम्लो आदिले कस" भन्ने अर्थ पैदा हुन्छ । यस्तो अर्थज्ञान अभिधा-शक्तिबाट भएको छ ।

२. लक्षणा शक्ति :-

मुख्यार्थमा बाधा दिई मुख्य अर्थदेखि छुट्टै तर त्यसै मुख्यार्थसँग संबन्धित अन्य अर्थको बोध गराउने शक्तिलाई लक्षणा, अर्थात् – जसद्वारा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लक्ष्यार्थको बोध हुन्छ, त्यसलाई लक्षणा शक्ति भनिन्छ र त्यतो अर्थ जाहेर गर्ने शब्दलाई लक्षक वा लाक्षणिक शब्द भनिन्छ। जस्तै –"यो मानिस कस्तो गोरु रहेछ" यस वाक्यमा 'गोरु' शब्दको सिङ्ग पुच्छर भएको पशु भन्ने वाच्यार्थ हुन्छ र सिङ्ग पुच्छर आदि लक्षण नभएको मानिसलाई गोरु भन्दा मुख्य अर्थमा बाधा पर्दछ। त्यसैले लक्षणाशक्तिको मद्दतबाट 'गोरु' शब्दको विवेक शून्य पशु जस्तै मूर्ख मानिस भन्ने लक्ष्यार्थ ज्ञान हुन्छ। 'राम आगो रहेछ'। राममा आगोको आरोप गरिएको यस वाक्यमा आगोको पोल्ने र डढाउने पदार्थ भन्ने मुख्य अर्थमा बाधा हुँदा आगोको कडापन वा चर्कोपन भन्ने लक्ष्यार्थ बोध लक्षणाबाट हुन्छ। "घोडेजात्रा हेर्न शहरै उल्टिएको छ' वा "ए टयाक्सी शहर जान्छस् ?" आदि वाक्यमा शहरको ढुङ्गा, माटो काठ आदि साधनबाट बनेको घरहरूको घना बस्ती भन्ने मुख्य अर्थ हुन्छ। अचल र जड पदार्थले हिड्न र हेर्न नसक्ने हुँदा मुख्यार्थमा बाधा पर्दछ र शहरको अर्थ "नगरवासी मानिस" भन्ने लक्ष्यार्थ प्रकट हुन्छ। त्यस्तै टयाक्सीको निर्जीव, यान्त्रिक पदार्थ भन्ने वाच्चार्थमा बाधा पर्दा टयाक्सी चलाउने मानिस भन्ने लक्ष्यार्थज्ञान हुन्छ। बाटो काट्नु, हावा खानु, भात लाग्नु, हावा खुस्कनु आदि टुक्काहरूले क्रमश: पार गर्नु, असफल हुनु, मात्तिनु, बहुलाउनु आदि लक्ष्यार्थबोध गराउँछन्। लक्षणाको आचार्य मम्मटले मुख्य छ र विश्वनाथले पहिले मुख्य दुई भेद देखाई तिनकै सोह्र उपभेदहरूको सोदाहरण चर्चा गरेका छन्।

३. व्यञ्जनाशक्ति

अभिधाबाट वाच्यार्थ, लक्षणाबाट लक्ष्यार्थको बोध भइसकेपछि यदि कुनै शब्द वा वाक्यबाट अर्को अर्थ निस्कन्छ भने त्यस्तो अर्थ निकाल्ने वृत्तिलाई व्यञ्जना शक्ति, यसरी निस्केको विशिष्ट अर्थलाई व्यङ्ग्यार्थ र शब्दलाई व्यञ्जक-शब्द भनिन्छ। व्यङ्ग्यार्थलाई प्रतीयमान अर्थ भन्ने ध्वनिवादीहरू व्यङ्ग्यलाई 'ध्वनि' भन्दछन् र यसैलाई काव्यको आत्मा मान्दछन्। यसका दुई भेद छन्– शाब्दीव्यञ्जना र आर्थीव्यञ्जना।

(क) शाब्दी व्यञ्जना

शब्दको आधारमा व्यङ्ग्यार्थ जाहेर गर्ने शक्तिलाई शाब्दी व्यञ्जना भनिन्छ। 'गङ्गामा घर छ' यसमा गङ्गाको प्रवाह भन्ने वाच्यार्थमा बाधा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएपछि गङ्गाको तीरमा घर छ भन्ने लक्ष्यार्थ प्रतीत हुन्छ। त्यसपछि व्यञ्जनाद्वारा शीतलता र पवित्रता भन्ने तेस्रो व्यङ्ग्यार्थबोध हुन्छ। यो लक्षणामूला व्यञ्जना हो। यसमा व्यञ्जक शब्द शब्दमा आश्रित हुनाले शाब्दी व्यञ्जना भयो।

उपकार गऱ्यौ खूप, सौजन्य पनि देखियो।
स्यावास ! वेस गर्नेमा, तेजिलो नाम लेखियो ॥

अर्काको कुमलो र अहित गर्ने व्यक्तिलाई कसैले "तपाई बडो उदार, सज्जन र उपकारी हुनुहुन्छ, यस्ता सज्जनलाई धन्यवाद छ" भन्यो भने उसले अपकार गऱ्यो, दुर्जनता देखायो र दुर्जनका श्रेणीमा गनिने त्यस्तालाई धिक्कार छ भन्ने व्यङ्ग्यार्थ-बोध हुन्छ। माथिको उदाहरणमा यही व्यङ्ग्य छ। यसमा शब्द परिवर्तनबाट अर्थ खजमजिने हुँदा शाब्दी व्यञ्जना भनिएको हो।

ख. आर्थी व्यञ्जना :–

अर्थमा आधारित व्यञ्जनालाई आर्थी भनिन्छ। यसमा शब्दपरिवर्तन गर्दा पनि व्यङ्ग्यार्थमा बाधा पर्दैन। जस्तै – "सूर्य अस्ताए" को सट्टामा घाम डुबे, दिन बित्यो, साँझ पर्न लाग्यो आदि जे भने पनि त्यस वाक्यबाट निस्कने व्यङ्ग्यार्थमा बाधा पर्दैन। 'घाम अस्ताए' वाक्यको "सूर्य नामक तातो गोलो पदार्थ आकाशबाट अदृश्य" भन्ने एउटै वाच्यार्थ निस्कन्छ तर व्यञ्जनाशक्तिको आधारमा प्रसङ्गवस व्यक्तिभेदले धेरै व्यङ्ग्यार्थहरू पैदा हुन्छन्। कुनै गृहिणीले भान्साको धन्दामा लाग्ने, कृषकले खेतबारीबाट घर फर्कने धार्मिक जनले सन्ध्योपासना गर्ने समयको बोध गर्ने, बटुवा र भरियाले बासबस्ने समयको ज्ञान गर्ने, गोठालोले गाई भैंसी घर फर्काउने बेला भएको ठान्ने वा गाई भैंसी दुहुने सुरसार गर्ने आदि थुप्रै व्यङ्ग्यार्थहरू उत्पन्न हुन सक्छन्।

यो काल हो मधु छ रूष्ट उही अनङ्ग,
हावा बहन्छ रतिको श्रम हर्न मन्द।
क्रीडास्थली छ नि अशोक बनेर झुम्म
टाढा रहे पति सखी, म बनें अचम्म।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसमा बसन्त ऋतु, मन्द मन्द श्रमहारी, वायु, पतिको परदेश गमनले वियोगिनी भएकी नायिकाको वर्णन वाच्यार्थ र त्यस्तो बेलामा कामातुर नायिकाको पर पुरूषसँग गुप्तप्रेम गर्ने आशय सखी समक्ष प्रकट भएको व्यङ्गय अझ प्रभावकारी छ। यो अभिधामूला व्यञ्जना हो।

घुम, धार्मिक निस्फिक्री, गोदावरी किनारको।
कुञ्जवासी सिंहद्वारा हिजै कुकुर मारियो।

यहाँ गोदावरीको किनारको झाडीमा बस्ने सिंहद्वारा कुकुर मारिएकोले कुनै धार्मिकलाई आनन्दपूर्वक वनमा घुम भनी कसैले भनेको वाच्यार्थ र कुकुर मार्ने सिंहले मान्छे मार्न सक्छ, त्यसकारण गोदावरी किनारामा नघुम भन्ने व्यङ्ग्यार्थ स्पष्ट छ। अस्तु

गजल

– कृष्णकुमार तण्डुकार

म बोल्न खोज्छु बोल्नै सक्दिन
म हाँस्न खोज्छु हाँस्नै सक्दिन
मेरो दुःख मेरो पीडा कसैले बुझेन
मेरो हाँसो मेरो आँशु कसैले देखेन
आँशु मेरो झरि रह्यो
मुटु मेरो जलि रह्यो
तिम्रो यादले झनझन मलाई सताई रह्यो
ढकमक्क फूलेको फूलवारि देख्दा पनि
उराठ लाग्छ आज मलाई किन
सबै हाँसेको देख्न चाहने मेरो मन
आज भोलि आफै रोइदिन्छ मेरो मन
विश्व विजेता भए तापनि असन्तोषी मेरो मन
कहिले कांहि एक ज्यालामा हासिदिन्छ मेरो मन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जीवन

- कुन्ती गुरुङ्
व्यवस्थापन समूह

भिक्षा माग्न आउनेलाई
        एकमुठी चामल देऊ
मुस्कान माग्न आउनेलाई
        एक चोटि हाँसिदेऊ
तर, जीवन माग्न अउनेलाई
        सोचेर मात्र देऊ' ।

'जीवन एक सपना हो
        जो मानिस कल्पन्छ
जीवन एक सागर हो
        जहाँ मानिस तड्पिन्छ ।

नसंक जिन्दगीमा बहार आए जस्तो
        बहार तिम्रो संरक्षक पनि हुन सक्छ
नपोख मनका व्यथा सबैलाई
        कारण, कसैको कठोर हृदयले
षड्यन्त्र पनि गर्न सक्छ' ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उज्यालाको यात्रा

– गोपी प्र. रुपाखेती
मानविकी

त्यहाँ एउटा वस्ती थियो जसको माथि आकास भरि काला बादलहरू मडारिइरहेका थिए। कतै पनि एउटा तारा देख्नु बडो सौभाग्यको कुरा थियो त्यतिवेला। तलको वस्तीमा लाखौं-लाख मान्छेहरू अँध्यारोमा छटपटाइरहेका थिए, कुहिरोभित्रको काग जस्तै। तिनीहरूले एउटा उज्यालो जूनको प्रतीक्षा गरिरहेका थिए तरपनि उनीहरूको प्रतीक्षाको जून सयौं वर्ष-पनि उदाएन, अझ काला रातहरू बढिरहे समुद्रमा खसेको एउटा मानिसमाथि परबाट गोहीका बथान बढे जस्तै। साँच्चै त्यो अँध्यारो वस्तीमा मात्र काल-रात्री बाँचिरह्यो युगौंसम्म।

संयोग भनौं वा तीनको प्रतीक्षाको विजय कता-कता पूर्वमा अलिकति लाली चढेको तिनले महसूस गरे तरपनि तिनको मन प्रफुल्ल भने हुन सकेन अँध्यारोंमै युग बाँचेका तिनले उज्यालोको त साँच्चै भनु भने परिचय पनि राम्ररी पाएका थिएनन्। अब बिस्तारै उनीहरूले कल्पना गरेको उज्यालो उनीहरूतिर पाइला बढाउन थाल्यो तर तिनका त आँखामा पनि पट्टी लगाइएको रहेछ। झट्ट त्यो पट्टी फुकाल्ने शाहस पनि तिनले गर्न सकेनन् किनकि उनीहरूलाई शङ्का थियो। फेरि कतै खोलिसकेको पट्टी पनि कसैले बाँधिदिने हैन अझ बलियो सित ? तर जेहोस् बिस्तारै पट्टी नखोलेरै पनि उनीहरूले केही उज्यालोको महसुस गरे।

उज्यालो भन्ने कहिल्यै नचिनेका तिनीहरूका लागि त्यो सब अद्भूत कथा जस्तै लाग्यो, सपना जस्तै लाग्यो। तिनले अब पट्टी नखोलीं बस्न सकेनन् भय र शाहसको दोसाँधमा अल्झिएर तिनले पट्टी खोले अनि आँखा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मिचेर हेर्दा उनीहरू अर्कै संसारमा पुगे थाहा भयो तिनलाई हामी कुन खाल्डोमा रहेछौं ? कुन दुनियाँमा रहेछौं ?

उज्यालो भन्ने कहिल्यै नदेखेका ती प्राणीहरूले अब कुनै हालतमा पनि उज्यालो नछोड्ने दृढ निश्चय गरे फेरि उनीहरूको लागि सँधै चम्किरहने एउटा जून त छँदै थियो त्यसैको उज्यालो तिर उनीहरू रम्न थाले । अब त्यो अँध्यारो बस्ती केही उज्यालो बस्तीको रूपमा परिणत भयो तर उनीहरूका गोठ आँगन र पँधेरीहरूमा त्यसको उज्यालो पुगेको थिएन जून तिनीहरूको यस्तो माग भेटियो जो उनीहरूका ती अँध्यारो गोठ आँगन र पँधेरीहरूमा पनि पुग्न चाहन्थ्यो तर दुर्भाग्यवश जूनलाई कालो बादलले ढाक्यो अनि फेरि सारा बस्ती अन्धकारमै फर्कियो ।

तर अब उज्यालो देखिसकेका ती विवेकशील प्राणीहरू उज्यालोकै लागि सङ्घर्ष गरिरहे पहिले जस्तो फेरि आँखामा पट्टी बाँध्न तयार भएनन् । जूनलाई बादलबाट निकाल्न लडिरहे गगनभेदी नारा गुन्जाइरहे तर तिनको बोली निष्ठुरी बादलले सुनेन । बरू तिनमाथि मेघ, चटचाङ, असिना र पानीका फोहराको प्रहार गरे । उता जून पनि निष्क्रिय भएको थिएन बादलसँग ऊ पनि सङ्घर्षरत नै थियो र उसले फेरि बादललाई हराएर आफ्नो किरण चारैतिर फिजायो । फेरि पहिले जस्तै खुसीले छायो त्यो बस्तीमा ती सर्परूपी बादलले विष फिजाउन भने छोडेको थिएन । जून फेरि बन्द भयो ती मानिस आत्तिएर फेरि पनि जूनकै खोजीमा लागे तर यसपाली लामो समयसम्म लडेर पनि जून र ती मानिसका समूहले विजय प्राप्त गर्न सकेनन् बादलसँग त्यसैले विशाल युद्ध लडे तिनले त्यो कालो बादलसँग र बिजय पनि प्राप्त गरिछाडे । तर त्यो पनि क्षणिक रह्यो र बादलको षडयन्त्रबाट जून फेरि पनि घेरियो । अब त्यस दुनियाँका मानिस सङ्घर्षदेखि नडराउने मनस्थितिमा पुगिसकेका थिए चाहे भूइँचालो आओस् चाहे आँधी ।

त्यसैले जीवन मरणको प्रश्न लिएर लडे तिनीहरू तर ठूलो दुर्भाग्य "जून त बादलसँग लड्दा-लड्दै अस्ताएछ" । यो खबरले क्रान्तिकारीहरू एकचोटि स्तब्ध भए भने अर्कोतिर कालो बादल आफ्नो विजयोत्सव मनाउँदै थियो, उसलाई विश्वास थियो अब उज्यालो चाहनेहरूसँग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लड्नुपर्ने छैन । तर उसको सपना पूरा भएन जून समर्थक क्रान्तिकारीहरू अन्धाधुन्ध लडे । जसको नेतृत्व एउटा पाको क्रान्तिकारीले गरेको थियो । आखिर जून अस्ताए पनि त्यसको उज्यालो किरणलाई रोकिराख्न तिनीहरू सफल भए बरू बादललाई हटाएरै छाडे । त्यसैले प्रत्येक वर्षमा एकचोटि उनीहरू आफ्नो प्यारो जून जसले अँध्यारोबाट उज्यालो चिनायो त्यसलाई सम्झन्छन् र श्रद्धा र सम्झनाका दुई थोपा आँसु वहाउँछन् ।

दुई मुक्तक

जितेन सुब्बा "लिम्बु"
प्रमाण–पत्र तह
बानेश्वर क्याम्पस

आउ नेपाली दाजु भाई
देशको विकास गर्न लाई
गरौं हामी खेतीपाती
भोक र छाक टार्नलाई

हिमालको काखमा बसी
नौला कुरा ब्युँझाउँछन्
लगनशील भएर नेपालीहरू
विश्वमा अमर भन्दछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बैंक र यसको शुरुआत

– छायादत्त पाण्डे

बैंकको शुरुआत कसरी भयो ?

बैंकिङ भन्नाले सामान्यतया मुद्राको कारोबार सम्बन्धी कुरा बुझिन्छ । खास गरेर बैंक शब्द अंग्रेजी Bank बाट नेपालीकरण गरिएको भए तापनि यो अंग्रेजीबाट आएको नभै इटालियन शब्द Banco बैङ्कोबाट आएको विश्वास गरिएको छ । म्याकिलउडका अनुसार (Macleod) यो शब्दको अर्थ "थुप्रो" अथवा 'जम्मा भएको' भन्ने हुनु पर्दछ । यहाँले सामूहिक कोष (Common fund अथवा Joint Stock) बुझाउछ भन्ने तर्क गर्नु भएको छ । इटालियन भाषामा Banco को अर्थ बैंक अथवा टेबुल भएकोले यस्तो टेबुलमा जम्मा गरिएको रकम भन्नको लागि यो शब्दको उपयोग भएको हुन सक्दछ ।

बैंकको शुरूआत हुनु अघि पनि रूपैया उधारो दिएर व्याज लिने काम वेलायतका स्वर्णकार (Goldsmith) हरूले प्रशस्त मात्रामा गरेको पाइन्छ । यिनीहरूले नै वेलायतमा मुद्राको व्यापारलाई अगाडि बढाउन मद्दत गरे ।

मध्ययुगमा इटालीको भेनिसमा Bank of Venice (बैंक अफ भेनिस) स्थापना भइसकेको कुरा कतिपयले दावी गरेका छन् तर प्रमाणिक रूपमा भने सन् १६९४ मा वेलायतमा स्थापित Bank of England पहिलो देखिन्छ । यसरी विश्व इतिहासमा बैंकको शुरूआत यूरोपबाट मानिए तापनि वेदमा र पूर्वीय प्राचीन शास्त्रहरूमा मुद्राको कारोबार भएको पाइन्छ ।

नेपालमा सर्वप्रथम बैंकको शुरूआत वि. सं. १९९४ (सन् १९३७) मा स्थापित नेपाल बैंक लिमिटेडबाट भयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बैंकको परिभाषा

बैंकको परिभाषा सम्बन्धमा विभिन्न विद्वानले यसरी प्रस्तुत गरेका छन् :

गिलवर्ट (Gillbert) भन्नु हुन्छ - बैंक यस्तो मुद्राको अथवा पुंजीको कारोवार गर्ने पार्टी हो जसले सापटी दिनेको बीचमा रहेर काम गर्दछ। उसले आफूले अरूबाट जम्मा गरेको रकम ऋण प्रदान गरी नाफा गर्दछ। उहाकै शब्दमा – A banker is a dealer in capital more properly a dealer in money. He is intermediate party between borrower & lender. He borrows of one party and lends to another and the difference between the terms at which he borrows and those at which he lends, form the source of his profit."

त्यसै गरी बैंक शब्दको शब्दार्थ अंग्रेजी भाषाको शब्दकोष अक्सफोर्ड एडभान्स्ड लर्नस् डिक्सनरीमा यसरी गरिएको पाइन्छ :

"Establishment for keeping money and valuables safely, the money being paid on the customer's order (by means of cheque).

अथवा बैंक त्यस्तो संस्था हो जसमा पैसा र बहुमूल्य वस्तु सुरक्षित तवरले राखिन्छ। यस्तो पैसा जुन राख्ने ग्राहकको माग अनुसार भुक्तानी दिइन्छ।

डा. एच्. एल. हर्टको भनाई अनुसार बैंक अथवा बैंकर त्यसलाई भनिन्छ जो आफ्नो व्यापारिक गतिविधिमा ती व्यक्तिद्वारा लिखित चेकको भुक्तानी गर्दछन्। कसबाट र जसको निमित्त यिनीहरूले चल्ती खातामा जम्मा (डिपोजिटको रूपमा रूपैंया) स्वीकार गरेका हुन्छन्।"

वाल्टर लिफको अनुसार "बैंक त्यो व्यक्ति वा कम्पनी हो जसले जनताको धनलाई अमानतको रूपमा राख्दछ र उनीहरूले मागेको खण्डमा चेकद्वारा भुक्तानी गर्दछ।"

सर जोन पागेटका अनुसार "कुनै व्यक्ति अथवा कम्पनी (१) रूपैंया जम्मा लिएर, (२) चालू खाता खोलेर, (३) चेक लेखेर अथवा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफूमा लेखिएको चेकको भुक्तान गरेर, (४) आफ्ना ग्राहकद्वारा लेखिएको क्रस्ड या अक्रस्ड चेकको भुक्तान गर्दैमा बैंक भनिदैंन। बैंक हुनको लागि माथि उल्लेखित सबै कामको साथै निम्नानुसार कार्य पनि गर्नु पर्दछ, अनि मात्र हुने मानिस या कम्पनीलाई बैंक भन्न सकिन्छ।

१. बैंकिङ्ग उसको सबैको विदित व्यवसाय हुनुपर्दछ।
२. उसले आफूलाई बैंक घोषित गर्नु पर्दछ र जनताले नै उसलाई बैंक सम्झनु पर्दछ।
३. उसको उद्देश्य व्यापारिक काम गरेर धन कमाउने हुनुपर्दछ।
४. बैंकिङ उसको मुख्य व्यवसाय हुनुपर्दछ।

उपरोक्त सबै परिभाषाभन्दा आधुनिक परिभाषा एउटा अर्थशास्त्रीले निम्न प्रकार दिएका छन् :–

"बैंक त्यो संस्था हो जसले साखको खरीद बिक्री गर्दछ।"

विजया दशमी २०४८ को

शुभ उपलक्ष्यमा सम्पूर्ण नेपालीहरूमा सुख समृद्धि तथा दीर्घायुको हार्दिक शुभ-कामना व्यक्त गर्दछौं।

– स्पाइनर इन्टरनेशनल नेपाल
रामशाह पथ, काठमाडौं।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्झना

- उपेन्द्रप्रसाद पौड्याल

हरेक दिन तिम्रो यादले
अन्तरमा जलन बढिरहेछ
तिमी साथ होऊ वा नहोऊ
तिम्रो याद ताजा त छँदैछ ।

म सानो मुटूको धडकनमा
मेरो जीब चलिरहेछ
मेरो मुटूको चलाई
केवल तिम्रो याद मात्र रहेछ

तिम्रो निवास मेरो अन्तरमा होस
ज्ञान भरिदेऊ विवेक भरिदेऊ
अन्तर हृदय प्रज्वलित गरिदेऊ
जीवन पथको वाटो फुकाइ देऊ ।

दर्शन तिम्रो पाउन सकिन
मनको क्लेश दूर गरिदेऊ
अन्तर मनमा वास गरिदेऊ
यक्ष्ल मेरो पूरा गरिदेऊ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भावनाको कैदी

– दीर्घराज सापकोटा
बानेश्वर क्याम्पस

समयको चक्र घुम्दैछ । दिन, रात, हप्ता, महिना, ऋतु भएर समय बित्दैछ, शिशिरको कठोरतापछि वसन्त फेरि हरियाली बोकेर आउँछ । त्यही हरियालीमा रम्दै चखेवा जोडी चुच्चो जोरेर कुरा गरे जस्तै आज संसारको हरियालीमा सुमन र मीरा अन्तर हृदय खोलेर कुरा गर्दैछन् ।

सुमन– मीरा !, 'हजूर, ... के भन्न खोज्यौ तिमीले ?' मीराको प्रश्न सुमनलाई । सुमन अनुमती माग्छ र भन्छ- 'के माया गर्नु भूल हो त ?', 'अवश्य होइन' मीरा गम्भीरतापूर्वक उत्तर दिन्छे । (यसपछि शिर झुकाएर कल्पना गर्न थाल्छे)

मीरा– 'हो ! माया गर्नु भूल होइन, पवित्र प्रेम जसले जसलाई गर्न पनि सक्छ, मायाँ स्वतन्त्रताको प्रतीक हो, यो कुनै जाति, धर्मसँग जोडिएको हुँदैन, न त यसलाई जोखन आज संसारमा कुनै तराजु नै बनेको छ। प्रेम कुनै भूल होइन, केवल यो त दुई आत्मालाई जोर्ने भावनाको पुल हो ।' सुमनको प्रश्नले मीरा यतिका कुरा सोच्न पुग्छे । किन आज उसको हृदय पिपलको पात जस्तै चञ्चल बन्न पुग्छ । यत्तिकैमा कलेजको घण्टी बज्छ, शिक्षक भित्र पस्छन् । दुवै कक्षामा पस्दछन् ।

यो रात मीरालाई निद्रा लाग्दैन, झल-झल आँखा अगाडि सुमनको त्यो हँसिलो मुहार, स्वच्छ भावना गिज्याउन लाग्छ, प्रश्न गर्छ त्यो छायाँ, 'माया गर्नु भूल हो ?' हृदयको कुना-कुनाबाट प्रेमका लहर जुर्मुराएर उठ्न खोज्छन् । समाल्न खोज्छे, समालिदैन । रोक्न खोज्छे, रोकिन्न । त्यो वेग प्रवल बनेर बग्न खोज्छ । ऊ उठ्छे, बत्ती बाल्छे । घडी हेर्छे, साँढे चार बजेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रहेछ। टेबुल माथिको कलम कापी झिक्छे, पत्र लेख्छे- दिउँसोको घटना सोचाई समेटेर।

त्यो पत्र ३ दिनपछि सुमनको हात पर्छ। हेर्छ, जाहे जस्तो, प्रफुल्ल हुन्छ। बगैंचामा रोजेको फूल टिप्न पाएको बालक जस्तो।

प्रति-उत्तर दिन्छ– 'म तिमीलाई जीवनमा साथ दिन्छु र जीवनमा दुःखमा बाँच्ने प्रेरणा र सुखमा हाँस्ने प्रेरणा पाउने अपेक्षा गर्छु इत्यादि कुरा समावेश गर्दै।

यो पत्र मीराको हात परेपछि ती दुवै प्रेमको बन्धनमा बाँधिन पुग्छन्।

दिन बिस्तारै बित्दै जान्छ। यदि कहिले समय पाइहाले भने ती दुई साथी-भाइका आँखा छलेर एकान्तमा बसेर कुरा गर्छन्। अनेक जालझेल र योजना बनाएर एक-आपसमा भेट भएर कुरा गर्ने, सिनेमा हेर्ने र प्रकृतिको सुन्दरतामा डुल्ने गर्छन्, कहिले ठट्टा गर्छन्, त कहिले गम्भीर भएर सोच्छन् आफ्नो भविष्यको बारेमा, त कहिले मिलन र बिछोडका कथा र कहानीको कुरा गर्छन्। उनीहरूको सम्वन्ध नजीक हुँदै जान्छ।

एकदिनको कुरा हो नारायणीको तिरैको नगरबनको एक वृक्षको तल सुमन र मीरा कुराकानी गर्दैछन्।

सुमन· मीरा !

मीरा– हजुर...

सुमन- मेरी हृदयकी रानी साँच्चि नै तिमी राम्री छ्यौ हैन ?

मीरा– मीरा भो हजुर खिसी गर्नु पर्दैन, आफ्नो लागि सबै आफू राम्रो हुन्छ, अनुहार राम्रा त म भन्दा कति छन् कति, प्रकृतिले जसलाई जस्तो दियो त्यो नै राम्रो, आफूले बनाएर बन्ने होइन क्यारे ! कोही पनि, फेरि अनुहार राम्रो भएर मात्र के गर्नु भावना र सोचाइ राम्रो छैन भने। म त अनुहारलाई भन्दा पवित्र आत्मालाई ठूलो मान्छु।

सुमन– तिमीलाई कसले सिकाउँछ यस्तो ज्ञानको कुरा ? साँच्चै मेरी रानी ! तिमी विदुषी पनि छ्यौ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मीरा– यस्तो सानो कुरा पनि कसले सिकाउनु पर्छ र सबैलाई थाहा भएको त हो नि ।

यसरी कुरा चल्दा-चल्दै सँगै बाँच्ने र सँगै मर्ने प्रण पनि गर्न पुग्छन् ।

यसरी प्रेमको चक्र चल्न थालेको पनि ३ वर्ष पुगिसकेछ । समयको बिडम्बना भनौ या कटुता यस्तै छ मीरालाई अचानक तल्लो पेट दुख्न थाल्यो, दिन प्रतिदिन उनीलाई बढी पीडा हुन लाग्यो । उनलाई डाक्टरसँग चेक अफ गराउँदा गर्भासयमा खराबी भएको र सल्यक्रिया गर्नुपर्ने भयो । यस समयमा सुमन बाहिर गएको थियो । डाक्टरको सल्लाह अनुसार उनको सल्यक्रिया (अपरेसन) भयो । अपरेसन पश्चात् डाक्टरबाट यो कुरा थाहा भयो कि; उनीबाट सन्तान हुने छैन । यो कुराले मीरालाई ठूलो आघात पुग्यो । उनको प्रेमको गोरेटोमा काँडा लागे जस्तो भयो । सुमनसँग झुक्याएर विवाह गरौं भने सुमनलाई धोका, सुमनले अर्को विहे गरे आफूलाई पनि धोका, नगरौं भने बाँचेको सार छैन । विश्वासघातको प्रतीक अनेक तर्क वितर्क मनमा आउँछ ठोस निर्णयमा पुग्न सक्तिन त्यसैं विरही छ ऊ आफ्नो दुर्भाग्यमा ।

६ महिनापछि सुमन घर फर्कन्छ, मीरालाई भेट्न खोज्छ । मीरा ऊसँग तर्कन खोज्छे, उसलाई प्रेमको बन्धनबाट छुट्कारा दिन खोज्छे । सुमनलाई यी सम्पूर्ण कुरा केही थाहा हुँदैन । मीरा उसको सामु देखा पर्न चाहन्न र भेटघाट गर्न चाहन्न कति खबर र प्रतीक्षालाई लत्याइदिन्छे । तर सुमन भने संकल्पमा दृढ छ । एकातिर गाउँघरमा पनि उनीहरूको सम्बन्ध बारे कानेखुशी चलेको र अर्कोतर्फ सुमनलाई घरबाट विवाह गर्न प्रस्ताव आएको कारणले सुमन मीरालाई भेट्न उसको घरमा जान्छ । मौकाले त्यसै दिन मीराको घरमा कोही थिएनन् ।

सुमन परबाट आउँछ । मीराको घरको दायाँ-बाँया हेर्छ कता-कता नजर कौसीमा पुग्छ । सुमनलाई देख्नासाथ मीरा, गहभरि आँसु लिएर छाती थिचेर मुस्कानको स्वागत गर्छे । दुबै जना चुपचाप एक-अर्कालाई हेरिमात्र रहन्छन् । मीराको आँखाबाट मोतीका दाना जस्ता आँसुका ढीका बरबर खसिरहेका छन् । स्वास लामो भएको छ । भावनाहरू छातीबाट एकैचोटि निस्कन खोज्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुमन प्रश्न गर्छ, 'किन मीरा तिमी आज गम्भीर छयौ ?

मीरा– 'समय र परिस्थितिले आज तिम्रो र मेरो नाता, सम्बन्ध र प्रेमहरूलाई टाढा धकेलेको छ। मानिस समयको दास रहेछ; कल्पना गर्नु, चाहनामा डुब्नु व्यर्थ रहेछ। हो म! नौरङ्गे पुतलीकोपछि अनेक इच्छा सङ्गालेर दगुर्ने बालकलाई ठेस लागेर जमीनमा लम्पसार परेर लडे जस्तै छु। हो! मलाई पनि जीवनको बाटोमा ठेस लागिसकेको छ, मेरो इच्छाको फूल झरिसक्यो। हरियाली सुकिसक्यो केवल अब काँडा मात्र बाँकी छ। ती काँडाहरू तिम्रो जीवनमा बिलाउन सक्छन्। त्यसैले म अनुरोध गर्छु तिमीलाई मेरो साथ छोडिदेऊ तिमीले सुमन' गम्भीर मुद्रामा मीराले भन्छिन्।

यस्तो कुरा सुनेर सुमन आत्तिदैं प्रश्न गर्छ, 'हैन के भो'र मीरा तिमीलाई ?' केही बेरसम्म मीरा अक्मक्क पर्छे। मुटु धड्किएर आउँछ, डाँको छुट्न खोज्छ। बडो संयमितपूर्वक आफूलाई समालेर मीराले आफूलाई परेका सम्पूर्ण घटना र डाक्टरले सन्तान हुन्न भन्ने कुरा भनेको पनि सुमनलाई सुनाउँछे र फेरि भन्छे, 'सुमन मजस्ती खोटी केटीसँग प्रेम गरेर उसलाई विवाह गरेर आफ्नो जीवन बर्बाद नगर। दाम्पत्य जीवनलाई विषालु नपार। म जस्ती बाँझी नारीलाई अपनाउन खोज्नु तिम्रो मुर्खता र दुवैको जीवन खल्लो हुने छ।

सुमन– वास्तविक प्रेममा त्यस्ता साना तिना कुराले केही असर पार्दैन। मानिसको त्याग र तपस्या नै संसारमा ठूलो हुन्छ। सिङ भएको जनावरको डरले घाँस खाने बाघ, सिनो खाने कुकुरभन्दा पनि तुच्छ हुन्छ। मैले वचन दिएको छु त्यसैले म तिम्रो लागि मर्न तत्पर छु, बरू साथ छोड्ने छैन। तब मीराले डाक्टरले दिएको सर्टिफिकेट देखाउँछे। सुमन आफ्नो दृढ संकल्पमा अडिग रहन्छ। यत्तिकैमा मीरा कोठाभित्र पस्छे र बाहिर आउँदा दुई वटा गिलास र एक सिसी ल्याएर टेबलमा राखेर सुमनसँग एक सर्त गर्छे; 'सुमन यदि तिमी साँच्चो प्रेम गर्छौ भने हामी दुई यस बोतलको विष पिएर पुनर्जन्ममा सफल प्रेम र स्वस्थ जीवनको कामना गर्दै आत्महत्या गरौं। तिमी मन्जुर छौ ?'

मीराको यस्तो सर्त सुनेर सुमन जवाफ दिन्छ म मन्जुर मात्र होइन तयार छु। यसपछि मीरा सुमनलाई हेर्दै त्यस तरल पदार्थलाई दुईवटा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बोतलमा खन्याउँछे र सुमनलाई पिउन संकेत गर्छे। सुमन निर्धक्कसँग पिई दिन्छ र मुस्कुराउँदै मीरालाई पिउन आग्रह गर्छ। मीरा पनि पिइदिन्छे। तर यो त विष थिएन ओरेन्ज स्क्वास थियो।

आफूप्रतिको सुमनको त्यत्रो त्याग देखेर मीरा लज्जित हुँदै जीवनमा सँगै बाँच्ने र एक-अर्काले सुख दुःखमा सहयोग गर्ने अठोट गर्दै आफू सुमनसँग विवाह गर्न मन्जुर भएको कुरा खुलाउँछे।

दुवैतर्फको घरायसी कुराकानी मिल्छ, विवाह हुने निर्णय हुन्छ। आफ्नो धर्म र संस्कृति अनुसार उनीहरूको विवाह सम्पन्न हुन्छ। विवाह पश्चात् उनीहरूको दाम्पत्य जीवन सन्तोषपूर्वक वित्त गइरहेको हुन्छ। षोडषी मीरा साँच्चै नै राम्री छे। अग्ली, गोरी, अनारका विया जस्ता मिलेका सेता दाँतका लहर, मिलेको छाती, छिनेको कम्बर, नीलो सारीमा नीलो ब्लाउज, हरियो पोते, सिउँदोमा सिन्दुर लगाएकी, उसले मुस्कुराउँदा प्रकृति नै मुस्कुराए जस्तो लाग्छ।

उनीहरूको दिनचर्या यसरी नै चलिरहेको थियो। केही दिन अघि देखि सुमनलाई छाती दुख्दै आएको र डाक्टरसँग चेकअफ गराउँदा एक्स-रे गर्नुपर्ने सल्लाह र एक्स-रेको रिपोट अनुसार डाक्टरले उसलाई फोक्साको क्यान्सरको शङ्का गरेको कुराले आज सुमन चिन्तित छ, यो कुरा ऊ आफ्नी प्राण प्यारी मीरालाई सुनाउँदैन, गोप्य राख्न खोज्छ। ऊ आज आफ्नो वेदना झोक्राएर विभिन्न कुरा मनमा खेलाउँछ, शङ्का उपशङ्का गर्न थाल्छ! 'के म अवश्य मर्छु त? म मरें भने त्यो अवला कसरी बाँच्ली? म विना त्यसको यस संसारमा अरू को छ र? हे भगवान कस्तो कस्तो दुर्दशा' यत्तिकैमा मीराले सुमनलाई खाना खानको लागि बोलाउँछे। साँझ परिसकेको थियो। सुमन जवाफ दिन्छ, 'मलाई आज खाना खान मन छैन 'तिमी खाउ, भोको नबस।' सुमनको कुरा सुनेपछि मीरा आग्रह गर्छे, 'हजूरले नखाई त मलाई पनि खानै मन लाग्दैन, अलिकति भए पनि खानुस् न।' मायालु स्वरमा उनी सुमनलाई खाना खानको लागि आग्रह गर्छिन्, त्यसैले आफ्नो प्रणय प्यारी मीराको त्यो स्नेहले भरिएको बचनलाई ऊ काट्न सक्दैन र गाह्रो मानी-मानी केही खाना खान्छ र विछ्यौनामा पल्टन्छ र मनमा अनेक कुरा सोच्न थाल्छ। मीरा खाना खाएर सबै काम सकेर वेडमा आएर सुत्छे,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निद्रामा पर्छें, आफ्नो श्रीमान्को यो पीर-मर्का उसलाई थाहा छैन किनकि सुमनले उनीलाई यो कुरा भनेको छैन।

सुमनलाई पटक्कै आज निद्रा पर्दैन, रात निकै बितिसकेको छ। उठ्छ, चारैतिर हेर्छ– सुनसान चकमन्न रात छ। किराहरूको एकोहोरो आवाजदेखि केही सुनिन्न। ऊ कल्पना गर्न थाल्छ. मीराको बारेमा, खुइय सुस्केरा हाल्छ। अझै सोच्छ, 'हरे बिचरीको जिन्दगी पनि कस्तो? खाउँ-खाउँ र लाउँ-लाउँ भन्ने वेलामा आफ्नो श्रीमान्को मृत्यु देखनुपर्ने। हे दैव! के लेखिस् यस्तो; म मरेर त्यो बिचरी बाँचेको ऊ कसरी सहन एक्ली बरू ऊ मरेर म बाँचेको भए म सहन सक्थे होला। म मरेपछि यो यस संसारमा ऊ कस्को मुख हेरेर बाँच्ली। छोरा-छोरी हुने भएको भए पनि त म मरे पनि छोरा-छोरीको मुख हेरेर त बाँच्ने बाटो हुन्थ्यो। हरे बिचरीले जीवनभरि नै दुःख पाउने भई। यसरी सोच्दा-सोच्दै ऊ पागल जस्तो बन्छ र जिरो बाटको रोसनीमा मीरालाई हेर्छ, नाकमा टल्केको पर्थ्यो र फूली गुलाबी गाला एक पटक चुमू जस्तो, झन् पागल जस्तो हुन्छ। ऊ कर्तव्य विमूढ हुन्छ। मानसपटलमा विषाक्त भावना भरिन पुग्छन् र सुमनको हात विस्तारै मीराको गलातिर बढ्छ र मनमनै सोच्छ– 'म अवश्य मर्छु। बिचरीले जिन्दगीभर दुःख पाउनेभन्दा बरू एकछिन् दुःख पाओस्। दुवै हातले जोरसँग घाँटी अठ्याउँछ। आफ्नो प्रियतमको हातबाट मर्न पाउँदा मिराले केही प्रतिक्रिया देखाउन्न। केही बेरपछि ऊ सुमनसँग विदा लिएर परलोकको लागि जान्छे।

त्यो जीवन छैन अब जहाँ भावना र विचार थियो, मीरा ह्वैन काँचुली मात्र बाँकी छ। ऊ सदाको लागि यस संसारबाट विदा लिन्छे। एकछिन्पछि सुमनको होस खुल्छ। विचारमा परिवर्तन आउँछ। ईश्वरले भनेको कुरा त असंभव हुन सक्छ भने के डाक्टरले भनेको कुरा असंभव नहोला? म मर्दिन कि? ऊ छाँगाबाट झरे जस्तो हुन्छ र चिच्याउँ– 'म मर्दिन उठ न मीरा! उठ' ऊ चिच्याउँछ। डाँको छोड्छ। जतातर्तै हल्लीखल्ली हुन्छ। सबै जना जम्मा हुन्छन्। पुलिस (प्रहरी) आउँछ। भोलिपल्ट विहान सुमनलाई हतकडी लगाएर जेलमा र मीराको लासलाई पोष्टमार्टमको लागि लगिन्छ।

पोष्टमार्टमबाट यो कुरा थाहा हुन्छ कि– मीरामा करीब ४० दिनको गर्भ रहेको थियो। दैवको खेल, भाग्यको लेखा यस्तै छ। सुमन मर्न डराउँथ्यो, तर मर्न चाहन्छ। सोचे जस्तो काल कहाँ आउँछ र चिन्तै-चिन्ताले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाड र छाला मात्र बाँकी छ। आज जेलमा बसेको १० वर्ष भइसक्यो। अब ऊसँग मीराको चिनो आँखामा आँसु र हातमा हतकडी मात्र बाँकी छ।

यी गीतहरू गाउँदै आज ऊ मृत्युलाई पर्खदै छ–

यो सम्झने मन छ म बिर्सु कसोरी
हे... तिमी नै भनिदेऊ छोडी जाने निष्ठूरी
तिमीले चुमेका यी औंला यिनै हुन्
तिमीले पुछेका परेली यिनै हुन्
यो सम्झने मन छ......
जहाँ म हिडें पनि धर्ती उहीं छ
पखाले आँखा पनि दृष्य उही।
यो सम्झने मन छ ——

भाग्यको लेखा समयको विडम्बना कसले जान्न सक्छ र यस्तै कुरा गरेर कहिलेकाहीं चित्त बुझाउँछ सुमन आज।

कुनै पनि कुराहरू असल वा खराब हुँदैनन्, खालि विचारले मात्र त्यस्तो बनाउँछ।

– सेक्सपियर

धेरै नजिकबाट शुरू नगरी तिमी धेरै टाढा जान सक्दैनौ।

– जन लक

एक थोपा मसीले लाखौं मानिसमा विचार उत्पन्न हुन सक्छ।

– बायरन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बसाईं उपन्यास : छोटो विश्लेषण

- केदार न्यौपाने

बसाई एउटा सामाजिक विषय वस्तुलाई अंगालेर लहराएको उपन्यास लता हो। यसमा औपन्यासिक बिचित्रताको जादू गरी विशेषताभन्दा यथार्थताले परिपूर्ण स्वाभाविक वर्णन र सामाजिक शोषणको दारुण कथा पाइन्छ। आर्थिक विपन्नता र भावनात्मक विद्रुपता नै यस उपन्यासका जीवन्त धारहरू हुन्। यो उपन्यास रंगी विरंगी उपन्यास वाटिका होइन वसन्तको पूर्वाभाससँगै फक्रने आरूको दोरंगी फूल हो। यसमा कतै सामाजिक परिवर्तनको रातो रंग फक्रेको र कतै आदर्श भावनाको सेतो रंग फुलेको पाइन्छ। यसमा आधुनिक विचार, धारणा र मान्यताहरू नफक्रँदैको परम्परागत संस्कारमा अवस्थित नेपाली ग्रामीण समाजको रंग पोतिएको देखिन्छ। गाउँका टाठाबाठामा गनिने फटाहाहरूले सीधासाधा गरीवहरूलाई सकेसम्म दुख दिएर उनीहरूको बास उठ्ठा गराएको यथार्थ अवस्था यसमा देखाइएको छ। यस उपन्यासको मूल पात्र धने आफ्नो आर्थिक अवस्थामा सुधार गरी आफ्ना सामान्य आवश्यकताहरू पूरा गर्न चाहन्छ तर त्यस विकट पहाडी ग्रामीण समाजमा अर्थ आर्जनका प्रभावकारी विकल्पहरू त छैनन् छैनन्, पुरानै व्यवसायमा पनि उचित प्रोत्साहनको व्यवस्था छैन। भैंसी पालेर केही पैसा जम्मा गरी आफ्नो गलजो टार्ने र रिनबाट उक्सने धनेको सपना माटामा मिल्छ। त्यस पछि साहूको खेत कुतमा कमाई नाफा गर्ने प्रयत्न गर्छ। त्यसको लागि गोरु चाइएकोले गाउँकै साहूसित गोरु किन्ने रिन खोज्छ। घरबारी डिकमा राखी लिएको रिन बढ्दै जान्छ। खेती सप्रँदैन। गाउँका शोषकहरूको थिचो मिचो सही सक्नु छैन। यिनका दुर्व्यवहारको कारण उसले शाश्वत सामाजिक न्यायको उपभोग गर्न पनि पाउँदैन। सिचाइको सर्वसुलभ प्रवन्ध नभएकोले पानीको पालो पर्खंदा पनि उसले पानी लाउन पाउँदैन ऊ निमुखो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्यक्ति, 'जो होचो उसैका मुखमा घोचो' भने झैं उसलाई नै अर्घेलो देखाइन्छ। ऊ स्वाभिमानी भएको कारणले अन्यायको प्रतिवाद गर्छ, अन्यायको विरुद्धमा बोल्छ, भिड्छ उसको यस्तो साहस अनुदार शोषकहरूलाई असह्य हुने नै भयो। "के निहु पाऊ र कनिका बुक्याऊँ" भन्ने दाउ हेरिरहेका जाली फटाहाहरूले एक पछि अर्को अत्तो थाप्तै धनेलाई फसाउँदै जान्छन् र अन्तमा भाकामा पैसा बुझाउन नसकेको निहु पारी धनेलाई बसाईं सर्न विवश पार्छन् यसरी यस उपन्यासमा सामाजिक शोषणको नाङ्गो चित्रण गरिएको छ। शोषणको पराकाष्टा देखाइएको छ।

बसाईंमा धनबहादुरको भौतिक शोषण मात्र भएको होइन परिश्रमको अपहरण भएको छ र उसको भावनात्मक शोषण पनि भएको छ। उसको प्रतिष्ठामा आघात पुऱ्याएको छ। तर यस्तो अवस्थामा पनि ऊ गंभीर छ, उसको स्वाभिमान डग्दैन। बस ऊ विदेशिन तयार छ, तर आपनो स्वाभिमान बेच्न सक्दैन। आर्थिक शोषण र रिकुटेका स्वार्थी प्रेमले उसलाई बसाईं सर्न बाध्य पारेका छन्। झुमाको अल्लारे भावुकप्रेमको नाजायज फाइदा उठाउँदै उसको पवित्रता बिटुल्याई उसको कौमार्य अपहरण गरेर रिकुटेले स्वार्थी प्रेमको जंगली स्वरूपलाई देखाएको छ। वासनात्मक प्रेमको भोको रिकुटे विश्वास, त्याग, समर्पण जस्ता मानवीय मूल्यलाई कलंकित पार्ने उदाहरण बन्न पुगेको छ। त्यसैले रिकुटेमा नायकमा हुनु पर्ने गुण छैन। रिकुटे खल नायक हो। ऊ खल नायकको भूमिकामा पनि आदिदेखि अन्तसम्म सक्रिय छैन, बरू बहिदार नन्दे आदि शोषकहरू जीवन्त जस्ता देखिन्छन्। यिनले मोटे कार्कीका प्रत्येक रचनात्मक क्रिया कलापमा अवरोध हालेका छन्। त्यस्ता शोषकहरू यहाँ पर्दा भित्रबाट दुष्टयाईंको प्रदर्शन गर्न सक्रिय छन्। यिनको अनुहार उपन्यासमा कम देखिन्छ तर यिनका कुकृत्यको असर भने उपन्यास भर व्याप्त छ। यिनीहरू दृश्य अदृश्य जुनसुकै अवस्थामा रहेर पनि उपन्यासमा प्रतिद्वन्द्वी भूमिका पूर्ण गर्न समर्थ छन् र बसाईं उपन्यासको सार्थकता यिनको सशक्ततामा गाँसिएको छ। प्राकृतिक दुर्नियति भन्दा पनि शोषणको रापले आर्थिक विपन्नताबाट क्षतविक्षत भएका धनेका घाउको पीडा चर्काउने नून चुकको काम रिकुटेबाट हुन्छ। यो प्रसङ्ग बसाई उपन्यासको सार्थकतामा सहयोगी भएको छ। यो उपन्यासको केन्द्रीय प्रवाहको एउटा भँगालो हो। यसले मूल कथाको एकाग्रतालाई थोर बहुत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विचलित गरेन भन्न सकिदैन, तापनि यो प्रसङ्ग उपन्यासको उद्देश्यसँग सम्बन्धित छ। उपन्यासमा विश्रृङ्खलता ल्याएको छ, उपन्यास वृक्षको छुट्टै हागो फाटे जस्तो छ। यसलाई प्रासङ्गिक कथावस्तुका रूपमा स्वीकार गर्न सकिन्छ।

मोटे कार्कीमा भावुकता र कोरा आदर्शको बाहुल्य पाइन्छ। उसका प्रेममा एकोहोरोपन भेटिन्छ, एक किसिमको मूक प्रेमी। उसको यस्तो प्रेममा अस्वाभाविकता मात्र होइन कृत्रिमता पनि पाइन्छ। करिब करिब आधा वैंस झुमाकै सरसंगतमा बिताएको मोटेले झुमालाई रिझाउने त कुरै छोडौ झुमासँग आफ्नो मनको इच्छा प्रकट गर्न पनि सक्तैन। घनेसँग राम्रो सम्बन्ध भएको मोटे कार्कीले घनेलाई आफ्नो मनको गाँठो फुकाएको भए पनि त हुँने थियो नि ! यस दृष्टिकोणले हेर्दा उसमा साहस देखिदैन। उसमा बोधोपनको झलक पाइन्छ। रिकुटेले झुमालाई फसाउन, लागेका कुराको लख काटेर पनि घनेले झुमालाई त्यसबाट जोगाउन सकेन। आखीरमा जब झुमाको कौमार्य लुटियो, झुमा ठगिई। उसले भुँडीबोकी र समाजको अगाडि कलंकित भई। त्यस बखत मोटे कार्कीले झुमालाई सजिलै स्वीकार्छ। मोटे जस्तो विद्रोही आचरण नभएको व्यक्तिले एकै चोटि आफूलाई तिल भर सहानुभूति नराख्ने केटीलाई स्वीकारी आफ्नो सर्वस्व त्याग्नु आफ्नो भए भरको प्रतिष्ठा गुमाउनु कोरा आदर्श मात्र हो। यहाँ मोटे कार्कीका त्याग र समर्थनको, निस्वार्थ प्रेमको कदर गर्न सकिन्छ तर यथार्थमा यस्तो हुँदैन। यहाँ मोटे कार्कीको साहसले चारित्रिक विरोधाभासलाई देखाउछ। अत: मोटे पनि यस उपन्यासको आदर्श नायक होइन। यो एउटा सहयोगी पात्र हो। उपन्यासलाई आदर्शको मार्गतिर डोऱ्याउने उद्देश्य पूरा गर्न आउने सहनायक हो यसको मुख्य नायक घने हो। यसका आदर्श प्रेमी प्रेमिका घने र मैना नै हुन्। झुमाको प्रेम ज्यादै अल्लारे एवं भावुक छ। रिकुटे स्वार्थी छ। ऊ वासनाको भोको, धोकेबाज छ। मोटे कार्कीको प्रेममा व्यावहारिकता पाइदैन। घने र मैनाको प्रेम घात प्रतिघातले परिपाक भएको छ, व्यावहारिक छ। उनीहरूका प्रेममा एक अर्को प्रतिको समर्पण भाव छ र सुख दुखका अनुभूतिले अभिसिंचित छ। शैलीका दृष्टिकोणले पनि यो उपन्यास सरस शैलीको उपन्यास हो। भाव र भाषा दुवैमा यसभित्र सरलताको निर्वाह भएको पाइन्छ। गाउँ–समाजको अघोर माया हुँदा हुँदै पनि आर्थिक विपन्नताको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कारणले र जाली फटाहाहरूका थिचो मिचोका कारणले कतिपय गरीवहरू आफ्नो जन्मभूमिमा आफू सुकुम्बासी भएका छन् । आफ्नो आस्थाको मन्दिरबाट लगारिएका छन् । विवशता पूर्वक सर्न वाध्य भएका छन् भन्ने वैचारिक आधार यसमा स्पष्ट देखिन्छ । सरल छोटा छोटा वाक्यहरूले भाषाको सरलतालाई झल्काएको देखिन्छ । यसमा प्रकृतिको स्वाभाविक चित्रण गरिएको छ । दृश्य, संवाद र पात्रहरूको बोली चालीमा नाटकीयता ल्याइएको छ । ठाउँ ठाउँमा परेको भावमय सरल शैलीले पाठकहरूको मन लोभ्याउछ र उनीहरूलाई संवेदित पार्छ । पूर्वी नेपालको ग्रामीण समाजमा प्रचलित रहन–सहन थेगो आदिले उपन्यासलाई आंचलिक बान्की दिएको छ । यो उपन्यास नेपाली समाजको साहित्यिक धरातलमा अंकुरित एउटा रहर लाग्दो गुलावको बोट हो, जसले हजारौं हजार सौन्दर्य पारखी युवायुवतीहरू-लाई प्रेरित गर्ने भावमय कोपिलाहरूको संकेत गरी त्यससँगै जन्मजात टाँसिएर आउने जीवनको त्रासदीय अवस्थालाई झल्काएको छ, दुष्टताका कीराहरू र आर्थिक विपन्नताका काँडाहरू तेर्स्याएको छ ।

परिस्थितिहरू मनुष्यभन्दा पनि धेरै शक्तिशाली हुन्छन् ।

– जवाहरलाल नेहरू

संसारले महापुरुष खोज्छ, महापुरुषले संसारलाई होइन ।

– कालिदास

शिक्षा चैतन्यरूपको एक नियन्त्रण प्रक्रिया हो, जसद्वारा व्यक्तिको व्यवहारमा परिवर्तन आउँछ र व्यक्तिद्वारा समाजमा ।

– ब्राउन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Economic Strategy in Nepal; Some Thoughts

- Dr. Parashar Koirala

The product marketing is a strategy for optimization of productivity. Whatever be the ownership equation structure in economics enterprise, it gets ineffective since it overlooks the process for consumer satisfaction. In economic activities, right from investment to ultimate consumers, all economic parties are equally important and closely tied for a required result. The disorder of any unit significantly effects the other. It in itself is a check and balance system happening in the free market economy.

The result in Eastern Europe is a cause of underestimation of customers. It means, the mass production approach of developmental economics in socialist countries could not be pragmatic as a progressive model for economic development. Japan and South Korea, on the other hand, through their consumer satisfaction process in a competitive environment, are in the forefront of industrial nations. Korea managed to develop so much in only thirty years. The market is fully established there. The developing nations like India, and Nepal, under the mixed economic structure could not keep the economic track properly and effectively. The position of industrial sector in Nepal is pitiable. During the 30 years of planned development, it could not contribute more than 6 percent to the national economy.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

The reason behind this slow growth is the cultural factors being polluted by incomplete industrial policy, excessive government control, absolute bureaucratic management and an absence of politically committed leaders during the panchayat system. No one thought it his duty to have any political and economic commitment. Power corridors enjoyed a lot on economic activities. No development effort tried to correspond to the rural needs. Nor were their resources stimulated through industrial activities. They remained untouched during the panchayat regime.

People, at every walk of life, expected their innumerable hopes and imagination to be fulfilled by the Nepali Congress government. How far the government would deliver the goods to close up with those hopes is a matter of challenge at each economic step right from a supply of essential commodities at a reasonable price in a right place to a preparation of basic economic structure directed towards a self-reliant economy. A delivery of needs and wants to each level of market and a resource management at each corner of the country require a right channel which was never thought essential before. So the development efforts to the economic enterprises up to this date could not produce a significant result.

In the name of employment opportunity, economic enterprises used to create jobs beyond their capacities. As a result, overstaffing and other malpractices followed in a geometrical progression. However, a high speed management technology was introduced fast to these enterprises as a demand of the time. It neither reduced the corporate cost nor increased the productivity of the enterprises. It is giving nothing but an atmosphere of idle hours to the personnel involved.

In the same way, the policy framed for industrial development did not represent the need of the people at

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

the village level. Nor could it attract the multinational houses in Nepal. A limited number of assembling enterprises under joint venture could come in the name of foreign collaboration with a minimum (about 15 percent) value adding strength. An open door policy for industrial sector in principle is not effective unless it is co-ordinated by the implementation sector. The government, if necessary, will have to request multinational entrepreneur for an enterprise in the country. The founder and chairman of 'SONY', Mr AKIO MORITA was personally requested for a Sony plant in London by Prince Charles. It was not immediately materialized but it did have a positive effect. Similarly, the request of the Russian Government was immediately refused, says the founder & chairman of SONY in his book "Made in Japan". Panchayati workers and leaders had no such commitment and vision to materialize the economic policy in the country.

The industrial policy did not specify the public sector in the economy. Its functions and activities, however, are competitive with the private sector specially to cottage and village enterprises. Large houses under the private sector approach the market aggressively. The protections and privileges provided in the industrial policy are enjoyable to large houses. As a result, technologies lying at the country will in no way survive any more. The village entrepreneurs are not strong enough to handle the necessary programmes effectively. The government support to their favour is negligible. Large houses even when enjoying different privileges could not be successful in their strategies. It is because of the total lack of knowledge of consumer needs. The cottage industry, on the other hand, is seeking promotional services in product marketing activities along with other privileges. So both sectors of the industry should be effectively structured in industrial equation for industrialization. Proper economic

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

exchange between the regions can be possible through this kind of government policy.

The government itself is not clear about its policy and involvement in the industrial sector. It has a wide coverage in product area and dominating participation in economic enterprises. Such as shoe-making is a most common technology easily handled by lower income entrepreneurs and has been operating under the public sector for twenty six years without any diversification of its activities. Similarly, the brick and tile factories, Surkhet Wood Industry, National Trading Limited, Gorkhapatra Sansthan, Tea Development Corporation, Cotton Development Board, hotel business, etc are some other examples. In essence, public enterprises alone form the industrial sector in Nepal. They are autonomous in name, not in function. The composition of the board of directors of these enterprises is such that it represents the different ministries and departments not on the basis of expertise but by quota system. Boards do not carry the expertise of professionals, academicians & experienced individuals who can understand the culture and value to the need satisfying process. The board members representing the government bureaucracy are more hierarchy conscious than the subject matter concerned. This board structure discourages the members to be participative equally at a resolution. Except following the chairman, there is no other way-out left in this regard. In this way, the chairman remains all in all in the public enterprise.

Since the board is a bureaucratic jumble, no dynamic decision is expected. It is rather more protective and time-taking which slowly increases the corporate costs and makes the product very costly to the consumers. The situation is further aggravated if the General Manager too represents the bureaucracy. A heavy loss in the public

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

sector during the panchayat regime is a result of bureaucratic jumble in the decision-making process. It is not a loss occurred by a product at subsidy to the consumers. Nor the corporate culture in these institutions is respectful. It is a result of exploitation of internal and external environments. The board members and even the ministries enjoyed a lot on the cost of enterprises. This system was so culturally cemented in power equation that a disorder could cause a very dire consequence. The potential entrepreneurs got a poor impression from this working mechanism and was afraid of taking part in the industry. They were involved more in the export and import business for immediate profit. Since the later part of the panchayat regime, most businessmen with immediate profit objectives extended their activities to industrial ventures. They are mostly in assembling enterprises of high profit margin. A very few enterprises like beer, liquor, biscuits etc, in small scale fall under the private sector and have basic processing in operation. These enterprises do not stand as an auxiliary to one another but as a competition with others with high promotion expenses on their heads which is against the code of marketing promotion. A delivery of product and services does not mean high price to the consumers and more profit to the company.

